अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ । यसले भाषाको वाक्यभन्दा माथिल्लो प्रयोगविस्तारलाई जनाउँदछ । यसैले सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरूपको अध्ययन हो । यो विभिन्न रूपमा विकास हुँदै गएको भेटिन्छ । त्यसैले यसलाई पहिले संवाद विश्लेषणका रूपमा चिनिन्थ्यो भने अहिले आख्यान विश्लेषणका रूपमा चिनिन थालेको छ । सङ्कथन विश्लेषणमा कथ्य भाषा, साङ्केतिक भाषा तथा लेख्य भाषामा भएका अभिव्यक्तिहरूको अध्ययन हुन्छ र कथ्य, लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने प्रयुक्तिहरूको समायोजन यस्ता सङ्कथनमा कसरी हुन्छ र भएको छ त्यसको पनि अध्ययन हुन्छ । यसमा उच्चारणको विशिष्ट ढाँचासहित शब्दचयन, वाक्य संरचना र आर्थी अभिव्यक्तिका साथै भाषिक व्यवहारको समेत अध्ययन गरिन्छ । यसर्थ सङ्कथनमा ससाना मुक्तक अभिव्यक्तिदेखि लिएर बृहत्तर भाषिक पाठको समेत विश्लेषण हुन्छ । यसैले सङ्कथनमा कथ्य रूपमा गफ, कुराकानी, संवाद, विवाद, छलफल, गाली, अन्तर्वार्ता आदि र लेख्य रूपमा कथा, उपन्यास, नाटक, निबन्ध, महाकाव्य आदि कुराहरूको अध्ययन गरिन्छ ।

सङ्कथन विश्लेषणमा अनुच्छेद र परिच्छेदलाई सङ्कथनको एकाइ मानिन्छ । एउटा सङ्कथनभित्र एक वा अनेक परिच्छेद हुन्छन् भने त्यस्ता परिच्छेदमा एक वा एकभन्दा बढी अनुच्छेद हुन्छन् । त्यसैले रूप, पद, पदावली, उपवाक्य र वाक्य व्याकरणका पक्ष हुन् भने अनुच्छेद, परिच्छेद र समग्रकथन सङ्कथनका पक्ष हुन् । सङ्कथन विश्लेषण भाषाको पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । त्यसैले प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखाको रूपमा यसको विकास हुँदै आएको छ । यसले भाषाविज्ञानका क्षेत्रमा सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञानको अध्ययनले यसको सैद्धान्तिक आधार र अध्ययन पद्धतिको विकासलाई प्रभावित पारेको छ । त्यसैले सङ्कथन विश्लेषण भाषाविज्ञानको विकासशील विधा हो ।

सङ्कथन विश्लेषण भाषाको माथिल्लो एकाइ हो । यसले कुनै पनि घटनाको सम्पूर्ण पक्षको संरचनागत अध्ययन गर्दछ । त्यसैले सङ्कथनलाई पूर्ण एवम् सिङ्गो एकाइ मानिन्छ । सङ्कथन विश्लेषणमा गफ, कुराकानी, संवाद, विवाद, अन्तर्वार्ता आदि कथ्य रूप हुन् भने कथा, उपन्यास, नाटक, निबन्ध, महाकाव्य आदि लेख्य रूप हुन् । यी कथ्य र लेख्य

रूपको विश्लेषण सङ्कथनमा गरिन्छ । सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धन दुईवटा युक्तिको प्रयोग गरेर कुनै पनि भनाइ वा घटनाको विश्लेषण गरिन्छ । यसरी विश्लेषण गर्ने क्रममा पहिले संवाद विश्लेषणको रूपमा सङ्कथनलाई चिनिन्थ्यो भने अहिले पाठ विश्लेषण र आख्यान विश्लेषणको रूपमा सङ्कथन विश्लेषणलाई चिनिन्छ । यसरी अध्ययन गर्ने क्रममा नेपाली साहित्यमा उदाएको उपन्यासहरूमध्ये 'भ्रमर' उपन्यासमा पनि एउटा वास्तविक रूप देख्न सकिन्छ । त्यसैले उक्त उपन्यासमा प्रयोग भएका युक्तिहरू सम्बद्धक र सम्बद्धनको अध्ययन सङ्कथन विश्लेषणमा गरिएको छ ।

सङ्कथन विश्लेषणअन्तर्गत भाषा र अर्थको खोजी गरिन्छ । यसरी भाषाअन्तर्गत भाषिक सम्बद्धकहरू सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक, लोप, निपात, पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी आदि सम्बद्धकको खोजी गरिएको छ । यसरी अर्थ पक्षअन्तर्गत कार्य कारण, कारण कार्य, परिणामबोधक, सामान्य विशिष्ट, विशिष्ट सामान्य, परिवेश घटना, घटना परिवेश, व्यतिरेकी तुलना, स्मरणको सम्बन्ध, स्पष्टोक्ति, आर्थी पर्याय, आर्थी विपर्याय, प्रयोजन, अनुमान, परिचयात्मक, व्याख्यात्मक, रीतिबोधक, अनुक्रमबोधक, प्रश्नोत्तर, प्रश्नार्थगत, पुनरुक्ति, समुच्चयबोधक, युगपदबोधक र आज्ञार्थक सम्बन्ध जस्ता सम्बद्धनहरूको खोजी गरिएको छ । यसैले 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरूको प्रयोग भएको छ की छैन भनेर अध्ययन गर्नु वर्तमान समयमा महत्त्वपूर्ण देखिन्छ ।

## १.२ समस्याकथन

कुनै पनि विषयको योजनाबद्ध, तर्कपूर्ण र व्यवस्थित तरिकाले गरिने खोजी कार्य नै अनुसन्धान हो । यसैले अध्ययन वा अनुसन्धान गर्ने क्रममा समस्या अनिवार्य रूपमा आउने गर्दछ । शोधकर्ताले कुन विषयमा शोधकार्य गर्ने हो सम्बन्धित विषयको मुख्य समस्या पहिल्याउन आवश्यक हुन्छ । यसरी समस्यालाई पहिल्याएर मात्रै शोधकार्यलाई सहज रूपमा अगाडि बढाउन नसकिने हुँदा शोध समस्याको पहिचान गर्नु महत्त्वपूर्ण कार्य हो । शोधकार्य गर्नु भनेको कसैले नगरेको कुनै पनि विषयवस्तुमा आधारित भएर त्यसको तथ्यपूर्ण अभिव्यक्ति पत्ता लगाउनु हो । यसरी गरिएको शोधकार्यमा समस्याकै आधारमा उद्देश्यहरू तयार गरी शोधकार्य अगाडि बढाइएको हुँदा समस्यालाई विशिष्ट बनाइएको छ ।

प्रस्तुत शोधको मुख्य समस्या प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखा सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेको छ । यस शोधको मुख्य समस्याका रूपमा 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गर्नु हो । यसरी विश्लेषण गर्ने क्रममा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार के हो ?, 'भ्रमर' उपन्यासमा के कस्ता सम्बद्धक र सम्बद्धनहरूको प्रयोग गरिएको छ ? र 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण कसरी गर्न सकिन्छ ? भन्ने कुराहरूको विश्लेषण गरिएको छ । अतः उपन्यासकार रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरिएको प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) 'भ्रमर' उपन्यासमा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

(ख) 'भ्रमर' उपन्यासमा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ?

(ग) उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोध गर्नु भनेको उद्देश्यसँग सम्बन्धित शोध समस्याहरूको प्रमाणित गर्नु अथवा समाधान गर्नु हो । त्यसैले शोध समस्याले शोधकर्तालाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले समस्याहरूको समाधान गर्ने बाटो देखाउँदछ । 'भ्रमर' उपन्यासको शोधकार्य गर्ने क्रममा आएका समस्याहरू सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार के हो ?, उक्त उपन्यासमा के कस्ता सम्बद्धक र सम्बद्धनहरूको प्रयोग गरिएको छ ? उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको सान्दर्भिकता के छ ? भन्ने कुरालाई शोधकर्ताले शोधको उद्देश्यमा विश्लेषण गर्न सकिन्छ । यसरी समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूमा केन्द्रित भएर प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको पहिचान गर्नु,

(ख) 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धनहरूको पहिचान गर्नु,

(ग) उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि विषय क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानको सम्बन्धित क्षेत्रमा महत्त्व हुने गर्दछ । त्यसैले कुनै पनि कार्यको सुरुवात गर्ने क्रममा त्यसकार्यले कुन क्षेत्रमा कस्तो सहयोग पुऱ्याउँछ र लाभदायिक हुन्छ भन्ने कुरा अध्ययन गर्ने विषयसँगको उपलब्धिले व्यक्त गर्दछ । त्यसैले अध्ययन गर्ने क्रममा अध्ययन गर्ने विषयले यथार्थता पुष्टि गर्दछ । यहाँ 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषणमा शोधकार्य गरिएकाले यस शोधले केही मात्रामा भावी अध्ययन तथा अनुसन्धान गर्ने व्यक्तिहरूलाई आवश्यकताअनुसारको उपलब्धि प्रदान गर्दछ ।

सङ्कथन विश्लेषण वाक्यभन्दा माथिल्लो भाषिक एकाइ भएको हुनाले यसमा अनुच्छेद र परिच्छेदको बारेमा कुनै पनि कथा, उपन्यास, निबन्ध, नाटक, महाकाव्य, संवाद, मनोवाद, आदिको व्याख्या विश्लेषण गर्ने गरिन्छ । यसरी व्याख्या विश्लेषण गर्ने क्रममा रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासलाई आधार बनाई सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको प्रयोग के कति मात्रामा भएको छ भनेर केलाउने कार्य गरिएको छ । यसरी 'भ्रमर' उपन्यासभित्र रहेका विभिन्न घटकहरूको बारेमा सम्बद्धकको प्रयोगका दृष्टिले र सम्बद्धनको प्रयोगका दृष्टिले केलाउने कार्य गरिएकाले यसरी गरिएको शोधकार्य एउटा महत्त्वपूर्ण पाटो मानिन्छ । 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको दृष्टिले उपन्यास के कति उपयुक्त छ भनेर केलाउने कार्य पनि गरिएको छ ।

नेपाली साहित्यमा रहेका विभिन्न विधाहरूमध्ये आख्यान विधाका रूपमा रहेको उपन्यास पनि महत्त्वपूर्ण विधा हो । अहिलेको समयमा नेपाली साहित्य जगत्मा उपन्यासको बिगबिगी हुन थालेको अवस्थामा पहिले नै एउटा प्रवासमा बसेर नेपाली साहित्यमा 'भ्रमर' जस्तो उपन्यास रचना गरेर उपन्यासको क्षेत्रमा स्वच्छन्दतावादी धाराको जग बसाल्ने उपन्यासकार रूपनारायण सिंहको 'भ्रमर' उपन्यास एउटा उत्कृष्ट उपन्यास मानिन्छ । यस उपन्यासमा सङ्कथनका युक्तिहरू सम्बद्धकअन्तर्गत सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक, लोप, निपात, पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी सम्बद्धकको प्रयोग भएको छ । सम्बद्धनअन्तर्गत कार्य कारण सम्बन्ध, कारण कार्य सम्बन्ध, परिणामबोधक सम्बन्ध, सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, परिवेश घटना सम्बन्ध, घटना परिवेश सम्बन्ध, व्यतिरेकी सम्बन्ध, आर्थी पर्याय सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध, स्मरणको सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, अनुमान सम्बन्ध, परिचयात्मक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध,

प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, पुनरूक्ति सम्बन्ध, युगपदबोधक सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध र आज्ञार्थक सम्बन्धको प्रयोग भएको छ । यसैले रूपनारायण सिंहको 'भ्रमर' उपन्यासमा अहिलेसम्म कसैले पनि सङ्कथन विश्लेषण नगरेको हुनाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययन वा अनुसन्धान गर्दा अध्ययनको क्षेत्र र सामग्रीको आवश्यकता अनुसन्धानका क्रममा व्यापक हुन्छ । यसलै अध्ययनका क्रममा सम्पूर्ण पक्षलाई समेट्न नसकिने हुँदा अध्ययन गर्ने विषय क्षेत्रलाई व्यापकता र गहिराइबाट घटाएर सीमित गर्नुपर्ने हुन्छ । अध्ययन गर्ने क्रममा अध्ययनको विषयवस्तुलाई सीमित नगरेर व्यापक र फराकिलो बनाउन खोजेमा त्यस्तो अध्ययन वा अनुसन्धान कहिलै नटुङ्गिने हुनसक्छ । त्यसैले अध्ययनको क्षेत्रलाई निश्चित सीमाभित्र बाँधेर अनुसन्धानलाई विचलित हुन नदिनको लागि अधययनको सीमा अपरिहार्य मानिन्छ । सङ्कथन विश्लेषणअन्तर्गत कथ्य र लेख्य सङ्कथन, सम्बद्धक र सम्बद्धन र सङ्कथनका तत्त्वहरू प्रस्तोता, बोद्धा, माध्यम, सूचनाको स्वरूप, कोड र परिवेश हुन्छन् । यी सबैको एकैपटक अध्ययन गर्न नसकिने भएको हुनाले 'भ्रमर' उपन्यासमा प्रयोग भएका सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका दृष्टिले अध्ययन गरिएको छ र सम्बद्धक र सम्बद्धनको सान्दर्भिकता केलाइएको छ । त्यसैले प्रस्तुत शोधलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत शोध रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोध 'भ्रमर' उपन्यासमा प्रयुक्त खास-खास वाक्यहरूको सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनको प्रयोगको स्थिति केलाउने कार्यमा मात्र केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत शोध पुस्तकालयीय अध्ययनमा आधारित रही 'भ्रमर' उपन्यास भाषाको विविध घटकमध्ये एउटा घटक सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययन निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

व्यक्तिवृत्त

अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, मनन गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०६८ : १२६) । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरु (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : २८) । यसरी पूर्वकार्यको समीक्षा गर्ने क्रममा पहिले भएका कुनै पनि सामग्रीहरूको सकारात्मक र नकारात्मक दुबै पक्षको समीक्षा गर्नु हो ।

अनुसन्धानलाई सजिलो र व्यवस्थित ढङ्गले अगाडि बढाउनको लागि पूर्वकार्यका सामग्रीहरूले सहयोग गर्ने गर्दछन् । शोधकार्य गर्नुभन्दा अगाडि कुनै पनि लेख, पुस्तक, शोध प्रतिवेदन आदिको पूर्वकार्यको समीक्षा गर्दा सम्बन्धित विषयमा कुन प्रयोजन र प्रकृतिसँग के कति मिल्दछ र कुन विधि अपनाइएको छ थाहा पाउन सकिन्छ । त्यसैले अनुसन्धान गर्ने क्रममा पूर्वकार्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पूर्वकार्यको अध्ययनबाट शोधकर्तालाई पृष्ठभूमिको बारेमा जानकारी हुने, समस्याको अवगत हुने, अध्ययन गर्न खोजेको विषयमा थप मार्गनिर्देशन हुने जस्ता विभिन्न त्रुटिहरूबाट जोगिनुका साथै मुख्य समस्या पत्ता लगाउनसमेत मद्दत पुग्दछ । यसरी विभिन्न किसिमका सम्बन्धित विषयसँग मिल्दोजुल्दो सामग्रीहरू अध्ययन गरेर तिनको समीक्षा गर्न सकिन्छ । त्यसैले सङ्कथन विश्लेषणसम्बन्धी हालसम्म अध्ययन गरिएका पुस्तक, लेख र शोधपत्रको अध्ययन गरी समीक्षा गरिएको छ :

### २.१.१ पुस्तक तथा लेख समीक्षा

अधिकारी (२०६५) द्वारा **सामाजिक र प्रायोगिक भाषाविज्ञान** भन्ने पुस्तकमा सङ्कथन विश्लेषणको परिचय, सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास, सङ्कथन विश्लेषणको महत्त्व, कथ्य र लेख्य सङ्कथन, सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बद्धन), सम्बद्धकका प्रकार, सङ्कथनका तत्त्वहरूको बारेमा चर्चा गरिएको छ । यीमध्ये सबै पक्षहरू

आवश्यक पर्ने र एकबिना अर्को पूर्ण हुनसक्ने आधार प्रस्तुत गरिएको छ । उक्त पुस्तकले प्रस्तत शोधका लागि सैद्धान्तिक आधार प्रदान गर्दछ ।

गौतम (२०६८) द्वारा 'रत्न बृहत् नेपाली समालोचनामा' **सङ्कथन विश्लेषण** भन्ने लेख प्रकाशित गरी सङ्कथनको अभिप्राय र क्षेत्र, सङ्कथन विश्लेषण पाठ विश्लेषणका रूपमा, सङ्कथनमा ध्वनिव्यवस्थाको अध्ययन, सङ्कथनमा संसक्ति व्यवस्थाको अध्ययन, यसमा व्याकरणिक र कोशीय वा शाब्दिक संसक्तिको बारेमा चर्चा गरिएको छ । सङ्कथनमा वाक्यव्यवस्थाको अध्ययन र अनुच्छेद व्यवस्थाको अध्ययनका बारेमा पनि चर्चा गरिएको छ । उक्त लेखले प्रस्तुत शोधपत्रलाई सहयोग पुऱ्याउँछ ।

भण्डारी र अन्य (२०६८) द्वारा **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम** पुस्तकको एकाइ दुईमा सङ्कथन विश्लेषणको परिचय, सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा, कथ्य पाठ र लेख्य पाठ, सम्बद्धन र सम्बद्धक, सम्बद्धकका प्रकार वा प्रकृतिहरू र सङ्कथनका तत्त्वहरू वक्ता/प्रस्तोता/लेखक, बोद्धा/श्रोता/पाठक, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड र परिवेशको बारेमा चर्चा गरिएको छ । यसमा सङ्कथन भन्नाले वाक्यभन्दा ठुलो भाषाको नटुक्रिएको एकाइ हो भन्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तकले सम्बद्धक प्रकारका आधारमा सङ्कथन विश्लेषण गर्न र निष्कर्षमा पुग्न सहयोग गर्दछ ।

घिमिरे (२०६९) द्वारा **सङ्कथन विश्लेषण परिचय र पद्धति** पुस्तकमा सङ्कथनको परिचय, सङ्कथन पाठ र सन्दर्भ, सङ्कथन विश्लेषणको परम्परा, सङ्कथन विश्लेषकहरू स्वरूप प्रकार्य विश्लेषण र भाषासन्दर्भ गरी दुई प्रकारका रहने कुरा उल्लेख गरिएको छ । सङ्कथनका मोडलहरूका बारेमा पनि चर्चा गरिएको छ भने विभिन्न सम्प्रदायका प्रयोग र विचारहरूको व्याख्या विश्लेषण गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधपत्रका लागि सैद्धान्तिक आधार प्रदान गर्दछ ।

ढकाल (२०६९) द्वारा **प्रायोगिक भाषाविज्ञान** पुस्तकको अध्याय नौमा सङ्कथन विश्लेषणको परिचय र परिभाषा, सङ्कथनका विशेषता, सङ्कथन विश्लेषणको परम्परा र विकास, सङ्कथनका प्रकार, सङ्कथनका युक्ति (सम्बद्धन र सम्बद्धक) रहेका छन् । यसैगरी सङ्कथनका तत्त्वहरूमा प्रस्तोता, प्रापक, माध्यम, सूचनाको स्वरूप, विषय, भाषिक सङ्केत र परिवेशको बारेमा चर्चा गरिएको छ । यसमा सङ्कथनको विशेषतालाई बुँदागत रूपमा

उल्लेख गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधपत्रका लागि सङ्कथन विश्लेषण गर्न थप योगदान पुऱ्याउँछ ।

पौडेल (२०६९) द्वारा **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू** पुस्तकको एकाइ दुईमा सङ्कथनको परिचय, सैद्धान्तिक अवधारणा, कथ्य सङ्कथन र लेख्य सङ्कथन, सङ्कथनका युक्तिहरू (सम्बद्धन र सम्बद्धक) पर्दछन् । सम्बद्धकअन्तर्गत सार्वनामिक, स्थानिक तथा कालिक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय र अन्य विचलन, समानान्तरता, अनुप्रासिक प्रयोग, तुकबन्दी, शब्दभण्डार जस्ता कुराहरूले पनि भूमिका खेलेका हुन्छन् भन्ने कुराको उल्लेख गरिएको छ । यसैगरी सङ्कथनका तत्त्वहरूअन्तर्गत प्रस्तोता/वक्ता, बोद्धा, माध्यम/मार्ग सूचनाको स्वरूप, शीर्षक/विषय, कोड र परिवेशको बारेमा चर्चा गरिएको छ । जसले प्रस्तुत शोधपत्रका लागि सैद्धान्तिक तथा विश्लेषणात्मक आधार प्रदान गर्दछ ।

पौडेल र पोखरेल (२०७१) द्वारा **सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग** पुस्तकको अध्याय एकमा सङ्कथनको परिचय, क्षेत्रहरू, पृष्ठभूमि र विकास, सङ्कथनका प्रकार कथ्य, लेख्य र साङ्केतिक रहेका छन् । यसमा आयामका आधारमा, पाठ विश्लेषणका आधारमा, सङ्कथन विशलेषणका पद्धतिहरू, सङ्कथनका तत्त्वहरू, सङ्कथका युक्तिहरू (सम्बद्धक र सम्बद्धन) रहेका छन् । सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय वा शाब्दिक दुई प्रकारका छन् । यसैगरी सन्दर्भ विश्लेषणका रूपमा सङ्कथन विश्लेषणअन्तर्गत भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भ रहेको छन् । अध्याय दुईमा सम्बद्धक व्यवस्थाका दृष्टिले एकान्त कथाको विश्लेषण गरिएको छ भने अध्याय तिनमा सम्बद्धनका दृष्टिले 'एकान्त' कथाको विश्लेषण गरिएको छ । यसैगरी अध्याय चारमा पाठमा अनुच्छेद व्यवस्था : सिद्धान्त र प्रयोग, अध्याय पाँचमा 'एकान्त' कथाको सन्दर्भपरक विश्लेषण, अध्याय छमा सङ्कथन विश्लेषण र संवाद र अध्याय सातमा सङ्कथन विश्लेषण र मनोवादको बारेमा चर्चा गरिएको छ । यस पुस्तकले प्रस्तुत शोधपत्रका लागि सम्बद्धक र सम्बद्धनका युक्तिहरूको परिचय दिन, तिनको विश्लेषण गर्न र निष्कर्षमा पुग्न थप योगदान पुऱ्याउँछ ।

यसरी पूर्वकार्यको समीक्षा गर्दा माथिका पुस्तक तथा लेखहरूमा सङ्कथनको परिचय, सैद्धान्तिक अवधारणाका साथै सङ्कथन विश्लेषणलाई भाषिक घटकका रूपमा लिइएको छ । सङ्कथनमा कथ्य र लेख्य सङ्कथन, सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धन र सङ्कथनका तत्त्वहरूको चर्चा गरिएको पाइन्छ ।

### २.१.२ शोध समीक्षा

पण्डित (२०७१) द्वारा **मैयाँ साहेब कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोध गरिएको छ । उक्त शोधपत्रमा प्रयुक्त सम्बद्धक पहिचान गरी तिनको स्थिति केलाउनु र सम्बद्धनको पहिचान गरी तिनको स्थिति केलाउनु जस्ता उद्देश्यहरू रहेका छन् । पुस्तकालयीय अध्ययनका आधारमा तयार गरिएको प्राथमिक स्रोतका रूपमा 'मैयाँ साहेब' कथा र द्वितीय स्रोतका रूपमा सङ्कथन विश्लेषणसम्बन्धी अन्य सामग्रीहरूलाई आधार बनाइएको छ । यसरी हेर्दा 'मैयाँ साहेब' कथा सङ्कथन विश्लेषणका दृष्टिले उपयुक्त रहेको छ । यस कथामा सम्बद्धक र सम्बद्धनका विभिन्न प्रकारहरू उपयोग भएका छन् भन्ने निष्कर्ष निकालिएको छ । त्यसैले उक्त शोधपत्रलाई अध्ययनको आधार बनाउन सकिन्छ ।

चालिसे (२०७१) द्वारा **सडकमा गान्धीहरु कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य 'सडकमा गान्धीहरु' कथामा प्रयोग भएका सम्बद्धक पत्ता लगाउनु र सम्बद्धनको पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । सामग्री सङ्कलनका रूपमा प्रमुख पुस्तकालयीय अध्ययन अपनाइएको छ भने सैद्धान्तिक आधारमा भाषावैज्ञानिक पद्धति अँगालिएको छ । यस कथालाई सङ्कथनका आधारमा विश्लेषण गर्दा सार्वनामिक, स्थानिक र संयोजक सम्बद्धकको अत्यधिक प्रयोग भएको पाइन्छ भने सम्बद्धनका दृष्टिले प्रभाव परिणाम, इन्द्रिय, विशिष्ट र सामान्य, अनुक्रमबोधक, व्यतिरेकी तुलना र घटना परिवेशको सम्बन्ध बढी प्रयोग भएको पाइन्छ । त्यसैले यो शोधकार्य सङकथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका दृष्टिले उपयुक्त रहेको छ भन्ने निष्कर्ष निकालिएको छ । त्यसकारण उक्त शोधपत्रलाई सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत शोधपत्रको आधार बनाउन सकिन्छ ।

बराल (२०७१) द्वारा **लाहुरी भैँसी कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा 'लाहुरी भैँसी' कथामा प्रयुक्त संसक्तिहरूको पहिचान गर्नु, संयुक्तिहरूको स्थिति केलाउनु, संसक्ति, संयुक्ति र सन्दर्भका दृष्टिले कथाको विश्लेषण गर्नु र उक्त कथामा सन्दर्भन प्रयोगको स्थिति केलाउनु उद्देश्य राखी अध्याय सातसम्म विभाजन गरिएको छ । उक्त शोधकार्यमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यसमा पाठलाई सन्दर्भपरक कोणबाट विश्लेषण गरिएको पाइन्छ । प्रस्तुत शोधमा बढी व्याकरणिक संसक्ति (निपात र संयोजक) को प्रयोग भएको पाइन्छ र कम कोशीय संसक्ति (सन्निधान) को प्रयोग भएको पाइन्छ भने संयुक्तिअन्तर्गत सबैभन्दा बढी शीघ्रताबोधक सम्बन्ध पन्ध्र

ठाउँमा प्रयोग भएको छ भने कम निहितार्थ सम्बन्ध एक ठाउँमा मात्र प्रयोग भएको पाइन्छ भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रमा संसक्ति र संयुक्तिहरूको पहिचान गरी तिनको स्थिति केलाइएको हुँदा प्रस्तुत शोधपत्रका लागि अध्ययनको आधार बनाउन सकिन्छ ।

रेग्मी (२०७१) द्वारा **श्वेतभैरवी कथाको सङकथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रमा सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु जस्ता उद्देश्यहरू रहेका छन् भने शोधकार्यलाई अगाडि बढाउन पुस्तकालयीय विधिलाई प्रमुख आधार बनाइएको छ । 'श्वेतभैरवी' कथामा ३४ अनुच्छेद र २४९ वाक्यहरू रहेका छन् । प्रस्तुत शोधकार्यलाई सम्बद्धकका आधारमा विश्लेषण गर्दा सार्वनामिक, स्थानिक, कालिक र संयोजक सम्बद्धकको अत्यधिक प्रयोग भएको पाइन्छ भने सम्बद्धनका दृष्टिले बढी अनुक्रमबोधक सम्बद्धनको प्रयोग भएको पाइन्छ । यस कथामा १२ वटा सम्बद्धकहरू र २६ वटा सम्बद्धनहरूको प्रयोग गरिएको छ । यस शोधपत्रले सङ्कथन विश्लेषण गर्न सैद्धान्तिक आधार प्रदान गरेको छ ।

वि.क (२०७१) द्वारा **सिंगारी बाखी कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस शोधपत्रमा 'सिंगारी बाखी' कथामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, सम्बद्धनको पहिचान गर्नु र सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु उद्देश्य रहेका छन् । शोधकार्यलाई आगाडि बढाउने क्रममा प्रमुख रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस कथामा १२ वटा सम्बद्धकहरू र २६ वटा सम्बद्धनहरूको प्रयोग गरिएको छ । उक्त कथामा सबैभन्दा बढी सार्वनामिक, कालिक, स्थानिक र संयोजक सम्बद्धक रहेका छन् । कतिपय अवस्थामा दुई वाक्यका बिचमा एकभन्दा बढी सम्बद्धक र सम्बद्धनको प्रयोग भएको देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । त्यसकारण यस शोधकार्य प्रस्तुत शोधपत्रका लागि आधार बन्छ ।

भट्ट (२०७२) द्वारा **कुकर्मले सीमा नाघेपछि कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा 'कुकर्मले सीमा नाघेपछि' कथाको सङ्कथन विश्लेषण गर्ने क्रममा कथामा प्रयोग भएका सम्बद्धकको अध्ययन, सम्बद्धनको अध्ययन र उक्त कथा सम्बद्धक र सम्बद्धनका दृष्टिले उपयुक्त छ छैन भनेर अध्ययन गर्नु जस्ता उद्देश्य रहेका छन् । प्रस्तुत शोध पुस्तकालयीय अध्ययनमा आधारित छ । यस कथामा ४६ अनुच्छेद र २६० वाक्यहरू रहेका छन् भने यस कथालाई सम्बद्धकका आधारमा कालिक, पुनरावृत्ति, प्रतिस्थापन, संयोजक, अग्रसन्दर्भ र लोप सम्बद्धक अत्यधिक प्रयोग भएका छन् । सम्बद्धनका

दृष्टिले अनुक्रमबोधक सम्बन्धको बढी प्रयोग भएको छ । कतिपय अवस्थामा दुई वाक्यकाबिचमा एकभन्दा बढी सम्बद्धनको उपस्थिति पनि रहेको देखिन्छ । समग्रमा 'कुकर्मले सीमा नाघेपछि' कथा सङकथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका दृष्टिले उपयुक्त रहेको पाइन्छ । सङ्कथन विश्लेषणअन्तर्गत सम्बद्धक र सम्बद्धनका दृष्टिले उपयुक्त रहेको हुनाले उक्त शोधपत्रलाई अध्ययनको आधार बनाइन्छ ।

ढाँट (२०७२) द्वारा **भोको घर एकाङ्कीको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । 'भोको घर' एकाङ्कीमा प्रयुक्त सम्बद्धकको पहिचान, सम्बद्धनको पहिचान र सम्बद्धक र सम्बद्धनका दृष्टिले 'भोको घर' एकाङ्कीको उपयुक्तता केलाउनु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत शोधकार्यमा सैद्धान्तिक विधि, खोज विधि र छलफल तथा व्याख्या विश्लेषण विधि प्रयोगमा ल्याइएको छ र शोधकार्यलाई अगाडि बढाउन प्रमुख रूपमा सैद्धान्तिक विधिको प्रयोग गरिएको छ । यसरी एकाङ्कीको विश्लेषण गर्ने क्रममा सम्बद्धकअन्तर्गत व्याकरणिक सम्बद्धकलाई सात भागमा विभाजन गरेको पाइन्छ भने कोशीय सम्बद्धकलाई चार भागमा विभाजन गरेको पाइन्छ । त्यसैगरी सम्बद्धनलाई २४ प्रकारमा विभक्त गरिएको पाइन्छ । उक्त एकाङ्कीमा व्याकरणिक सम्बद्धक ४३० (८४.८१ प्रतिशत) र कोशीय सम्बद्धक ७७ (१५.१९ प्रतिशत) पटक प्रयोग गरिएको पाइन्छ । यसमा सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धक ७१ पटक र कम पर्यायवाची र विपरीतार्थी सम्बद्धक क्रमशः ४ र २ पटक प्रयोग भएको पाइन्छ । सम्बद्धनमा प्रश्नोत्तर र परिचयात्मक सम्बद्धनको प्रयोग भएको छ भने अन्य समान रूपले प्रयोग भएको छ भन्ने निष्कर्ष निकालिएको छ । त्यसकारण यस शोधकार्यलाई सम्बद्धक र सम्बद्धनको विश्लेषणका दृष्टिले प्रस्तुत शोधपत्रको आधार बनाइन्छ ।

केसी (२०७२) द्वारा **दोषी चस्मा कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा 'दोषी चस्मा' कथामा प्रयुक्त सम्बद्धकको पहिचान गरी तिनको स्थिति केलाउनु र सम्बद्धनका पहिचान गरी तिनको स्थिति केलाउनु उद्देश्यहरू रहेका छन् । प्रस्तुत अध्ययनपत्र तयार पार्दा प्रमुख रूपमा पुस्तकालयीय विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । 'दोषी चस्मा' कथामा जम्मा २३ अनुच्छेद र १५९ वाक्यहरू रहेका छन् । प्रस्तुत शोधलाई पाँच भागमा विभाजन गरी अध्ययन गरिएको छ । यस कथालाई सम्बद्धकको आधाारमा विश्लेषण गर्दा कालिक, स्थानिक, पुनरावृत्ति, प्रतिस्थापन, संयोजक र तृतीय पुरुष सम्बद्धकको बढी प्रयोग भएको छ भने सम्बद्धनका दृष्टिले

अनुक्रमबोधक सम्बन्धको प्रयोग गरिएको छ । यस शोधपत्र सङ्कथन विश्लेषणका दृष्टिले उपयुक्त रहेको देखिन्छ । उक्त शोधकार्यबाट प्रस्तुत शोधपत्रलाई सङ्कथन विश्लेषण गर्नका लागि थप योगदान प्राप्त हुने देखिन्छ ।

ढुङ्गेल (२०७२) द्वारा **थैले खत्रीको इतिहास कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य भएको छ । यस शोधकार्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा र 'थैले खत्रीको इतिहास' कथामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु उद्देश्य रहेका छन् । यसरी शोधपत्र तयार पार्दा प्रमुख रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस कथामा २८ अनुच्छेद र ३३५ वाक्यहरू रहेका छन् भने एक अनुच्छेदमा बढीमा १७ वाक्य र घटीमा २ वाक्य रहेका छन् । एक वाक्यमा बढीमा २७ शब्ददेखि घटीमा २ शब्द रहेका छन् । यसरी विश्लेषण गरिएको कथामा सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धक १४६ पटक र स्थानिक र संयोजक सम्बद्धक क्रमशः ११६ र ११५ पटक प्रयोग भएका छन् भने कम विपरीतार्थी एकपटक र समावेशी सम्बद्धक दुईपटक प्रयोग भएको छ । सम्बद्धकको स्थिति हेर्दा कतिपय ठाउँमा सम्बद्धकहरू एक्लै प्रयोग भएका छन् भने कतिपय ठाउँमा एकैसाथ एकभन्दा बढी प्रयोग भएका छन् । यस शोधपत्रमा सम्बद्धकका दृष्टिले मात्र कथाको विश्लेषण गरिएको हुनाले सम्बद्धनका दृष्टिले विश्लेषण नगरिएको हुनाले एउटा कमजोर पक्ष रहेको छ । उक्त शोधकार्यमा सम्बद्धकका दृष्टिले मात्र 'थैले खत्रीको इतिहास' कथाको विश्लेषण गरेका हुनाले प्रस्तुत शोधपत्रका लागि सम्बद्धकका दृष्टिले विश्लेषण गर्न उपयुक्त हुन्छ ।

भट्टराई (२०७२) द्वारा **मैले नजन्माएको छोरो कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गरी तिनको स्थिति केलाउनु, सम्बद्धनहरूको पहिचान गरी तिनको स्थिति केलाउनु र सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधपत्र तयार पार्दा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा सम्बद्धकका दृष्टिले व्याकरणिक र कोशीयअन्तर्गतका सम्बद्धकहरूको प्रयोग गरिएको छ । सम्बद्धनका दृष्टिले उक्त कथाको विश्लेषण गर्दा सामान्य र विशिष्ट, कार्यकारण, अप्रत्यक्ष, प्रयोजन, व्याख्यात्मक सम्बन्धको बढी प्रयोग भएको छ भने रीतिबोधक, प्रभाव र परिणाम, उद्देश्य, अनुमानित जस्ता सम्बद्धनहरू अत्यन्त कम प्रयोग भएका छन् । तर पनि 'मैले नजन्माएको छोरो' सम्बद्धक र सम्बद्धनका दृष्टिले उपयुक्त,

अर्थपूर्ण र सान्दर्भिक रहेको छ भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत शोधपत्रलाई सैद्धान्तिक र विश्लेषणात्मक आधार प्रदान गरेको छ ।

जोशी (२०७२) द्वारा **दाडिमको रुखनेर निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधकार्यमा 'दाडिमको रुखनेर' निबन्धमा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, सम्बद्धनहरूको पहिचान गर्नु र सम्बद्धक र सम्बद्धनको उपयुक्तता केलाउनु उद्देश्य रहेको छ । यस शोधपत्र तयार पार्दा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग भएको छ भने अन्य विधिमा खोज विधि, छलफल विधिको प्रयोग गरिएको छ । यस निबन्धमा व्याकरणिक सम्बद्धकअन्तर्गत प्रश्नवाचक र आत्मवाचक सम्बद्धकको बढी प्रयोग भएको छ भने सन्निधान र सहप्रयोग सम्बद्धकको प्रयोग भएको देखिँदैन । यसैगरी सम्बद्धनअन्तर्गत शीघ्रताबोधक र आज्ञार्थ सम्बन्धबाहेक सबैजसो सम्बद्धनको प्रयोग भएको छ । यस निबन्धमा कार्यकारण, प्रभाव र परिणाम, स्पष्टोक्ति, अनुमानित र प्रश्नार्थगत सम्बन्धको बढी प्रयोग भएको छ भने परिचयात्मक, घटना र परिवेश, प्रयोजन, आर्थी विपर्याय, सामान्य र विशिष्ट र विशिष्ट र सामान्य सम्बन्धको प्रयोग न्यून रहेको छ । समग्रमा सम्बद्धकको प्रयोगावस्था सन्तुलन रहेको देखिँदैन भने सम्बद्धनको प्रयोगावस्था अन्वितिपूर्ण, अर्थपूर्ण र उपयुक्त रहेको छ भन्ने निष्कर्ष निकालिएको छ । यसमा सम्बद्धकभन्दा सम्बद्धनको प्रयोगावस्था उपयुक्त भएकाले प्रस्तुत शोधपत्रलाई सम्बद्धनको प्रयोगावस्थाका दृष्टिले विश्लेषण गर्न उपयुक्त हुने देखिन्छ ।

पौडेल (२०७२) द्वारा **थ्रीपिस सुट कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । यस कथामा प्रयुक्त संसक्तिहरूको स्थिति पहिचान गर्नु र संयुक्तिहरूको स्थिति पहिचान गर्नु जस्ता उद्देश्य रहेका छन् । शोधपत्रलाई अगाडि बढाउनको लागि प्रमुख रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने अन्य विधिहरूमा सर्वेक्षण विधि, वर्णनात्मक विधि र क्षेत्रीय विधिको प्रयोग गरिएको छ । उक्त शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । प्रस्तुत शोधमा बढी व्याकरणिक संसक्ति (७०.८० प्रतिशत) र कम कोशीय संसक्ति (२९.२० प्रतिशत) प्रयोग भएको छ भने संयुक्तिअन्तर्गत सबैभन्दा बढी स्पष्टोक्ति सम्बन्ध १२ ठाउँमा र कम शीघ्रताबोधक, युगपदबोधक, परिवेश र घटनाको सम्बन्ध एकएक ठाउँमा प्रयोग भएको छ भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले सङ्कथन विश्लेषणअन्तर्गत सम्बद्धक र सम्बद्धनको प्रयोगावस्थाको बारेमा विश्लेषणात्मक अध्ययन गर्न आधार प्रदान गर्दछ ।

समग्रमा भन्दा सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेर थुप्रै अध्ययनहरू भएका छन् । समग्रतः अहिलेसम्म भएका शोधकार्य कथा, निबन्ध, नाटक र एकाङ्कीमा सङ्कथन विश्लेषण भएको पाइन्छ । त्यसैले उपन्यासमा सङ्कथन विश्लेषण एकदुई वटा उपन्यासमा मात्रै भएको पाइन्छ । प्रस्तुत शोधकार्य 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ । यसमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाको आधारमा पुनरावलोकन गर्दै उपन्यासमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी विश्लेषण गरिएको छ । यसरी सङ्कथन विश्लेषणसम्बन्धी जानकारी प्रदान गर्न र सम्बद्धक र सम्बद्धनका दृष्टिले उपन्यासको विश्लेषण गरिएको हुँदा यस शोधलाई अन्य शोधभन्दा भिन्न रूपमा प्रस्तुत गर्न सकिन्छ र यससँग सम्बन्धित जानकारीहरू हासिल गर्न सहयोग पुग्दछ ।

## २.२ सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा

### २.२.१ सङ्कथनको परिचय र परिभाषा

सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ । यसले भाषाको वाक्यभन्दा माथिल्लो प्रयोगविस्तारलाई जनाउँदछ । त्यसैले सङ्कथन विश्लेषण भाषाको विस्तारित रूप हो (अधिकारी, २०६५ : ३५१) । सङ्कथन विश्लेषणका रूपमा कथा, उपन्यास, निबन्ध, नाटक, खण्डकाव्य, महाकाव्य आदि जस्ता लेख्य रूपको विश्लेषण गरिन्छ भने संवाद, विवाद, कुराकानी, गफ, छलफल, अन्तर्वार्ता आदि कथ्य रूपको विश्लेषण गरिन्छ । यसरी विभिन्न कथ्य र लेख्य रूपको सङ्कथन विश्लेषण गरिने भएकाले यो एउटा पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । सङ्कथन विश्लेषणमा कथ्य भाषा, साङ्केतिक भाषा तथा लेख्य भाषामा भएका अभिव्यक्तिहरूको अध्ययन हुन्छ र कथ्य, लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने युक्तिहरूको समायोजन सङ्कथनमा कसरी हुन्छ र भएको छ भनेर पनि अध्ययन हुन्छ । यसर्थ सङ्कथनमा ससाना मुक्तक अभिव्यक्तिदेखि लिएर बृहत्तर भाषिक पाठको समेत विश्लेषण हुन्छ (गौतम, २०६८ : ५७१) । यसैले सङ्कथनलाई भाषाको वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ ।

सङ्कथन भाषाको सिङ्गो अभिव्यक्ति हो, जसमा संरचना र अर्थ दुबै रहेको हुन्छ । भाषाको माध्यमबाट प्रस्तुत भएको अर्थको पूर्णता नै सङ्कथन हो (पौडेल र पोखरेल, २०७१ : २) । सङ्कथन भाषाको उच्चतम एकाइ हो । यसर्थ यसलाई भाषाको विस्तारित रूप मानिन्छ । सुरु सुरुमा सङ्कथन विश्लेषण संवाद विश्लेषणका रूपमा चिनिन्थ्यो भने

आजभोलि पाठ र आख्यान विश्लेषणका रूपमा चिनिन थालेको छ (ढकाल, २०६९ : २५८) । सङ्कथन विश्लेषणमा कुनै पाठभित्रका वक्ता, श्रोता, घटना, समाज, परिवेश, सन्देश आदि पाइन्छ । कुनै पाठभित्र पूर्वसन्दर्भ तथा पश्चसन्दर्भ रहनसक्छ । यसमा आरोह तथा अवरोहको समेत व्याख्या हुनसक्छ । त्यसैले यी विभिन्न कुराहरूको अध्ययन सङ्कथन विश्लेषणमा गरिन्छ ।

प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखाको रूपमा सन् १९६० को दशकपछि सङ्कथन विश्लेषणको विकास भएको हो । सङ्कथन शब्दको प्रयोग सर्वप्रथम पाश्चात्य भाषाविद् जेलिङ. एस ह्यारिसले गरेको पाइन्छ । यसरी सङ्कथन विश्लेषणका सन्दर्भमा विद्वान्हरूले विभिन्न मान्यता प्रस्तुत गरेका छन् :

जेलिङ. एस ह्यारिसेका (सन् १९५२) अनुसार सङ्कथन भनेको वाक्यहरूको अन्तर्सम्बन्धबाट बनेको हो ।

नोम चक्स्कीका (सन् १९८०) अनुसार सङ्कथन सामर्थ्य भनेको भाषिक सामर्थ्यको एउटा अंश हो ।

क्रिस्टलका (सन् १९९२) अनुसार सङ्कथन वाक्यभन्दा ठुलो भाषाको विस्तारित रूप हो ।

डेभिड नुनानका (सन् १९९३) अनुसार सङ्कथनले एउटा सन्दर्भको सम्प्रेषणात्मक कार्य तथा घटनाको व्याख्या गर्ने कुरालाई जनाउँदछ ।

इन्साइक्लोपेडिक डिक्सनेरी अफ एप्लाइड लिङ्ग्विस्टिक्स (सन् १९९९) अनुसार सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ उद्देश्य र एकत्त्वसम्बन्धी ग्रहण क्रियाहरू कसरी फैलिएका छन् भन्ने कुराको अध्ययन हो ।

निष्कर्षमा सङ्कथन भाषाको वाक्यभन्दा माथिल्लो एकाइ हो । सङ्कथन विश्लेषणमा संवाद, कुराकानी, विवाद, गफ, अन्तर्वार्ता आदि कथ्य रूप हुन् भने कथा, उपन्यास, निबन्ध, नाटक, महाकाव्य आदि लेख्य रूप हुन् । यी कथ्य र लेख्य रूपमा सङ्कथन विश्लेषण गरिने भएकाले सङ्कथन विश्लेषण सम्प्रेषणात्मक कार्यको विश्लेषण हो जुन वाक्यहरूको अन्तर्सम्बन्धबाट बनेको हुन्छ ।

## २.२.२ सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास

सङ्कथन विश्लेषण भाषाविज्ञानको एउटा विकसित नवीन सिद्धान्त हो । कुनै पनि भाषिक अभिव्यक्तिमा के कसरी अन्विति कायम भएको हुन्छ भन्ने कुराको खोजी गर्ने क्रममा सङ्कथन विश्लेषणको विकास भएको मान्न सकिन्छ । यसको विकास हुनु पूर्व विभिन्न विद्वान्हरूले अगाडि सारेको भाषा वैज्ञानिक मान्यताले पनि उत्तिकै भूमिका खेलेको पाइन्छ । खासगरी सन् १९६० को दशकमा विद्वान्हरूमा वाक्यभन्दा माथिल्लो भाषिक एकाइको अध्ययनप्रति रुचि जाग्नु, चम्स्कीले रूपान्तरण व्याकरणको विकास गर्दा भाषिक सम्पादनलाई वेवास्ता गर्नु र वाक्यलाई खाली भाषिक वर्ण र रूपको विश्लेषणमा मात्र केन्द्रित बनाउनु, फर्थले स्थितिको प्रसङ्गमा भाषाको अध्ययन हुनुपर्दछ भन्ने मान्यता अगाडि सार्नु जस्ता कारणहरूबाट सङ्कथन विश्लेषणको जन्म हुन पुगेको देखिन्छ ।

प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखाको रूपमा सन् १९६० को दशकपछि सङ्कथन विश्लेषणको विकास भएको हो । यसको पृष्ठभूमिका रूपमा समाजशास्त्र, मानवशास्त्र, मनोवैज्ञानिक, प्रतीकविज्ञान सम्बन्धी अध्ययनहरूको भूमिका रहेको छ । ‘सङ्कथन’ शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति पाश्चात्य भाषाविद् जेलिङ् एस. ह्यारिसले सन् १९५२ मा एउटा लेख लेखेर विस्तारित पाठहरूमा भाषा तत्त्वहरूको एकीकृत वितरणसम्बन्धी चर्चा गर्ने क्रममा सङ्कथन शब्दको प्रयोग गरेका थिए । यसपछि विभिन्न विद्वान्हरूले खोज अनुसन्धानमा चासो बढाउँदै गएको पाइन्छ । यस धारणाको विकासमा प्रतीकविज्ञान र आख्यानको अध्ययन गर्ने डेल हाइम्स (१९६४) को भाषामा सामाजिक सन्दर्भ तथा जोन आस्टिन (१९६२), सर्ल (१९६९) र ग्राइस (१९७५) को भाषालाई सामाजिक कार्यका रूपमा व्याख्या गर्ने सिद्धान्त र प्रकरणार्थ विज्ञानसम्बन्धी धारणाको विशेष भूमिका रहेको देखिन्छ ।

## २.२.३ सङ्कथनका प्रकार

सङ्कथन मूलतः भाषिक अभिव्यक्ति हो । यस्तो अभिव्यक्ति सामान्य वा विशिष्ट खालको हुन्छ । त्यसैले यस्ता विविध खाले अभिव्यक्तिहरू कथ्य र लेख्य रूपमा अभिव्यक्त भएका हुन्छन् । कथ्य अभिव्यक्तिअन्तर्गत छलफल भाषण, अन्तर्क्रिया आदि पर्दछन् भने लेख्य अभिव्यक्तिअन्तर्गत कथा, उपन्यास, निबन्ध आदि पर्दछन् । यसैले सङ्कथनलाई कथ्य सङ्कथन र लेख्य सङ्कथन गरी दुई प्रकारमा चर्चा गर्न सकिन्छ :

### २.२.३.१ कथ्य सङ्कथन

कथ्य सङ्कथन भाषाको मौखिक अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । वक्ता र श्रोताका बिचमा हुने मौखिक सम्प्रेषण नै कथ्य सङ्कथन हो (पौडेल र पोखरेल, २०७१ : ७) । कथ्य सङ्कथनअन्तर्गत छलफल, कुराकानी, अन्तर्वार्ता, भाषण, भलाकुसारी, मौखिक वर्णन, आदेश आदि पर्दछन् । त्यसैले यो मौखिक रूपमा अभिव्यक्त हुने भाषिक क्रियाकलाप हो ।

कथ्य सङ्कथनमा खासगरी वक्ता, श्रोता, सन्दर्भ तथा परिवेशको प्रत्यक्ष भूमिका रहन्छ । यस्ता सङ्कथनमा विषयवस्तुअनुसार वक्ता र श्रोताले एक आपसमा भूमिका परिवर्तन गर्दछन् । कथ्य सङ्कथनमा खँदिला वाक्यहरूको प्रयोग नभएर खुकुला वाक्यहरूको प्रयोग भएको हुन्छ । त्यसैले लेख्य सङ्कथनभन्दा कथ्य सङ्कथन सामान्य र सरल खालको हुन्छ । कथ्य सङ्कथनले जीवित भाषाको अध्ययन गर्न, कोश निर्माणका लागि आधारभूत सामग्री सङ्कलन गर्न मद्दत पुऱ्याउने गर्दछ । समग्रमा यसले भाषाको मौखिक अभिव्यक्तिमा आधारित सन्दर्भ, प्रसङ्ग र परिवेशजन्य सम्प्रेषणीय सिङ्गो भाषिक उच्चार नै कथ्य सङ्कथन हो जसमा भाषिक र भाषेतर तत्त्वको उत्तिकै महत्त्व रहन्छ ।

### २.२.३.२ लेख्य सङ्कथन

लेख्य सङ्कथन भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित हुने भएकाले यसलाई लेख्य सङ्कथन भनिएको हो । लेख्य सङ्कथन पूर्णतः लिखित सामग्रीमा आधारित हुन्छ (पौडेल र पोखरेल, २०७१ : ८) । यसैले लेख्य सङ्कथन लेखक र पाठकसँग सम्बन्धित रहेर आएको हुन्छ । यसअन्तर्गत कथा, उपन्यास, निबन्ध, नाटक, एकाङ्की, महाकाव्य, सूचना, विज्ञापन, चिठी, संवाद, वादविवाद आदि जस्ता लिखित सामग्री रहन्छन् ।

लेख्य सङ्कथनमा वक्ता र श्रोताका सट्टा लेखक र पाठकको सहभागी रहेको हुन्छ । यसमा लेखक र पाठकको प्रत्यक्ष सम्बन्ध नभई अप्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यसमा लेखक र पाठक अप्रत्यक्ष रूपमा रहने हुँदा पाठ स्वतन्त्र हुन्छ र लेखक एवम् पाठक काल्पनिक रूपमा आएका हुन्छन् । कथ्य सङ्कथनका तुलनामा यो विशिष्ट र जटिल हुने गर्दछ । यसमा लामा लामा वाक्यको प्रयोग हुने हुँदा विचारको शृङ्खलालाई अन्विति गर्न र विभिन्न सम्बद्धक र सम्बद्धनको प्रयोग हुने हुँदा लेख्य सङ्कथनको ढाँचा र आकार लामो हुने गर्दछ । त्यसैले लेख्य भाषामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनले युक्त सम्प्रेषणीय सिङ्गो भाषिक एकाइलाई लेख्य सङ्कथन भनिन्छ ।

### २.२.४ सङ्कथनका तत्त्वहरू

एउटा सङ्कथन तयार हुनका लागि नभई नहुने कुरा नै सङ्कथनका तत्त्वहरू हुन् । सङ्कथन अभिव्यक्तिको पूर्ण कथन तथा भाषिक घटना वा सम्प्रेषणात्मक घटना भएकाले यसलाई सम्प्रेषणीय बनाउनका लागि विभिन्न तत्त्वहरूले काम गरेका हुन्छन् । त्यसैले सङ्कथनका तत्त्वहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### २.२.४.१ प्रस्तोता

श्रोता वा पाठकको ध्यानाकर्षण गर्नु तथा उनीहरूको स्तरअनुरूप सङ्कथन वा भाषिक घटना सञ्चालन गर्नु उसको प्रमुख जिम्मेवारी हो (भण्डारी र अन्य, २०६८ : २१) । कथ्य सङ्कथनमा वक्ता र लेख्य सङ्कथनमा लेखक प्रस्तोताको भूमिकामा रहन्छ । यसैले सङ्कथनमा सम्प्रेषणीय वस्तु तथा विचार प्रस्तुत गर्ने मुख्य पात्र नै प्रस्तोता हो । यसरी सम्प्रेषणीय कार्य सञ्चालन गर्दा प्रस्तोताले बोद्धा वा पाठकको ध्यान आकर्षित गर्ने, एउटा क्षेत्रबाट अर्कोतिर घुमाइदिने, विषयवस्तु वा सन्देशलाई कसीलो बनाउने र सम्प्रेषणीय सन्देशका लागि सुहाउँदो कोडको चयन गर्ने कार्य गर्दछ ।

#### २.२.४.२ बोद्धा

सङ्कथनबाट सम्प्रेषण गर्न खोजिएको भाव विचार ग्रहण गर्ने ग्रहणकर्ता नै बोद्धा हो । प्रस्तोता भनेको वक्ता वा लेखक हो भने बोद्धा भनेको श्रोता वा पाठक हो । कथ्य सङ्कथनमा बोद्धा सक्रिय हुन्छ भने लेख्य सङ्कथनमा निष्क्रिय हुन्छ । कथ्य सङ्कथनमा बोद्धाले वादविवाद गर्ने, सहमति वा असहमति प्रकट गर्ने काम गर्छ भने लेख्य सङ्कथनमा पाठकका रूपमा उपस्थित हुन्छ । तसर्थ अभिव्यक्ति वा उठान भएका कुराको बैठान हुने कार्य नै बोद्धा हो ।

#### २.२.४.३ माध्यम

प्रस्तोता र श्रोता बिचको सम्पर्क स्थापित गर्न मार्गलाई माध्यम भनिन्छ । कथ्य रूपमा अभिव्यक्त हुने सङ्कथनको माध्यम मौखिक रहेको हुन्छ भने लेख्य अभिव्यक्तिका माध्यमबाट प्रस्तुत हुने अभिव्यक्तिको माध्यम लिखित रहेको हुन्छ (पौडेल र पौखरेल, २०७१ : १७) । सम्प्रेषणमा प्रयोग हुने लिखित वा मौखिक स्वरूप सामान्य माध्यम हुन् भने

प्रस्तुतिका क्रममा प्रयोग हुने फोन, रेडियो, टि.भि, इन्टरनेट लगायतका सूचना र सङ्केतका चिह्नहरू विशिष्ट माध्यम हुन् ।

### २.२.४.४ सूचनाको स्वरूप

सूचनाको स्वरूप पनि सङ्कथनको महत्त्वपूर्ण तत्त्वका रूपमा रहन्छ । यसले मौखिक वा लिखित अभिव्यक्तिलाई अन्य विभिन्न माध्यमबाट सूचना प्रसारित गर्ने काम गर्दछ । सूचनाको स्वरूपमा गफ, छलफल आदि मौखिक स्वरूप रहेका हुन्छन् । यी लामा, छोटा, औपचारिक, अनौपचारिक, साहित्यिक, रोचक, अरोचक आदि विभिन्न स्वरूपमा हुन्छन् । लिखित माध्यमबाट प्रस्तुत हुने सूचनाका स्वरूपहरू पनि लघु, बृहत्, साहित्यिक, साहित्येतर, व्याकरणिक, आलङ्कारिक, सामान्य, विशिष्ट आत्मगत, वस्तुगत, तथ्यपरक आदि विभिन्न स्वरूपका हुन्छन् । त्यसैले सङ्कथनलाई सूचनाको स्वरूपले सरल-जटिल र सम्प्रेष्य-असम्प्रेष्य आदि बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### २.२.४.५ कोड

कोड भनेको भाषा हो र सङ्कथन भनेको भाषिक विम्ब हो (पौडेल र पोखरेल, २०७१ : १८) । कुनै सङ्कथनमा मानक भाषाको प्रयोग भएको हुन्छ भने कुनै सङ्कथनमा अमानक भाषाको प्रयोग भएको हुन्छ । नेपाली भाषाका सन्दर्भमा कुनै सङ्कथन तत्सम, कुनै सङ्कथन तद्भव र कुनै सङ्कथन आगन्तुक स्रोतका शब्दको बाहुल्यता रहेको पाइन्छ । यसरी मानक-अमानक, सामान्य-विशिष्ट आदि जुनसुकै भए पनि कोड वा भाषाबिना सङ्कथनको निर्माण हुन नसक्नाले सङ्कथनमा कोडको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

### २.२.४.६ विषय

विषयको प्रकृतिले पनि सङ्कथनमा विविधता पाउन सकिन्छ । विषय वस्तुप्रधान, घटनाप्रधान, व्यक्तिप्रधान आदि विषयले सङ्कथनलाई आफ्नो प्रयोजनअनुरूप निर्देशन गरेका हुन्छन् । वर्णनीय वस्तु, घटना सहभागिता जस्ता कुराहरूबाट सङ्कथनको स्वरूपमा प्रभाव पर्दछ । त्यसैले विषयवस्तुकै आधारमा शीर्षक निर्धारण गरिने हुँदा यसलाई शीर्षक पनि भनिन्छ । विषयगत विविधताले स्वभाविक रूपमा सङ्कथनको स्वरूप, शैली र संरचना आदिमा पनि विविधता ल्याउने गर्दछ ।

### २.२.४.७ परिवेश

परिवेशले सङ्कथनमा परिस्थिति र वातावरणलाई सङ्केत गर्दछ । यसले देश, काल, परिस्थितिबाट सङ्कथनात्मक स्वरूपमा प्रभाव पार्दछ । यसले विद्यालय, बजार, पसल, घरपरिवार, व्यवसाय, भौतिक, मानसिक, औपचारिक, अनौपचारिक, राजनैतिक, आर्थिक, सामाजिक आदि जस्ता कुराहरूले सङ्कथन निर्माण कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैले परिवेश पनि सङ्कथन निर्माणमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व हो ।

## २.२.५ सङ्कथन विश्लेषणका पद्धतिहरू

जेलिङ.एस. ह्यारिसले सन् १९५२ मा 'सङ्कथन विश्लेषण' पदावलीको प्रयोग गर्दै हेयर टनिकको विज्ञापनको भाषालाई सङ्कथनपरक विश्लेषण गरेपछि सङ्कथन विश्लेषणको सुरुवात भएको मानिन्छ । त्यसपछि सङ्कथन विश्लेषणको क्रममा १९८० को दशकपछि केही नवीन पद्धतिहरूको विकास भएको पाइन्छ । यस्तो संरचना वाक्य, अनुच्छेद, परिच्छेद र पाठको क्रममा रहेको हुन्छ । यी अनुक्रममा रहेको एउटा पाठलाई अध्ययन गर्न सानो एकाइबाट क्रमशः ठुलो एकाइतर्फ जाने अध्ययन पद्धति र ठुलो एकाइबाट क्रमशः सानो एकाइतर्फ जाने पद्धतिहरू विकास भएका छन् । सङ्कथन विश्लेषणका क्रममा कुन विन्दुबाट सुरु गर्ने कसरी अगाडि बढ्ने भन्ने कुराको तय गरेर हिँड्नु नै वास्तवमा सङ्कथन विश्लेषणको पद्धति हो । त्यसैले सङ्कथन विश्लेषणका पद्धतिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### २.२.५.१ ऊर्ध्वगमन पद्धति

यस पद्धतिमा साना भाषिक एकाइबाट सुरु गरेर क्रमशः ठुला एकाइतर्फ बढ्ने अध्ययन क्रम अँगालिन्छ (पौडेल र पोखरेल, २०७१ : १५) । यसलाई विशिष्टबाट सामान्यतिर जाने पद्धति पनि भनिन्छ । यस पद्धतिमा पाठका उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद हुँदै अन्त्यमा समग्र पाठको विश्लेषण गरिन्छ । यस पद्धतिलाई निम्न रेखाचित्रबाट प्रस्ट पार्न सकिन्छ :

पाठ

परिच्छेद

अनुच्छेद

वाक्य

उपवाक्य

ऊर्ध्वगमन पद्धति

### २.२.५.२ अधोगमन पद्धति

यसमा सबैभन्दा पहिले ठुलो भाषिक एकाइको अध्ययन गरेपछि क्रमशः तल्ला भाषिक एकाइको अध्ययन गर्ने क्रम अँगालिन्छ (पौडेल र पोखरेल, २०७१ : १६) । यो पद्धति सामान्यबाट विशिष्टतिर जाने पद्धति हो । यसमा पाठबाट क्रमशः पाठ, परिच्छेद, अनुच्छेद, वाक्य, उपवाक्यको अध्ययन गरिन्छ । यसलाई निम्न रेखाचित्रबाट प्रस्ट पार्न सकिन्छ :

अधोगमन पद्धति

पाठ

परिच्छेद

अनुच्छेद

वाक्य

उपवाक्य

### २.२.५.३ मिश्रित पद्धति

स्टानोभिचले सन् १९८० मा ऊर्ध्वगमन र अधोगमन पद्धतिका समस्याहरूलाई निराकरण गर्ने क्रममा यस पद्धतिको विकास गरेका हुन् । सङ्कथन विश्लेषण प्रक्रिया माथिबाट तलतिर वा तलतिरबाट माथितिरको सजिलो क्रममा नभई दुबैको अन्तर्क्रियात्मक

पद्धतिको माध्यमबाट हुन्छ भन्ने यसको मान्यता देखिन्छ (पौडेल र पोखरेल, २०७१ :१६) । यसैले यस पद्धतिमा सङ्कथन विश्लेषण माथिबाट तलतिर र तलबाट माथितिर जाने प्रक्रिया मात्र होइन यसले यी दुबै पद्धतिको अन्तर्मिश्रणको काम गर्ने भएकाले यसलाई मिश्रित पद्धति भनिन्छ ।

## २.२.६ सङ्कथनका युक्तिहरू

सङ्कथनमा रहेको भाषिक अभिव्यक्तिलाई एक-आपसमा एकाइगत, अर्थगत, सन्दर्भगत एवम् क्रमबद्ध रूपले सम्बन्धित बनाउन निश्चित एकाइ तथा युक्तिहरूले भूमिका खेलेका हुन्छन् (भण्डारी र अन्य, २०६८ : १७) । यसरी मानवीय विचारलाई भाषिक रूपमा प्रस्तुत गर्दा पूर्वापर सम्बन्धमा विभिन्न जुक्ति वा उपाय अपनाइन्छ त्यसलाई सङ्कथनका युक्ति भनिन्छ । कुनै पनि पाठलाई पूर्णता प्रदान गर्नका लागि त्यसमा आन्तरिक र बाह्य सम्बन्ध स्थापित हुनु जरुरी छ । यसैले पाठमा प्रयुक्त भएको बाह्य सम्बन्धलाई सम्बद्धक र आन्तरिक सम्बन्धलाई सम्बद्धन भनिन्छ । यी सम्बद्धक र सम्बद्धन बिना सङ्कथनको निर्माण गर्न असम्भव हुने भएकाले यहाँ सङ्कथनका युक्ति सम्बद्धक र सम्बद्धनको चर्चा गरिएको छ :

### २.२.६.१ सम्बद्धक

वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूका बिच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ (अधिकारी, २०६५ : २५४) । सम्बद्धकले सङ्कथन निर्माण हुने क्रममा भाषिक एकाइका बिचमा सम्बन्ध कायम गरी अभिव्यक्तिलाई सन्दर्भपूर्ण र अन्वितिपूर्ण बनाउने कार्य गर्दछ । भाषिक एकाइको समन्वयकर्ता भएकाले सङ्कथनभित्रका औपचारिक सम्बन्धहरू, विभिन्न प्रकारका अन्तर वाक्यहरू, उपवाक्यहरू आदिको सम्बन्धलाई जोड्ने कार्य सम्बद्धकले गर्दछ । त्यसैले सम्बद्धकअन्तर्गत व्याकरणिक सम्बद्धक र शाब्दिक वा कोशीय सम्बद्धक दुई प्रकारमा विभक्त गरी चर्चा गर्न सकिन्छ :

#### (अ) व्याकरणिक सम्बद्धक

व्याकरणिक सम्बद्धक भन्नाले कुनै पनि पाठभित्र प्रयुक्त भएको भाषाको बन्द व्यवस्थालाई जनाउँदछ । यसमा कुनै पनि पाठमा रहेका लिङ्ग, वचन, पुरुष, आदर, भाव,

वाच्य आदि जस्ता व्याकरणिक एकाइले विशेष अर्थ बुझाउन सहयोग पुऱ्याउँछ (पौडेल र पोखरेल, २०७१ : २१) । त्यसैले व्याकरणिक सम्बद्धकमा सार्वनामिक, स्थानिक, कालिक, संयोजक, पतिस्थापन, लोप र निपातलाई राख्न सकिन्छ । यिनीहरूको निम्नानुसार तल चर्चा गरिएको छ :

### (क) सार्वनामिक सम्बद्धक

अनुच्छेदभित्रको कुनै व्यक्तिवाचक तथा स्थानवाचक नामलाई पटक पटक प्रयोग गर्दा हुने निरसताको अन्त्यको लागि त्यस्ता नामका सट्टामा सर्वनामको प्रयोग हुनु नै सार्वनामीकरण हो (गौतम, २०६८ : ५७७) । सार्वनामिक सम्बद्धकमा नाम, नामिक शब्द वा विविध सन्दर्भहरूको सर्वनामसँग सम्बन्धित विकल्पको प्रयोग हुन्छ । त्यसैले कुनै पनि विधाहरूमा पुरुषवाचक, आत्मवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक सार्वनामिक शब्दहरूको प्रयोग भएको हुनसक्छ । त्यसैले त्यस्ता सार्वनामिक शब्दहरूमा हामी, म, यो, यस्तो, जस्लाई, कता, केही, कसैले, सबै, अर्को, जब, एक एक आदि हुन् ।

### (ख) स्थानिक र कालिक सम्बद्धक

ठाउँ र समय श्रृङ्खला देखाउने वा स्थान र कालसँग वैचारिक सिलसिला जोड्ने सन्दर्भपूर्ण शब्द वा पदावलीहरूलाई स्थानिक तथा कालिक सम्बद्धक भनिन्छ (पौडेल, २०६९ : २५) । त्यसैले व्याकरणिक सम्बद्धकअन्तर्गत अर्को महत्त्वपूर्ण कार्य स्थानिक र कालिक सम्बद्धक हो । जस्तै : भित्र, बाहिर, अगाडि, पछाडि, तल, माथि, भोजपुरदेखि, सल्यानदेखि, घरमा आदि शब्दहरूले स्थानिक प्रस्तुत गर्दछन् । यसरी कुनै पनि पाठभित्र समयसम्बन्धी सूचना जनाउने भाषिक शब्दहरूको पनि पर्याप्त मात्रामा प्रयोग गरिएको हुन्छ । यस्ता सूचनाहरूले पाठमा प्रयोग भएका शब्दहरूले समय र कालको सङ्केत गर्दछन् । जस्तै : कहिले, अर्को साल, २०७२ साल, हिजो, बेला, राती, भरे, पोहोर, २०६३ साल, विहान आदि शब्दहरूले कालिक सन्दर्भलाई सङ्केत गर्दछ । त्यसैले कुनै पनि पाठभित्र रहेका ठाउँ र समयको सङ्केत गर्ने शब्दहरूलाई सङ्कथनको सम्बद्धकअन्तर्गत रहेर व्याख्या गर्न सकिन्छ ।

### (ग) संयोजक सम्बद्धक

दुई वा दुईभन्दा बढी भाषिक एकाइलाई जोड्न आउने रूप वा शब्दलाई संयोजन भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २३) । त्यसैले व्याकरणिक सम्बद्धकको अर्को व्यवस्था संयोजन हो । ह्यालिडे र ह्यासनले संयोजनलाई चार वर्गमा विभाजन गरेका छन : योगात्मक (एडिटिभ), समायोजनमूलक (एसोसिएटिभ), कारणात्मक (कजल) र समयगत (टेम्पोरल) (गौतम, २०६८ : ५७८) । संयोजन भन्नाले पाठमा प्रयुक्त भएका भाषिक संरचनालाई परस्पर रुपमा विचारलाई मिलाउने काम गर्दछ । यसरी संयोजन गर्ने क्रममा पनि, अनि, भनेर, जब, पछि, तापनि, जुन, फेरि, यसरी, यसर्थ, किन्तु, अथवा, वा आदि शब्दहरूको प्रयोग हुने गर्दछ । यसैले पाठभित्र प्रयुक्त शब्दलाई संयोजन गर्न, वियोजन गर्न, समान किसिमका अवधाराणा देखाउने आदि जस्ता कार्य गर्न संयोजनको सङ्कथन सम्बद्धकमा महत्त्वपूर्ण भूमिका रहने गर्दछ ।

### (घ) प्रतिस्थापन सम्बद्धक

सङ्कथनमा पहिले प्रस्तुत भइसकेको भाषिक सन्दर्भका सट्टा त्यसैसँग मिल्दो अर्को कुनै विशिष्ट भाषिक एकाइको प्रयोग हुनुलाई प्रतिस्थापन भनिन्छ (पौडेल र पोखरेल, २०७१ :२३) । यसले सङ्कथनमा नवीनताको सिर्जना गर्छ । कुनै पहिले भनिएको कथन, कार्य, घटना विवरण आदिको पुनरूक्तिका सट्टा त्यसका ठाउँमा विशिष्टसन्दर्भको प्रयोगलाई प्रतिस्थापन भनिन्छ । जस्तै : यस्तो, त्यही, यहाँनिर, यसकारण, त्यसकारण आदि प्रतिस्थापनका रूपमा आउँछन र यिनले कुनै एक उपवाक्य, वाक्य वा वाक्यसमूहलाई प्रतिस्थापित गरी पाठगत अर्थलाई संसक्त तुल्याएका हुन्छन् (गौतम, २०६८ : ५७७) । त्यसैले कुनै पहिले घटेको घटनामा त्यस घटनाको सट्टा अर्को नयाँ शब्दको प्रयोग गरिन्छ भने त्यसलाई प्रतिस्थापन भनिन्छ ।

### (ङ) लोप सम्बद्धक

पाठमा उल्लेख नभएका कतिपय कुराहरू कार्य कारण सम्बन्ध र अन्य सम्बन्धद्वारा पुनर्निमाण गरी बुझ्न सकिने भएमा त्यसलाई लोप भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २४) । लोपले वक्ताहरूको अभिव्यक्तिलाई संक्षिप्त बनाउने काम गर्दछ । पाठमा लोप भएका तत्त्वलाई पाठको पूर्वप्रसङ्ग र परप्रसङ्ग आदिका माध्यमबाट अनुमान गरेर बुझ्न सक्छ । जस्तै : अब तपाइँले मलाई बिदा दिनुपर्छ । तपाइँको गुण म कदापि ...... ('भ्रमर'

उपन्यासबाट) । यसमा पूर्वापरको सम्बन्धका माध्यमले प्रस्तोताले उसको गुण कदापि नबिर्सने कुरा स्वतः बोध भएको छ ।

### (च) निपात सम्बद्धक

आफ्नो खास अर्थ नभएको तर वाक्यमा प्रयोग हुँदा भनाइमा जोड दिने र कहिलेकाहीँ अर्थमा भिन्नता दिने अव्यय पदलाई निपात भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २४) । निपातले कुनै वाक्य वा त्यस वाक्यअन्तर्गतका विविध भाषिक एकाइमा आश्रित रही पाठमा प्रयुक्त भएको आशयलाई विशेष भावका साथ प्रस्तुत गर्न सघाउँछ । जस्तै : नै, चाहिँ, है, न, पो, या, रे, हगि आदि निपातका रूपमा रहेका हुन्छन् । यसैले सङ्कथन विश्लेषणको व्याकरणिक सम्बद्धकका रूपमा निपातको पनि भूमिका रहेको हुन्छ ।

### (आ) शाब्दिक वा कोशीय सम्बद्धक

कुनै पाठमा प्रयोग भएका शब्दहरूको पारस्पारिक शृङ्खला र शब्दसाहचर्यका आधारमा सङ्कथनको अर्थ स्पष्ट हुन्छ । सङ्कथनमा एकै आर्थी सम्बन्धमा उनिएका पाठगत संरचनाको खोजी भएका एकै प्रकृतिका शाब्दिक एकाइको शृङ्खलाको खोजी हो । यसलाई शाब्दिक वा कोशीय सम्बद्धक भनिन्छ र सङ्कथन विश्लेषणमा शाब्दिक वा कोशीय सम्बद्धकको खोजी गरिन्छ (गौतम, २०६८ : ५७९) । यस्ता शाब्दिक वा कोशीय सम्बद्धकको पाठमा विषयगत अर्थ सम्बन्धलाई सङ्केत गरेका हुन्छन् । त्यसैले शाब्दिक वा कोशीय सम्बद्धकहरू विभिन्न प्रकारका हुन्छन्, जुन निम्नानुसार रहेका छन् :

### (क) पुनरावृत्ति सम्बद्धक

भाषिक एकाइगत वा अभिव्यक्तिगत ढाँचाको पटक पटक हुने प्रयोगलाई पुनरावृत्ति भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २५) । सङ्कथनमा आवृत्त भएका पद, पदावलीहरू नै पुनरावृत्ति सम्बद्धक हुन् । यसमा कुनै सम्बद्धक आंशिक रूपमा आएका हुन्छन् भने कुनै सम्बद्धक पूर्ण रूपमा आएका हुन्छन् । कुनै पनि भाषिक एकाइमा वा अभिव्यक्तिमा पटक पटक दोहोरिएर आउने पद पदावलीहरूलाई पुनरावृत्ति भनिन्छ । यस्तो अवस्थामा पद, पदावली, उपवाक्य र कतिपय अवस्थामा वाक्यकै स्तरमा पुनरावृत्ति हुने गर्दछ ।

### (ख) विपरीतार्थी सम्बद्धक

कुनै पनि पाठमा प्रयोग भएका भाषिक एकाइहरू परस्पर रूपमा विपरीत अर्थ आएमा त्यसलाई विपरीतार्थी भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २५) । विपरीतार्थी शब्दहरूले भाव वा विचारमा परस्पर अर्थहरूको स्वीकार र निषेधलाई सङ्केत गर्दछन् । यसैले पाठमा भएका विपरीतार्थी शब्दहरूले पाठलाई विषयसँग आबद्ध वा सम्बद्ध बनाउँछन् ।

### (ग) पर्यायवाची सम्बद्धक

पाठमा प्रयुक्त भाषिक एकाइहरू भिन्न रूपमा समान अर्थ बुझाउन आएमा त्यसलाई पर्यायवाची भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २६) । त्यसैले फरक फरक शब्द भए पनि अर्थ एउटै दिने शब्दलाई पर्यायवाची सम्बद्धकको रूपमा लिन सकिन्छ । जस्तै : पिता-बाबा-बा, सुर्य-भानु-रवि आदि जस्ता पर्यायवाची शब्द हुन् । सङ्कथनमा पर्यायवाची शब्दहरूले विचारको पुष्टिका क्रममा भाषालाई शृङ्खलाबद्ध गराउँदछन् । पर्यायवाची शब्दले पाठलाई पारस्पारिक अन्वितिपूर्ण बनाउन सहयोग गर्दछ । त्यसैले शाब्दिक वा कोशीय सम्बद्धकको एउटा महत्त्वपूर्ण कार्य पर्यायवाची सम्बद्धक हो ।

## २.२.६.२ सम्बद्धन

सामान्य अर्थमा सम्बद्धनले अभिव्यक्तिको सिलसिलालाई जनाउँदछ । कुनै पनि वर्णन तथा विवरणमा खास किसिमको अनुक्रम अपेक्षित हुन्छ (अधिकारी, २०६५ : २५६) । सङ्कथनमा प्रस्तोताले भनेको कुरा बोद्धाले सङ्कथनको भाव वा विचार बोध गर्न, प्रस्तोता र बोद्धाको अनुभव, परिवेश लगायतका पक्षबिच तालमेल हुनुपर्दछ । यसरी बाह्य सन्दर्भलाई आन्तरिक सन्दर्भमा तालमेल गराउने युक्तिलाई सम्बद्धन भनिन्छ । सङ्कथनका भाषिक घटनाको कार्य कारण वा कारण कार्य सम्बन्ध जनाउने यसले अभिव्यक्तिको आन्तरिक र परिवेशीय पक्षलाई समेत समेटेको हुन्छ (भण्डारी र अन्य, २०६८ :१८) । यसरी सम्बद्धनले प्रस्तोताको अभिव्यक्तिको परिवेशसँग बोद्धाको अनुभवको परिवेशीय तालमेल मिलाउने काम गर्दछ ।

सम्बद्धन भाषाका लेख्य वा कथ्य पाठका अंशहरूका बिच सम्बन्ध देखाउने अभिव्यक्तिहरूको सङ्गठन पक्षसँग सम्बन्धित हुने भएकाले यसले विषयवस्तुको भित्री

सतहमा संयोजन गर्ने कार्य गर्दछ । मानिसले आफू वरिपरिको परिवेशमा जे देख्छ, जे अनुभव गर्छ, जे बुझ्छ त्यसैअनुरूप उसले धारणा बनाउँछ । त्यस्तो अभिव्यक्तिलाई कथ्य वा लेख्य माध्यमबाट अभिव्यक्त पनि गर्छ । त्यसैले सम्बद्धनले प्रस्तोता र बोद्धाको कथनगत परिवेशलाई पाठको सन्दर्भ बुझ्ने ठान्छ । यसैले सम्बद्धनका विभिन्न युक्तिहरूलाई निम्नानुसार चर्चा गरिन्छ :

### (क) कार्य कारण सम्बन्ध

कुनै पनि सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्य कार्यका रूपमा प्रस्तुत भई पछिल्लो वाक्यमा त्यसकै कारण व्यक्त हुनुलाई कार्य कारणको सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २८) । अर्को शब्दमा पहिलो वाक्यमा कुनै घटना प्रस्तुत भएर त्यसपछिको वाक्यमा त्यस घटनाको कारण प्रस्तुत हुनु नै कार्य कारण सम्बन्ध हो ।

### (ख) कारण कार्य सम्बन्ध

सङ्कथनमा पूर्व वाक्यमा घटना वा कार्य हुनका कारण दिएर पछिल्लो वाक्यमा घटना वा कार्य प्रस्तुत गर्नु कारण कार्यको सम्बन्ध हो । यस्तो सम्बन्ध वाक्यान्तरिक वा अन्तर्वाक्यीय दुवै रूपमा प्रस्तुत हुनसक्छ । यस्ता सम्बन्धमा किनकि, यसकारण, त्यसकारण जस्ता संयोजक प्रयोग गरिएको हुन्छ ।

### (ग) परिणामबोधक सम्बन्ध

सङ्कथनमा पहिलो वाक्यको परिणाम वा प्रतिफल स्वरूपमा पछिल्लो वाक्यको सिर्जना भएको स्थितिलाई नै परिणामबोधक सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ : २८) । यस्तो सम्बन्धमा तसर्थ, परिणाम स्वरूप, त्यसैले जस्ता संयोजकको प्रयोग भएको हुन्छ ।

### (घ) सामान्य विशिष्ट सम्बन्ध

कुनै पनि पाठमा प्रयुक्त वाक्यहरूमध्ये पहिलो वाक्य सामान्य र दोस्रो वाक्य विशिष्ट भएमा त्यहाँ सामान्य विशिष्टको सम्बन्ध हुन्छ (पौडेल र पोखरेल, २०७१ : २९) । अघिल्लो वाक्यले मूल भाव समेटेको हुन्छ भने पछिल्लो वाक्यले त्यसको सानो अंश समेटेको हुन्छ । यस्तो सम्बन्धलाई अङ्गी अङ्गको सम्बन्ध पनि भनिन्छ ।

### (ङ) विशिष्ट सामान्य सम्बन्ध

पाठमा प्रयुक्त अघिल्लो र पछिल्लो वाक्यहरूको अनुक्रमका आधारमा विशिष्ट र सामान्य सम्बन्ध रहन्छ । यस्तो सम्बन्धका सङ्कथनको पूर्व वाक्य र पछिल्लो वाक्य सामान्य रूपमा प्रस्तुत भएको हुन्छ । यस्तो सम्बन्ध अङ्ग अङ्गीको रूपमा प्रस्तुत भएको हुन्छ ।

### (च) परिवेश घटनाको सम्बन्ध

कुनै पनि परिवेशको वर्ण गरिसकेपछि त्यहाँ घटेको घटना वा कार्य प्रस्तुत गर्नुलाई परिवेश घटनाको सम्बन्ध भनिन्छ (भुसाल, २०६९ : १७१) । पाठमा एकातिर परिवेश प्रस्तुत भएको हुन्छ भने अर्कातिर त्यस परिवेशमा घटित भएको घटना प्रस्तुत भएको हुन्छ । त्यसैले पाठमा प्रयुक्त भएको वैचारिक अन्तःसूत्रको निरन्तरतालाई केलाउने आधार परिवेश घटना सम्बन्ध पनि रहेको छ ।

### (छ) घटना परिवेशको सम्बन्ध

कुनै पनि सङ्कथनमा पहिलो वाक्य घटना स्वरूप आएमा त्यहाँ घटना र परिवेशको सम्बन्ध रहन्छ (पौडेल र पोखरेल, २०७१ : २९) । यस्ता सम्बन्धमा पूर्व घटनाको स्थान वा परिवेश पश्च वाक्यमा प्रस्तुत गर्ने काम हुन्छ ।

### (ज) व्यतिरेकी तुलनाको सम्बन्ध

कुनै पनि वाक्यमा प्रयुक्त दुईवटा वाक्यहरूको समानता र असमानताको तुलना गर्नु व्यतिरेकी तुलनाको सम्बन्ध हो (पौडेल र पोखरेल, २०७१ : ३०) । यस्ता व्यतिरेकी तुलना सम्बन्ध दर्शाउने एकातिर, अर्कातिर, चाहिँ, तर आदि संयोजक शब्दको प्रयोग गरिन्छ ।

### (झ) आर्थी पर्यायको सम्बन्ध

पाठमा विचार वा अभिव्यक्तिलाई पुष्टि गर्न विचारको समानता जनाउने अन्य कथनहरू आएमा त्यहाँ अर्थगत पर्यायता कायम हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३२) । यसमा प्रत्यक्ष रूपले बाह्य समानता नै पूर्ण रूपमा कायम नभए तापनि आन्तरिक रूपमा कायम भएको हुनसक्छ ।

### (ञ) आर्थी विपर्यायको सम्बन्ध

सङ्कथनको संरचनामा प्रस्तुत वाक्यमध्ये अघिल्लो वाक्यको प्रतिकूल अर्थ दिने गरी पछिल्लो वाक्य आउनुलाई आर्थी विपर्याय र यी दुई बिचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ । यस किसिमको आर्थी सम्बन्ध गराउनको लागि तर, तापनि, पनि, तथापि, यद्यपि, नभए जस्ता संयोजकहरू आउन सक्छन् ।

### (ट) स्मरणको सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुईवटा वाक्यमध्ये एउटा अतितसँग सम्बन्धित र अर्को अभूतसँग सम्बन्धित वाक्य भएमा यस्ता वाक्यका बिचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ : ३०) । यस्तो वाक्यमा अहिलेका कुरा यथार्थमा पहिलेको कुराको याद थपिएको हुन्छ ।

### (ठ) प्रयोजनको सम्बन्ध

घटना वा कार्य पहिले वा पछि प्रस्तुत गरेर मात्र पछि त्यसको प्रयोजन वा कार्य प्रस्तुत गर्दा सङ्कथनमा अन्तर्वाक्यीय संरचनागत सिलसिलाले विशिष्टता प्राप्त गर्दछ (भुसाल, २०६९ : १७२) । यस्तो सम्बन्धमा एउटा वाक्यको उद्देश्य अर्को वाक्यले प्रस्तुत गरेको हुन्छ । यसअन्तर्गत भनेर, भन्नका लागि, भन्नका निम्ति, भन्ने उद्देश्यले, भन्ने ठानी आदि जस्ता सम्बद्धनको प्रयोग हुन्छ ।

### (ड) अनुमानको सम्बन्ध

विचार, घटना, प्रसङ्ग आदिसँग सम्बन्धित भएर प्रस्तोताले प्रस्तुत गरेको अनुमानका आधारमा पनि पाठमा प्रयुक्त अर्थ सम्बन्धलाई पत्ता लगाउन सकिन्छ (पौडेल र पोखरेल, २०७१ : ३२) । अघिल्लो वाक्यसँग सम्बन्धित हुने गरी पछिल्लो वाक्यमा अनुमान गर्ने कार्य भएको अवस्थामा ती दुई वाक्यमा परस्पर अनुमानको सम्बन्ध स्थापित हुन्छ ।

### (ढ) परिचयात्मक सम्बन्ध

एउटा वाक्यले वस्तु, व्यक्ति वा स्थान र अर्को वाक्यले तिनै कुरासित सम्बन्धित गुण र विशेषता जनाएमा ती वाक्यहरूमा परिचयात्मक सम्बन्ध भएको मानिन्छ (पौडेल र पोखरेल, २०७१ : ३३) । यसलाई विशेष्य विशेषणको सम्बन्ध पनि भनिन्छ ।

### (ण) स्पष्टोक्ति सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यको भनाइ स्पष्ट गर्न अर्को वाक्य आएमा त्यहाँ स्पष्टोक्ति सम्बन्ध हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३१) । यसमा एउटा वाक्यले अर्को वाक्यको विचारलाई पुष्टि गरेको हुन्छ ।

### (त) व्याख्यात्मक सम्बन्ध

पाठमा प्रयुक्त दुई वाक्यमध्ये पहिलो वाक्य परिचयका क्रममा र दोस्रो वा पछिल्लो वाक्य त्यसको पुष्टिका लागि आएमा ती वाक्यहरूबिचको अन्तर्सम्बन्धलाई व्याख्यात्मक सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ : ३३) । व्याख्यात्मक सम्बन्धअन्तर्गत के, भने, अर्थात्, किनभने जस्ता संयोजक प्रयोग भएका हुन्छन् ।

### (थ) समुच्चयबोधक सम्बन्ध

सङ्कथन वा पाठमा रहेका कुनै दुई वाक्यहरू एकआपसमा अन्तर्मिश्रित भई समानान्तर सम्बन्धमा उनीएको अवस्थामा समुच्चयबोधक सम्बन्ध स्थापित हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३४) । समुच्चयबोधक सम्बन्धअन्तर्गत र, पनि, एकातिर, अर्कातिर, न आदि संयोजक शब्दहरूको प्रयोग भएको हुन्छ ।

### (द) रीतिबोधक सम्बन्ध

पाठमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा अभिव्यक्तिगत घटना, कार्य वा विचार र अर्को वाक्य त्यसको शैली वा तरिका बुझाउन प्रयोग भएमा ती वाक्यबिचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ :३४) । यस्तो सम्बन्धअन्तर्गत कसरी भने, यसरी कि, यति कि, मानौँ कि, जस्तो कि आदि जस्ता शैली सूचक सम्बद्धनको प्रयोग भएको हुन्छ ।

## (ध) अनुक्रमबोधक सम्बन्ध

पाठमा प्रयोग भएका वाक्यहरूका बिचमा रहेको स्थानिक, कालिक, तार्किक तथा विषयगत क्रमलाई अनुक्रमबोधक सम्बन्ध मान्न सकिन्छ । पाठमा अनुक्रमबोधक सम्बन्धलाई जनाउन र, अनि, पनि, त्यसपछि, त्यहाँबाट आदि जस्ता सम्बद्धनहरू प्रयोग भएका हुन्छन् ।

## (न) प्रश्नोत्तर सम्बन्ध

सङ्कथनमा प्रयुक्त पहिलो वाक्यमा प्रश्न गरी दोस्रो वाक्यमा त्यसको उत्तरको क्रम भएमा यस्ता वाक्यहरूबिचको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ : ३५) । यस्तो सम्बन्धमा एउटा वाक्य विषयनिष्ठ प्रश्न र अर्को वाक्य त्यसको उत्तरका रूपमा आएको हुन्छ । यसरी आएको अन्तर्सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

## (प) प्रश्नार्थगत सम्बन्ध

पाठमा प्रश्नोत्तर सँगसँगै प्रश्न मात्र सोध्ने क्रममा पनि पाठमा निहित वैचारिकताको सम्प्रेषण हुनसक्छ । पाठको मूल आशय, विचार, कथन, घटना, सन्दर्भ आदिसँग सम्बन्धित भएर प्रश्नहरू एकपछि अर्को गर्दै सोधिएमा त्यसमा प्रश्नार्थगत सम्बन्ध रहन्छ (पौडेल र पोखरेल, २०७१ : ३६) । यसअन्तर्गत कुन, के, कहिले, कहाँ, कता, किन, कसले कसरी आदि जस्ता सम्बद्धनको प्रयोग भएको हन्छ ।

## (फ) पुनरुक्तिको सम्बन्ध

सङ्कथनमा प्रयुक्त भाषिक एकाइहरूमा एउटै भाषिक घटना, सन्दर्भ आदिको अनेक पटक पुनरावृत्ति भएर अर्थ स्पष्ट पार्ने भूमिका खेलेको खण्डमा त्यहाँ पुनरुक्तिको सम्बन्ध रहन्छ (पौडेल र पोखरेल, २०७१ : ३८) । यसले पाठमा निहित वैचारिक पक्षलाई बुझ्न सजिलो बनाउँछ ।

## (ब) युगपदबोधक सम्बन्ध

पाठमा प्रयुक्त भएका अनेक वाक्यहरूमा यस्ता घटना सन्दर्भहरू एकै पटक भएको देखिएमा ती वाक्यबिचको सम्बन्धलाई युगपदबोधक सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल,

२०७१ : ३८) । युगपद भन्नाले कुनै पनि घटना, सन्दर्भ, विषय आदि एकैपटक भएको भन्ने बुझिन्छ ।

## (भ) शीघ्रताबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यका बिचमा घटना वा कार्य सँगसँगै तत्काल सम्पन्न भएमा ती वाक्यका बिचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भन्निछ (भुसाल, २०६९ : १७३) । यस्ता सम्बन्धमा अघिल्लो कार्यपछि पछिल्लो कार्य तत्काल भएको देखिन्छ ।

## (म) आज्ञार्थक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा आधारित भई पछिल्लो वाक्यले आज्ञा, परामर्श वा अनुरोध बुझाएमा ती वाक्यका बिचको सम्बन्धलाई आज्ञार्थक सम्बन्ध मान्न सकिन्छ (पौडेल र पोखरेल, २०७१ : ३९) । यसमा आज्ञाले 'यसो गर्नु' भन्ने निर्देश दिन्छ ।

अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

कुनै पनि अध्ययन वा अनुसन्धान गर्दा अनुसन्धानकर्ताले अनुसन्धानको विषय र प्रकृतिअनुसार निश्चित नियम, प्रक्रिया र तरिका अपनाई अध्ययन गर्नुपर्ने हुन्छ । यसरी अध्ययन वा अनुसन्धान गर्दा अनुसन्धानकर्ताले आफ्नो अध्ययन गर्ने विषयमा केन्द्रित हुनलाई कुनै पनि विधिको सहयोग लिनुपर्दछ । अध्ययन वा अनुसन्धान गर्ने क्रममा विभिन्न किसिमका विधिहरूको प्रयोग गरिएको हुन्छ । त्यस्ता विधिहरूले अध्ययन वा अनुसन्धानको उद्देश्य परिपूर्ति गर्न र निष्कर्षमा पुग्न सहज बनाउने गर्दछ । त्यसैले 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गर्दा मुख्य रूपमा पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ भने अन्य विधिमा खोज विधि, छलफल विधि र व्याख्या विश्लेषण विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानसँग सम्बन्धित पाठ्यपुस्तकको सङ्कलन गरी 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषणअन्तर्गत सम्बद्धक र सम्बद्धनको प्रयोगावस्था केलाइएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

प्रस्तुत शीर्षकको शोधका लागि निम्नानुसार प्रक्रिया अपनाइएको छ :

### ३.२.१ सामग्री सङ्कलनका स्रोतहरू

अनुसन्धाताले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् (भण्डारी र अन्य, २०७१ : ५८) । अनुसन्धाताले सामग्री सङ्कलन गर्ने क्रममा तथ्याङ्क सङ्कलन गर्ने स्रोतहरू के हुन् त्यसको पत्ता लगाउनुपर्दछ । त्यसैले शोधकार्य गर्ने क्रममा विभिन्न किसिमका सामग्री सङ्कलन गर्दा प्रयोग गरिने दुई प्रकारका स्रोतहरू निम्नानुसार रहेका छन् :

#### ३.२.१.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण रहेकाले प्राथमिक स्रोतको रूपमा रूपनारायण सिंहद्वारा रचना गरेको 'भ्रमर' उपन्यासलाई प्रमुख आधार बनाइएको छ । उक्त उपन्यासमा सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले

अध्ययन गर्ने भएकाले यस उपन्यासलाई नै मूल आधार बनाएर अध्ययन वा अनुसन्धान गरिएको छ ।

### ३.२.१.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यको द्वितीयक स्रोतका लागि सङ्कथन विश्लेषणसँग सम्बन्धित लेख, प्रकाशित तथा अप्रकाशित पुस्तकहरू र हालसम्म भएका विभिन्न शोधहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । सङ्कथन विश्लेषणसम्बन्धी विज्ञहरूका सल्लाह, सुझाव र परामर्शलाई पनि द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

## ३.३ सङ्कलित तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत शोधका लागि प्रमुख रूपमा पुस्तकालयीय अध्ययन र अन्य खोज तथा छलफल विधिको आधारमा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरी 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरिएको छ । यसरी 'भ्रमर' उपन्यासमा प्रयुक्त सङ्कथनका युक्ति सम्बद्धक र सम्बद्धनको व्याख्या तथा विश्लेषण गरिएको छ । सङ्कथन विश्लेषण सैद्धान्तिक आधारमा आधारित भएर उपन्यासको विश्लेषण गरिएको छ । उक्त उपन्यासमा प्रयोग गरिएका सम्बद्धकहरू सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, विपरीतार्थी सम्बद्धक र पर्यायवाची सम्बद्धकको खोजी गरी विश्लेषण गरिएको छ ।

यस शोधकार्यमा सम्बद्धनको अध्ययन गर्ने क्रममा कार्य कारण सम्बन्ध, कारण कार्य सम्बन्ध, परिणामबोधक सम्बन्ध, सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, घटना परिवेश सम्बन्ध, व्यतिरेकी तुलनाको सम्बन्ध, आर्थी पर्याय सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध, स्मरणको सम्बन्ध, परिचयात्मक सम्बन्ध, अनुमानको सम्बन्ध, प्रयोजनको सम्बन्ध, स्पष्टोक्तिको सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, रीतिबोधक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, पुनरुक्तिको सम्बन्ध, युगपदबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध र आज्ञार्थक सम्बन्ध जस्ता सम्बद्धनको खोजी गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्याय : चार

# व्याख्या तथा विश्लेषण

## ४.१ 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण

उपन्यासकार रूपनारायण सिंहको 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धकहरूको पहिचान गरी तिनको विश्लेषण गरिएको छ । यस अध्ययनमा सैद्धान्तिक रूपमा चर्चा गरिएका सबै सम्बद्धकका प्रकारको खोजी गरी अध्ययन गरिएको छ :

### ४.१.१ सार्वनामिक सम्बद्धक

सम्बद्धकहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण भूमिका सार्वनामिक सम्बद्धकहरूले खेलेका हुन्छन् । त्यसैले सार्वनामिक सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

#### ४.१.१.१ पुरुषवाचक सार्वनामिक सम्बद्धक

निर्दिष्ट उपन्यासमा तलको तालिकामा दिइएअनुसार विभिन्न प्रकारका पुरुषवाचक सार्वनामिक सम्बद्धकहरू प्रयोग भएका छन् :

**निर्धारित उपन्यासमा प्रयुक्त पुरुषवाचक सार्वनामिक सम्बद्धकहरू**

**तालिका नं. १**

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म, हामी | तँ, तिमी, तपाईं | यो, ती, यिनी, ऊ, उनी |

- म अब जाँदैछु ।
- यो रूपले मासिसका पवित्र भावलाई जगाइदिन्छ ।
- यो रूपले लक्ष्मी सम्झना गराउँछ शारदाको झलक यस रूपमा पाइन्छ ।
- यो त प्रकृतिको एउटा अनिवार्य नियम हो दृष्टान्त मात्र हो ।
- म जस्तो लाज पचेको पुरुष संसारमा विरलै होला ।
- हामी कि ता भारी बोकुवा कि अफिसमा तल्लो दर्जाका कलम कोर्ने ता छौं नि ।
- यो अनुपम सौन्दर्यले वीणाको तरुण प्राणलाई मत्यायो ।

) म कहाँ जान लागिरहेको थिएँ जान्दिनथें ।

) तपाइँको अन्तिम आदेश पालना गर्न म असमर्थ छु ।

) तपाइँ मेरो आराध्य देवता हुनुहुन्छ ।

) म तिमीलाई संसारमा सबैभन्दा श्रेष्ठ ठान्छु ।

) तपाइँ के यहाँ नौलो हुनुहुन्छ ?

) म ता ठूलो विपद्मा परें ।

) यो बेलासम्म घुइँचो धेरै घटिसकेको थियो ।

) तपाइँ कलेजमा के गर्नुहुन्छ नि ?

) तपाइँको डाक्टरी पढ्ने अभिरुचि उत्तम हो ।

) हामी नेपालीहरूमा ता यस्तो मित्रताको एउटै अर्थ मात्र हुन्छ ।

) म पनि त्यही कुरा सोध्न लागिरहेथ्यो ।

) तिमी स्वयम् आइपुग्यौ बढीया भो ।

) तँ के भन्छेस् ?

) म एकछिन यसो डुलेर आऊँ ।

) म खोजी गर्न हिंडे ।

) तँ अब ठूली भइस् ।

) तिमी दुबै स्त्रीहरूले आजदेखि शेखर मरेको छ कि बाँचेको छ, बिर्सिदेऊ ।

) तपाइँले क्या नाम कस्तो मिठो गाना पनि सुनाउनु भएथ्यो ।

) यो थियो शेखरको प्रथम पराजय ।

) तपाइँ यिनैलाई मास्टर राख्नुहोस् ।

) तिमी भाग गौरी म देखि टाढा भाग ।

) तिमी सरला औ निष्पापा छौ ।

) म यथासम्भव चेष्टा गरिरहन्छु

) यो साम्यवाद हो भनी तपाइँ भन्नुहुन्छ भने म केही भन्दिनँ ।

) तँ पनि हिंड हामीसित ।

) म थिएँ संसारमा नितान्त एक्लो ।

- तपाईंले एउटा ठूलो भूल गरेको बुझिन्छ ।
- तिमीले अखबारहरूमा एउटा सूचना शेखरलाई घर फर्कने अनुरोध गरी प्रकाश गरिदेऊ ।
- यो काँट हजुरलाई दिन्छु भन्छ ।
- हामी दुई सरासर अस्पताल गयौँ ।
- तिमीभन्दा उमेरमा जेठी हुनाले बैनीलाई अर्ती दिने हक मलाई छ ।
- मोहन म तिम्रो प्रेम औ आदरको योग्य छैन ।
- यो कुरा मैले भन्दा बढ्ता तिमीले जानेकी छ्यौ ।

### ४.१.१.२ आत्मवाचक सार्वनामिक सम्बद्धक

नाम तथा सर्वनामका पछाडि आफू बुझाउन प्रयोग हुने सर्वनामलाई आत्मवाचक सर्वनाम भनिन्छ । यस उपन्यासमा आत्मवाचक सार्वनामिक सम्बद्धकहरू निम्नानुसार छन् :

| आफू, आफ्नो, आफ्नै, स्वयम् |
|---|

- आफैँ नि ता ।
- शेखर आफूलाई यसरी एक्कासी धुर्तहरूको पञ्जामा देख्दा विमूढ भयो ।
- औ त्यसपछि शेखरले देसाईजीको सेवामा आफूलाई डुबायो ।
- लिलुवामा उसको आफ्नै एउटा जुटको मिल (कारखाना) पनि थियो ।
- गौरीले आफ्नै हातले चिया खाजा तयार गरी शेखर र राई दुबैलाई खुवाई ।
- यहाँ स्वयम् गाईजन्तुको आहारको तत्त्वाधन गर्छ ।
- कुबीरमान राई स्वयम् सामान्य नेपाली मात्रै पढ्न जान्दथ्ये ।
- आफ्नै बुद्धिले भ्याएभरि समाजसेवामा मन लाउँछ असल निःस्वार्थ समाजसेवक त्यही हो ।
- आफ्ना हातको पुस्तक टेबुलमा राखेर मोहनले उच्च स्वरले भन्यो ।
- तिमी स्वयम् आइपुग्यौ बढीया भो ।
- दार्जीलिङ म स्वयम् नगएको प्रायः पाँच वर्ष भएथ्यो, अस्ति ग्रीष्म ऋतुका बिदामा पुगेर आएँ ।

- मोहनविक्रम पनि युवतीले आफूलाई अवाक् भएर हेरेको देख्ता पो झल्याँस भयो ।
- ठूलो उत्साह र निःस्वार्थ भावले त्यो आफ्नो काममा लागिरहेको छ ।
- अर्को प्रेम आफूले अनुभव गरेका अनुभूतिमा आनन्द मान्छ औ आफूले अर्काका निमित्त गरेको त्यागमा सन्तुष्ट हुन्छ ।
- प्राचीन आदर्श अटुट राख्नु म आफ्नो कर्तव्य ठान्छु ।
- सबै आफ्ना आफ्ना काममा छन ।
- आफ्नो नवयौवन शेखरलाई उत्सर्ग गरी ।
- मोहनले त्यो लक्ष्य गरेर आफ्नो चाल अल्लि ढिलो पा¥यो ।
- औ शेखर पनि त कुरा सुन्दैछ छ, तर आफ्नै विचार धारामा मग्न छ ।
- शेखरले आफूलाई एकोहोरो हेरिरहेको देख्दा वीणालाई किञ्चित लाज लाग्यो ।
- आफ्ना परम प्रिय मित्रकी छोरीलाई आफ्नी मुखेनीले यस्तो प्रेम गरेको देखेर ललितसिंह आत्मप्रसादको दीर्घ निःश्वास तान्छन् ।
- संसारमा वीणाको आफ्नो भन्ने एउटी बूढी फूपू बाहेक अरु कोही छैन ।

### ४.१.१.३ दर्शकवाचक सार्वनामिक सम्बद्धक

कुनै व्यक्ति, वस्तु र धारणालाई तोकेर देखाउने वा नजिक या टाढा कहाँ रहेको छ भनेर किटानी गर्ने शब्दलाई दर्शकवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । निर्धारित उपन्यासमा प्रयोग भएका दर्शकवाचक सार्वनामिक सम्बद्धकहरू निम्नानुसार छन् :

**निर्धारित उपन्यासमा प्रयुक्त दर्शकवाचक सार्वनामिक सम्बद्धकहरू**

**तालिका नं. २**

| निकटवर्ती | दुरवर्ती |
|---|---|
| यो, यस, यी, यिनका, यिनी, यिनीहरू | त्यो, ती, उसका, तिनी, तिनीहरू |

- यो कुरा मैले भन्दा बढ्ता तिमीले जानेकी छ्यौ ।
- बैनी प्रथमतः तिमीलाई त्यो कुरा जो मैले कलकत्तामा बारबार भनेथें, फेरि दो¥याउँछु ।

- त्यो दृश्य फेरि भेटिन्छ औ अर्कै दृश्य देखिन्छ ।
- ती दुई मुसलमान ड्राइभर र सिख पनि पक्राऊ परेर बाँधिए ।
- ललितसिंहले ती दुईलाई गृहिणी, वीणा र परशुरामसित परिचय गराइदिए ।
- यो काँट हजुरलाई दिन्छु भन्छ ।
- के त्यो मानिस तेरो केही पर्छ ।
- कुर्सीमा त्यो अचल, मौन रह्यो ।
- यिनलाई छोरा बुहारीका रूपमा देख्न नपाए म ता आत्मघात गर्नेछु ।
- शेखरले त्यो सूचना पुनः एकचोटि पढ्यो ।
- भोलिपल्ट बिहान त्यो फेरि नित्य नियमित समयमा हबडा स्टेशन पुग्यो ।
- शेखरलाई यो कुरा कर्णवीरले सुनाएको थियो ।
- शेखर यी सबै ढाँचाको विरोधी छ ।
- तर यो आकर्षणमा, यो मोहमा बासनाको लेश पनि छैन ।
- यो चपला बालिकाको प्रश्नको उत्तर शेखरको मनमा आउँदैन ।
- ती पनि आर्य समाजका एकजना कट्टर अनुयायी थिए ।
- यो तिनलाई मीठो कुरा लागेछ ।
- त्यो सेतो सुट लाएको युवकको कतैपट्टि ध्यान छैन ।
- यो कुरा आज मैले पक्का बुझें ।
- यो असाधारण कुरो थिएन ।
- तै पनि यो घटनाले शेखरको मनलाई साह्रै विचलित पाऱ्यो ।
- त्यो अनुहार कहिले कता देखेजस्तो लागेर मोहनले राम्ररी ठिम्याउने चेष्टा गऱ्यो ।
- जति दिन यो प्रेम स्थायी रहन्छ, हामी छुट्टिन सक्तैनौँ ।
- यो रूपले मासिसका पवित्र भावलाई जगाइदिन्छ ।
- यो रूपले लक्ष्मी सम्झना गराउँछ शारदाको झलक यस रूपमा पाइन्छ ।

### ४.१.१.४ सम्बन्धवाचक सार्वनामिक सम्बद्धक

निर्धारित उपन्यासमा प्रयुक्त सम्बन्धवाचक सार्वनामिक सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

| जे, जुन, जब, जो |
|---|

- दुई जनाका माझमा जो बादल थियो त्यो हट्यो ।
- बडो मुश्किलले जब बजारका कुनामा एउटा लामो दाल चामलको पसल खोलिरहेछु अच्छा, यो कुरा परै रहुन् ।
- उही पत्र हो जो शेखरले दार्जीलिङमा मोहनलाई पढ्न दिएको थियो ।

### ४.१.१.५ प्रश्नवाचक सार्वनामिक सम्बद्धक

निर्धारित उपन्यासमा प्रयुक्त प्रश्नवाचक सार्वनामिक सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

| के, कुन, कुनै, केही, कसरी |
|---|

- आराध्य देवता के माया दिदीका कुरा साँचा हुन् ?
- मोहनले अल्लि विस्मित भएर सोध्यो, किन ?
- डाक्टरहरूले के ठहराएछन् ?
- भन माया भन शेखरलाई के भयो ?
- किन चूप लागेको ?
- अब विजयालाई के गरिदिने ?
- शेखरले हाँसेर भन्यो नेपाली वीर पनि कहिल्यै मोटरमा चढेर समाजसेवा गर्न जान्छ के ?
- अब तिनका जहान बालबच्चाको के हुने हो ?
- लट्टे जेठाले पनि अटेस खाएपछि तिनको के चल्थ्यो र ?

- श्यामालाई केही विसञ्चो पो भयो कि क्या हो ?
- गोठालाहरूलाई पढाएर के लाभ ?
- तपाईंको बाँसको मुरली नबजाई कसरी गोठाला हुनुहुन्छ ?
- महाश्यजी ! क्या नाम तपाईं किन तेस्रो दर्जामा यात्रा गर्नुहुन्छ ?
- शेखर विचरा के गरोस् ?
- यस्तो पानी झरीमा के भनेर यसरी भिजिहिंडेकी ?
- तँ के भन्छेस् ?
- तिमी जस्ता स्वार्थीले पवित्र प्रेमको मर्म के बुझौला ?
- तपाईं कलेजमा के गर्नुहुन्छ नि ?
- के उपायले यो उभय सङ्कटदेखि बाँच्ने ?
- खबर बाह्रै महिना यहीँ बिताउने मानिसको हालखबर के बताउनु पर्छ र ?
- स्वास्नी मानिसले कलेज पढेर पो के गर्ने ?
- पिताले पुत्रलाई यहाँदेखि बढ्ता के गरिदिने ?
- तर यो आकर्षणमा स्वच्छन्दता कहाँ ?
- तारमा केही अशुभ समाचार त आएन ?

यसरी 'भ्रमर' उपन्यासमा सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा सार्वनामिक सम्बद्धकहरू ११४ पटक प्रयोग भएको पाइन्छ । जसमध्ये पुरुषवाचक सार्वनामिक सम्बद्धक ४० पटक, आत्मवाचक सार्वनामिक सम्द्धक २२ पटक, दर्शकवाचक सार्वनामिक सम्बद्धक २५ पटक, सम्बन्धवाचक सार्वनामिक सम्बद्धक ३ पटक र प्रश्नवाचक सार्वनामिक सम्बद्धक २४ पटक प्रयोग भएको पाइन्छ ।

## ४.१.२ स्थानिक तथा कालिक सम्बद्धक

सङ्कथनमा प्रयोग भएका युक्तिले स्थान विशेषलाई सङ्केत गरेमा स्थानिक सम्बद्धक हुन्छ भने समयसँग सम्बन्धित सान्दर्भिक युक्तिलाई कालिक सम्बद्धक भनिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त स्थानिक तथा कालिक सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

## निर्धारित पाठमा प्रयुक्त स्थानिक तथा कालिक सम्बद्धकहरू

### तालिका नं. ३

| स्थानिक सम्बद्धक | कालिक सम्बद्धक |
| --- | --- |
| टाकुरामा, भुइँमाथि, सहरका, बर्चहिलमा, तिरमा, कलेजमा, संघारमा, विदेशमा, बङ्गोपसागरमा, क्याबिन, दार्जीलिङमा, शहरमा, प्ल्याटफार्ममा, आकाशतिर, लिलुवामा , तलामा, स्टेशनमा, अस्पतालमा, भित्तामा | हिजो, आज, पहिले, अहिले, भोलि, पर्सी, बिहान, साँझ, रातीएक, छिनपछि, भोलिपल्ट, अहिले |

- बेलुकाको रेल छुट्न अझै दस मिनेट छ ।
- साँझ पर्न अझै अल्लि बेर छ ।
- हिमालयका टाकुरामा अस्ताउन लागेका सुर्यका पहिंला किरणमा, बगैंचाका प्रत्येक फूलमा शेखरको स्मित अनुहार झल्कन्छ ।
- कोठाको माझमा भुइँमाथि गलैंचा ओछ्याइएको थियो ।
- दार्जीलिङका सहरका बाटा-घाटा वन-जङ्गल सबैले यो विशाल सौन्दर्यको आयोजना कहिले गरे ?
- एक छिनपछि कोठाबाट बाहिर निस्केर वीणा ठूलो विस्मयमा परी ।
- आज पाँच वर्षपछि मोहन दार्जीलिङ फर्केर आउँदैछ ।
- बर्चहिलमा पुगेर जङ्गलको एउटा एकान्त कुनामा ती दुई मित्र झारमा लोटेर गफ गर्न लागे ।
- हिजो बेलुका तुलसी बाजेको अनुहारमा कति ठूलो दुःखको झलक देखिन्थ्यो ।
- बिहान भयो ।
- साँझ परिसकेको छ ।
- बाहिर हरिसन रोडमा ट्राम, घोडागाडी, मोटर रिक्साका स्वरले कोलाहल मच्चिरहेको थियो ।
- आज चन्द्रग्रहणको उपलक्ष्यमा अनेक हिन्दु नरनारी गंगा नुहाउन आएका छन ।

- भोलिपल्ट बेलुका मोहन बूढाको डेरामा पुग्यो ।
- नदीको तिरमा एउटा पुरानो तिन तले घर ।
- तपाइँ कलेजमा के गर्नुहुन्छ नि ?
- प्राय: आठबजे राती मोहन त्यहाँबाट बिदा भएर विश्वविद्यालय फर्क्यो ।
- माया नै शेखरका विषय वासनाको शिकार रहिछ भन्ने विचार अहिले मोहनको मनमा प्राय: पक्का भइसकेको छ ।
- भोलिपल्ट मोहन होस्टेलको कोठामा बसेर एउटा पत्र लेख्न लागिरहेथ्यो ।
- आज तिम्रो मुखबाट सुनें ।
- माया ढोकाको संघारमा उभिएर यो दृश्य हेरिरहेकी थिई ।
- बेलुका साँच्चै नै आशानुकूल वृष्टि थामियो ।
- चारैपट्टि बिहान भएको जस्तो दृश्य देखिन थाल्यो ।
- विदेशमा केही अमङ्गल पो भयो कि बिरामी पो भयो कि भन्ने अनेक प्रकारका दुश्चिन्तामा वीणा परेकी छ ।
- यो कुरा आज मैले पक्का बुझें ।
- भोलिपल्ट जहाज बङ्गोपसागरमा छ ।
- तपाइँको क्याबिन कति नम्बर ?
- तपाइँलाई मैले दार्जीलिङमा देखे जस्तो लाग्छ ।
- मलाई रातीदेखि  गानुले चौपट्टै दु:ख दिइरहेछ ।
- रगूंन जस्तो अघि कहिल्यै नआएको शहरमा नोकरी पो कहाँ खोज्ने ?
- गौरी र मोटा राई दुबै प्ल्याटफार्ममा ओर्लिए ।
- आज यही जङ्गलमा घोर वनका माझमा गोठालाहरूको गाउँ छ ।
- शेखर बिहान एकचोटी त्यहाँ डुल्न जान्छ ।
- गोठमा असङ्ख्य दियालो र राँका बल्छन् ।
- अश्रुपूर्ण नेत्रले आकाशतिर त्यो एकछिन हेरिरह्यो ।
- प्रोम र गोठमा कत्रो परिवर्तन भइसक्यो ।
- हिजो रातीको कुरा ।

- हजुरका पिता दार्जीलिङमा राजा समानका हुनुहुन्छ रे ।
- लिलुवामा एउटा गुजराती परिवार बसेको थियो ।
- भोलिपल्ट बिहान त्यो फेरि नित्य नियमित समयमा हबडा स्टेशन पुग्यो ।
- माथिल्ला तलामा एउटा ठूलो शयन कक्ष छ ।
- घरमा तिनको विशेष बास छैन औ घरका मानिसहरूसित वार्तालाप गर्ने तिनको अभिरुचि देखिँदैन ।
- भोलि चारबजे आए है ।
- भोलि छ बजे मोहनले तिनलाई स्टेशनमा भेटे बृद्ध सारै बाधित हुने ।
- हिजो तिमीलाई भेट्दा सारै आनन्द लाग्यो ।
- अहिले डाक्टरहरूले कसैलाई पनि भित्र पस्न दिने छैनन् ।
- मोहन र माया बिरामी हेर्न अस्पतालमा गएका छन् ।
- आज बेलुका यो पत्र पढेर म ता अवाक् भएँ ।
- दक्षिणपट्टि भित्तामा छानानेर एउटा निकै ठूलो प्वाल थियो ।
- एकछिन पनि अबेर गर्न सकिनँ ।
- बैनी प्रथमतः तिमीलाई त्यो कुरा जो मैले कलकत्तामा बारबार भनेथें, फेरि दोऱ्याउँछु ।
- आज शेखरको हर्ष असीम छ ।
- दलानमा रामे कुचो लाउँदै थियो ।

यसरी उक्त उपन्यासको सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा स्थानिक तथा कालिक सम्बद्धकहरू जम्मा ९६ पटक प्रयोग भएको पाइन्छ ।

### ४.१.३ संयोजक सम्बद्धक

दुई वा दुईभन्दा बढी शब्द, पदावली र उपवाक्यलाई जोडी सम्बन्ध स्थापित गर्ने अव्यय शब्दलाई संयोजक भनिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त संयोजक सम्बद्धकहरू निम्नानुसार छन् :

## उक्त उपन्यासमा प्रयुक्त संयोजक सम्बद्धकहरू

### तालिका नं. ४

| सापेक्ष संयोजक | निरपेक्ष संयोजक |
|---|---|
| जब | र, तर पनि |

- बिहेमा देसाई र तिनकी पत्नी पनि आएका थिए ।
- मोहन र मायाका आँखा जुध्हे ।
- शेखर र विजयालाई प्रतारणा गर्ने सिख ड्राइभर कोठामा ल्याइयो ।
- मोहन र माया बिरामी हेर्न अस्पतालमा गएका छन् ।
- अहिले डाक्टरहरूले कसैलाई पनि भित्र पस्न दिने छैनन् ।
- शेखरको संताप र अनुतापले अब केही सप्रने छैन् ।
- माया लाजले भुतुक्क भई तर त्यसले पितालाई केही भनिन् ।
- अब वीणा र आमाका साम्ने मुख देखाउने साहस त्यसको मनमा आउन लाग्यो ।
- लामिछाने र गोविन्द जँड्याहा थिए ।
- वीणा मलाई प्रेम गर्छ, विश्वास गर्छे औ श्रद्धा र भक्तिका दृष्टिले हेर्छे । तर म त्यो भक्तिको अलि कता पनि योग्य छैन ।
- गौरीले यतिञ्जेल एकचोटी पनि शेखरको मुखतिर नजर घुमाएको छैन् ।
- एउटा समय थियो जब शेखर समाज मान्दैन्थ्यो ।
- वीणाले पनि शेखरलाई मोहित पाारी तर मोहन्धा पारिन ।
- पसीना र त्यसका बिचमा अविराम होड छ ।
- पन्ध्र मिनेटपछि शेखर र मोहन बस्नेतका घरका फाटकका अघि पुगेर उभिए ।
- बस्नेतका उदार व्यवहार र सरल चित्तसित सबै मुग्ध थिए ।
- सीता र सावित्री कथाका पात्रीहरू मात्रै हुन् ।
- शिक्षा र प्रगतिको मलाई चाह छ ।
- तै पनि यो घटनाले शेखरको मनलाई साह्रै विचलित पाऱ्यो ।

- औ शेखर पनि त कुरा सुन्दैछ छ, तर आफ्नै विचार धारामा मग्न छ ।
- पछि जरोले त बिस्तार बिस्तार छाड्यो तर माया दिनदिनै दुब्लाउन थाली ।
- मायाले रुँदै भनी, तर ससमाजले हामीलाई के भन्ला ?
- वीणा त्यही साल म्याट्रिक परीक्षा दिने थिई तर पिताको मृत्युले सबै काम स्थगित रहे ।
- वीणाका गालामा साधारण एउटा चोट र कुहिनामा अलि अलि चोट लागे छन् ।

यसरी उक्त उपन्यासको सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा संयोजक सम्बद्धकहरू जम्मा ६२ पटक प्रयोग भएको पाइन्छ ।

## ४.१.४ प्रतिस्थापन सम्बद्धक

सङ्कथनमा पहिले प्रस्तुत भइसकेको भाषिक सन्दर्भका सट्टा त्यसैसँग मिल्दो अर्को कुनै विशिष्ट भाषिक एकाइको प्रयोग हुनुलाई प्रतिस्थापन भनिन्छ । उक्त उपन्यासमा प्रयोग भएको प्रतिस्थापन सम्बद्धक निम्नानुसार रहेको छ :

- तिमीभन्दा उमेरमा जेठी हुनाले बैनीलाई अर्ती दिने हक मलाई छ । अतएव मेरा दुईवटा कुरा आज तिमीले सुन्नुपर्छ ।

यसरी उक्त उपन्यासको सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा प्रतिस्थापन सम्बद्धक जम्मा १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.१.५ लोप सम्बद्धक

सङ्कथनमा व्यक्त गरिएका कतिपय कुराहरूलाई पछिल्लो सन्दर्भमा हुबहु प्रस्तुत नगरी जनाऊ वा सङ्केत मात्र गर्दा पनि पूर्व सन्दर्भ खुल्ने वा व्यक्त हुने अवस्थालाई लोप सम्बद्धक भनिन्छ । प्रस्तुत उपन्यासमा लोप सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

- कलकत्ताको स्काँतिश चर्च कलेजमा ता आजकल छात्राहरूको सङख्या दिनदिनै बढ्दैछ । बेथुन कलेजमा भन्दा............. ।
- शेखरको बल्ल मुख खुल्यो म यो कुरा स्वीकार गर्छु । तर ....... ।

- त्यसपछि एकदिन दिउँसो बाहिर बैठकमा बसेर गफ गर्दै गरेका अवसरमा शेखरले भन्यो राई साहब ! अब तपाईंले मलाई बिदा दिनुपर्छ । तपाईंहरूको गुण म कदापि .......।

यसरी उक्त उपन्यासको सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा लोप सम्बद्धकहरू जम्मा ३ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.१.६ निपात सम्बद्धक

आफ्नो खास अर्थ नभएको तर वाक्यमा प्रयोग हुँदा भनाइमा जोड दिने र कहिलेकाहीँ अर्थमा भिन्नता दिने अव्यय पदलाई निपात भनिन्छ । प्रस्तुत उपन्यासमा प्रयोग भएका निपात सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

त, नि, नै पो, है, चाहिँ, न, रे, के, कि

- श्यामालाई केही विसञ्चो पो भयो कि क्या हो ?
- आज साँझ परेपछि मानिस कन्या हेर्न आउने रे ।
- हजुरका पिता दार्जीलिङमा राजा समानका हुनुहुन्छ रे ।
- बिहान बेलुका यी दुई कि ता गङ्गाका किनारमा कि ता डुल्न निस्कन्छन् ।
- एकमात्र सन्तान शेखरले गृहत्याग गरेको दिनदेखि वीणा नै तिनका जीवनको एकमात्र सहचरी औ सान्त्वना भएकी छ ।
- बस्नेत पसलमा के भिन्न लागिरहेथे औ माया पछिल्तिरबाट अभिएकी थिई ।
- भोलि चारबजे आए है ।
- तिनलाई मैले सानैमा आसामदेखि नै चिनेकी ।
- भित्र मुटु, कलेजो अथवा फोक्सो आदिमा आघात पऱ्यो कि परेन त्यो अहिले थाह भएको छैन ।
- वीणा अघि नै मायासित अस्पताल पुगिसकेकी थिई ।
- शेखर दाज्यूले अझै मलाई नै माया गर्छन् भनेर ।
- बाबु हामी पनि गोठतिर जाने कि कसो बाबु ?

- गोठालाहरू अघि नै उठिसकेका छन् ।
- अङ्गेजीमा तपाइँ खुबै जान्ने हुनुहुन्छ रे तपाइँ गीत पनि गाउनुहुन्छ रे, हो ?
- रगूंन जस्तो अघि कहिल्यै नआएको शहरमा नोकरी पो कहाँ खोज्ने ?
- गहनाचाहिँ फेरि जम्मे नेपाली ढाँचाका थिए औ चोला पनि नेपाली फेशनका ।
- तिमी दुबै स्त्रीहरूले आजदेखि शेखर मरेको छ कि बाँचेको छ, बिर्सिदेऊ । -
- शेखरले एउटा पुस्तकमा पत्र फर्काउँदै भन्यो त्यो त साँचो हो, उचित हो ।
- त्यहाँ न ता पानीको वर्षा छ न हिलो मैलो ।
- घाम झुल्केको त हाम्रै आँगनबाट पनि ता देखिन्छ नि ।
- समय कसरी बित्दैछ, बाहिर संसारमा के भै रहेछ, त्यसलाई केही थाह भएन ।
- तारमा केही अशुभ समाचार त आएन ?

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा निपात सम्बद्धकहरू जम्मा ६२ पटक प्रयोग भएको पाइन्छ ।

## ४.१.७ पुनरावृत्ति सम्बद्धक

भाषिक एकाइगत वा अभिव्यक्तिगत ढाँचाको पटक पटक हुने प्रयोगलाई पुनरावृत्ति भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त पुनरावृत्ति सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

फुपू-फुपू, खरसाङमा-खरसाङबाट, दस जनाका-दस जनाका, त्यसपछि-त्यसपछि, बिस्तार-बिस्तार, नयाँ-नयाँ, घाम-घाम, पानी-पानी, प्रेम-प्रेम, आफूले-आफूले, मुग्लान-मुग्लान, आँसु-आँसु, रातो-रातो, तृतीय श्रेणीको-तृतीय श्रेणीमा, कुरा-कुरा, घरमा-घरका, एकमात्र-एकमात्र

- संसारमा वीणाको आफ्नो भन्ने एउटी बूढी फुपू बाहेक अरु कोही छैन । यी बूढीया पनि टाढाको साइनोको फुपू ।
- तार खरसाङबाट आएको थियो । रणवीरसिंह खरसाङमा उच्च पदस्थ सरकारी कर्मचारी थिए ।

- तर फेरि समाजका माझमा बसेर अरु दस जनाका जीवनलाई भिन्न भिन्न प्रकारले प्रभाव पार्दछ । दस जनाका विचारलाई उल्टोपुल्टो गराइदिन्छ ।
- त्यसपछि । त्यसपछि फेरि एक दिन ।
- पछि जरोले त बिस्तार बिस्तार छाड्यो तर माया दिनदिनै दुब्लाउन थाली ।
- वीणाको जीवनमा आज नयाँ उमङ्ग छ, गतिमा नयाँ भङगी, शरीरमा बिजुलीको प्रवाह ।
- घाम सँधैभरि त लागिरहन्छ, तर खोइ, घामका ज्योतिमा यस्तो विपुल सौन्दर्य त्यसले कहिल्यै देखेकी थिइन ।
- मोहनले नजिकैको पानी-कलबाट पानी ल्लयाएर छ्यापिदियो औ दीप्तिले आफ्नो सारी च्यातेर वीणाका घाउमा पट्टी बाँधिदिई ।
- पछिल्लो प्रेम नै यथार्थमा प्रेम हो ।
- अर्को प्रेम आफूले अनुभव गरेका अनुभूतिमा आनन्द मान्छ औ आफूले अर्काका निमित्त गरेको त्यागमा सन्तुष्ट हुन्छ ।
- मुग्लानमा ता चियाका बोटमा पनि पैसा फल्छन् रे भन्ने रूपकथा सुनेर अर्काका लहलहैमा लागेर पहारखण्डका हली-कोदाले नेपालीहरू हजारौंका सङ्ख्यामा मुग्लान पस्छन् ।
- त्यसका आँसु आनन्दका आँसु ।
- मोटो मानिसको रातो अनुहार झन् रातो भयो ।
- त्यहाँ पुगेर तृतीय श्रेणीको एउटा टिकट काटेर त्यो तृतीय श्रेणीमा बस्ने ठाउँ खोजी हिँड्दै थियो ।
- केही कुरा बढाएर त्यसले भनेन केही कुरा लुकाएन ।
- घरमा तिनको विशेष बास छैन औ घरका मानिसहरूसित वार्तालाप गर्ने तिनको अभिरुचि देखिँदैन ।
- एकमात्र सन्तान शेखरले गृहत्याग गरेको दिनदेखि वीणा नै तिनका जीवनको एकमात्र सहचरी औ सान्त्वना भएकी छ ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा पुनरावृत्ति सम्बद्धकहरू जम्मा २५ पटक प्रयोग भएको पाइन्छ ।

### ४.१.८ पर्यायवाची सम्बद्धक

पाठमा प्रयुक्त भाषिक एकाइहरू भिन्न रूपमा समान अर्थ बुझाउन आएमा त्यसलाई पर्यायवाची भनिन्छ। उक्त उपन्यासमा प्रयुक्त पर्यायवाची सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

| |
|---|
| वन-जङ्गल, सुन्दरी-रूपवती, विवेक-बुद्धि, प्रेम-प्रिती, रीस-क्रोध, मौन-निस्तब्ध, विमुग्ध-विमूढ, प्राण-जीवन, वन-जङ्गल |

- वन, जङ्गल, गोठ चारैपट्टि नव प्राण संचार भयो।
- वीणा सुन्दरी, रूपवती, शिक्षिता औ शान्त थिई।
- मायालाई त्यसले आत्महारा भएर प्रेम गऱ्यो, प्रिती देखायो, प्रलुब्ध गरायो।
- यसरी आँखा चिम्लेर हिंडिरहथें, एकदिन वीणा विवेक र बुद्धिको प्रदीप लिएर मेरो अघि आई।
- रीस, राग औ क्रोध पचाई औ अपमानलाई बिर्सी शेखरले भन्यो।
- एकदिन दुबै मौन दुबै निस्तब्ध रहे।
- वीणा तिम्रो प्रथम दृष्टिले मलाई विमुग्ध पाऱ्यो, विस्मित गरायो औ विमूढ तुल्यायो।
- नयाँ प्राण, नयाँ जीवन यत्रतत्र सञ्चार भयो।
- दार्जीलिङका सहरका बाटा-घाटा वन-जङ्गल सबैले यो विशाल सौन्दर्यको आयोजना कहिले गरे ?

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा पर्यायवाची सम्बद्धकहरू जम्मा १० पटक प्रयोग भएको पाइन्छ।

### ४.१.९ विपरीतार्थी सम्बद्धक

कुनै पनि पाठमा प्रयोग भएका भाषिक एकाइहरू परस्पर रूपमा विपरीत अर्थ आएमा त्यसलाई विपरीतार्थी भनिन्छ। उक्त उपन्यासमा प्रयुक्त विपरीतार्थी सम्बद्धकहरू निम्नानुसार रहेका छन् :

राम्रो-नराम्रा, आकाश-पाताल, स्त्री-पुरुष, केटा-केटी, छोरा-छोरी, मरेका-बाँचेको, सुख-दुःख, बिहान-बेलुका

- शेखर बालककालदेखि संसारमा एकाकी हिड्थ्यो, राम्रो-नराम्रो विचार जति त्यसका मनमा उब्जन्थे ती सबै त्यसको हृदयकोटरमा थुनिई रहन्थे ।
- यस्तै अनेक थरीका विचारमा आकाश-पाताल एक गर्दै मोहन एउटा कुनामा आराम कुर्सीमा पल्टिरहेको छ ।
- स्त्री, पुरुष, केटा केटीहरू चारैपट्टिबाट घाटमा जम्मा हुन लागे ।
- हुलमुलमा कतिका छोरा-छोरी हराए, कतिका सङगी छुटे औ कति दुब्ला बूढाहरू बिच परे ।
- तिमी दुबै स्त्रीहरूले आजदेखि शेखर मरेको छ कि बाँचेको छ, बिर्सिदेऊ ।
- अघि-पछि चारैपट्टि छ अथाह जलसमूह ।
- गोठालाहरूका सुख-दुःख, आशा भरोशा, चिन्ता विचारका गथा, शेखर अत्यन्त चाख मानेर, मन लाएर सुन्छ ।
- बिहान बेलुका यी दुई कि ता गङ्गाका किनारमा कि ता डुल्न निस्कन्छन् ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धकअन्तर्गत विश्लेषण गर्दा विपरीतार्थी सम्बद्धकहरू जम्मा ८ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२ 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण

उपन्यासकार रूपनारायण सिंहको 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धनहरूको पहिचान गरी तिनको विश्लेषण गरिएको छ । यस अध्ययनमा सैद्धान्तिक रूपमा चर्चा गरिएका सबै सम्बद्धनका प्रकारको खोजी गरी अध्ययन गरिएको छ :

### ४.२.१ कार्य कारण सम्बन्ध

कुनै पनि सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्य कार्यका रूपमा प्रस्तुत भई पछिल्लो वाक्यमा त्यसकै कारण व्यक्त हुनुलाई कार्य कारणको सम्बन्ध भनिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त कार्य कारण सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- त्यसको न ता मोल न उद्देश्य ।
- हिजो बेलुका तुलसी बाजेको अनुहारमा कति ठूलो दुःखको झलक देखिन्थ्यो ।
- तिनको सास छिटोछिटो चल्न थाल्यो । निधारमा चटचटी पसीना आयो ।
- अघि गरेको अपराध स्वीकार गरेर तिनीहरूसँग माफि माग ।
- दोष गरें -स्वीकार गर्न आएँ- क्षमा प्राथना गरें ।
- खाममा शेखरको हस्ताक्षर देख्ने बित्तिकै वीणाका आँखा अश्रुपूर्ण भए ।
- फेरि त्यो मोटो मान्छे । रातो राम भेडा जस्तो अनुहार ।
- गानुले फेरि बडा तीब्रतापूर्वक आक्रमण गऱ्यो ।
- भैंसी गोठमा त्यसलाई आशातीत लाभ भयो ।
- यस पराजयले शेखरको जीवनमा थोरै परिवर्तन गरायो ।
- शेखर बिहानको घाममा आङ तपाइ रहेको छ ।
- अन्त्यमा घुइँचो चिर्दै पुलिसका कर्मचारीहरू घटना स्थलमा उपस्थित भए ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत विश्लेषण गर्दा कार्य कारण सम्बन्धहरू जम्मा ११ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२.२ कारण कार्य सम्बन्ध

सङ्कथनमा पूर्व वाक्यमा घटना वा कार्य हुनका कारण दिएर पछिल्लो वाक्यमा घटना वा कार्य प्रस्तुत गर्नु कारण कार्यको सम्बन्ध हो । प्रस्तुत उपन्यासमा प्रयुक्त कारण कार्य सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- विदेशमा त्यहीमाथि यस्तो विपद्कालमा स्वजातिलाई भेट्दा बूढा आनन्दले अधीर भए ।
- मोहनलाई देखेर बूढा आनन्दित भए ।
- वीणाका प्रेमले मेरो जीवन चञ्चल गराईदियो ।
- सुन्दर मनोहर पदार्थले तिनलाई आकर्षण गर्छ खुबै चाँडो ।
- शेखर बिहानको घाममा आङ तपाइ रहेको छ ।
- अभिमान र लज्जाले त्यसको मुख रातो भयो ।
- गिरीका जति अवगुण भए पनि त्यसले विजयालाई साँच्चै प्रेम गऱ्यो ।
- मैना देवी स्वामीका मुखबाट यस्ता वचन सुनेर स्तब्ध भइन्, मौन भइन् । -
- सूचना पढेर मोहनको दृश्य कृतज्ञताले पूर्ण भयो ।
- दुबै मोटरमा चारजना सिपाही देख्दा म विस्मित भएँ ।
- छोरोको अवस्था देखेर मैना देवी अस्पतालमै मूर्छा परिन् ।
- वीणाकीबूढी फुपू विजयाको आचार, निष्ठा देखेर खुबै प्रसन्न थिइन ।
- तिम्रो पत्र पढेर म एकछिन हाँसे अनि हाँसिसक्नेवित्तिकै मैले लेखनी समाएँ ।
- आनन्द, आश्चर्य र आवेगले मायाको अनुहार आरक्त भयो ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत विश्लेषण गर्दा कारण कार्य सम्बन्धहरू जम्मा १७ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२.३ परिणामबोधक सम्बन्ध

सङ्कथनमा पहिलो वाक्यको परिणाम वा प्रतिफल स्वरूपमा पछिल्लो वाक्यको सिर्जना भएको स्थितिलाई नै परिणामबोधक सम्बन्ध भनिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त परिणामबोधक सम्बन्ध निम्नानुसार रहेको छ :

- नारीको जीवनमा यस्तो मौका एकचोटि मात्र आउँछ । यसर्थ दिदीको अर्ती मन लाएर सुन ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत विश्लेषण गर्दा परिणामवोधक सम्बन्ध जम्मा १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.४ सामान्य विशिष्ट सम्बन्ध

कुनै पनि पाठमा प्रयुक्त वाक्यहरूमध्ये पहिलो वाक्य सामान्य र दोस्रो वाक्य विशिष्ट भएमा त्यहाँ सामान्य विशिष्टको सम्बन्ध हुन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त सामान्य विशिष्ट सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- ललितसिंहले अघि सरेर एउटा हातले आफ्ना चिर दिनका साथीको तप्त हात समाते अर्काले वीणालाई सुमसुम्याउँदै सजल आँखाले आकाशपट्टि हेरेर भने नरो बा ! ईश्वरलाई सम्झी ।
- मायाले मुसुक्क हाँसेर भनी, पाहुनाको सेवामा दासी हाजिर छे ।
- तर वीणा मेरो जीवनगत परिच्छेद पल्टाई हेर्दा म नैराश्यको जलनिधिमा डुब्छु ।
- आकाशमा काला बादलको अखण्ड आधिपत्य छ ।
- तपाईं मलाई प्रम गर्नुहुन्छ यही मेरो लागि ठूलो सौभाग्यको विषय हो ।
- छोरोलाई शिक्षा दिएर ठूलो मानिस बनाउने त्यसको ठूलो अभिलाषा थियो ।
- शेखरले सानो बालक झैं रोएर आमाको छातीमा एकछिन टाउको लुकायो ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत विश्लेषण गर्दा सामान्य विशिष्ट सम्बन्धहरू जम्मा ७ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२.५ विशिष्ट सामान्य सम्बन्ध

पाठमा प्रयुक्त अघिल्लो र पछिल्लो वाक्यहरूको अनुक्रमका आधारमा विशिष्ट र सामान्य सम्बन्ध रहन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त विशिष्ट सामान्य सम्बन्ध निम्नानुसार रहेको छ :

- गौरी प्रति शेखर आकृष्ट छ, गौरीको भक्त छ ।

यसरी उक्त उपन्यासलाई सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत विश्लेषण गर्दा विशिष्ट सामान्य सम्बन्ध जम्मा १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.६ परिवेश घटनाको सम्बन्ध

कुनै पनि परिवेशको वर्ण गरिसकेपछि त्यहाँ घटेको घटना वा कार्य प्रस्तुत गर्नुलाई परिवेश घटनाको सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त परिवेश घटनाको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- बाहिर हरिसन रोडमा ट्राम, घोडागाडी, मोटर, रिक्साका स्वरले कोलाहल मच्चिरहेको छ । फेरि अघिल्तिर कलेज स्ट्रीटमा पनि त्यस्तै कोलाहल, त्यस्तै घुइँचो छ ।
- बाढी आसामको जङ्गल प्रायः डुबिसक्न लाग्यो । मानिस, जीवजन्तु, काठपात सबै बगे-डुबे । आसाममा प्रलयकालीन दृश्य जताततै देखियो ।
- हिउँद लाग्यो प्रकृतिको रूप फेरियो । सुर्यको दशन दुलर्भ हुन लाग्यो चारैपट्टि कुइरो र बादल बाहेक अरु केही देखिँदैन ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत परिवेश घटनाको सम्बन्धहरू जम्मा ३ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.७ घटना परिवेशको सम्बन्ध

कुनै पनि सङ्कथनमा पहिलो वाक्य घटना स्वरूप आएमा त्यहाँ घटना र परिवेशको सम्बन्ध रहन्छ । उक्त उपन्यासमा प्रयुक्त घटना परिवेशको सम्बन्ध निम्नानुसार रहेको छ :

- मुसलमान गुण्डा पनि युवकको छुराले आहात भयो अहिले दुबै आततायी र नेपाली युवक अस्पतालमा छन् । ड्राइभर पुलीसको हातमा छ ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत घटना परिवेशको सम्बन्ध जम्मा १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

### ४.२.८ व्यतिरेकी तुलनाको सम्बन्ध

कुनै पनि वाक्यमा प्रयुक्त दुईवटा वाक्यहरूको समानता र असमानताको तुलना गर्नु व्यतिरेकी तुलनाको सम्बन्ध हो । उक्त उपन्यासमा प्रयुक्त व्यतिरेकी तुलनाको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- एउटा प्रेमले ग्रहण गर्छ, अर्कोले दान गर्छ ।
- दुईवटा चाहिँ साना औ शहरपट्टि फर्केका । अर्को चाहिँ नदीपट्टि फर्केका औ विशाल ।
- परशुराम बस्नेत स्तम्भित भए, विमूढ भए तिनका हृदयमा मर्मान्तक आघात पऱ्यो । तर तिनले आफ्ना विचार र सिद्धान्त त्याग गरेनन् ।
- यिनले आफ्ना शिक्षा र स्वाधीनताको दुरुपयोग गर्ने स्थिर गरे भने कसैलाई यिनले रोक्न सक्तैन ।
- मायासित बरु तरवार लिएर युद्ध गर्न गर्व छ, तर मायाका अघि लत्रनु कस्तो लाजमर्दो कुरा हो, यो म तिमीलाई स्पष्ट रीतिले बुझाउन सक्तिनँ ।
- पिताले त्याग गरे तापनि आमाले सन्तानलाई कहिल्यै बिर्सन सक्तिनन् ।
- मोटो मानिसको हातमा रूमाल लिएर बारम्बार पसीना पुछ्दछ तर पसीनाको अन्त छैन ।
- वीणाले पनि शेखरलाई मोहित पारी - तर मोहन्धा पारिन् ।
- एक छेउमा मोटा राई रातो मुख र पसीनै पसीना औ अर्को छेउमा गौरी । पल्ला सीटमा राई मुखेनी र श्यामा ।
- गौरीको अकृत्रिम माधुरी र अपरिमार्जित अथच उदार प्रकृतिको शेखर कायल छ ।
- आनन्द मनाऊ, मोज गर तर कामका बेलामा अरु थोकपट्टि मन नलाऊ ।
- शिक्षित र अशिक्षित नेपालीहरूका माझमा आज एउटा ठूलो अन्तर, ठूलो व्यवधान हुँदैछ ।
- लट्टे जेठाले देख्ता देख्तै जवान गोठालाहरूको वार्धक्यले गर्दा हरै खसिसक्यो तर लट्टे जेठा उस्तै स्वस्थ छ- अनुहारमा बूढेसकालको चिन्ह कतै छैन ।

- वीणा मलाई प्रेम गर्छ, विश्वास गर्छे औ श्रद्धा र भक्तिका दृष्टिले हेर्छे । तर म त्यो भक्तिको अलि कता पनि योग्य छैन ।
- त्यसको स्मित अनुहार मलिन छ तर त्यसले त्यो मालिन्य गाम्भीर्यको आवरणले छोप्ने चेष्टा गर्दैछ ।
- मोटर ड्राइभर भाग्न तरखर गर्दै थियो तर त्यहाँ भेला भएका मानिसहरूले समातेर साफसँग चुटे ।
- अखबारहरूमा सूचना दिएर शेखरलाई घर फर्कने बिन्ती गऱ्यो तर सबै व्यर्थमा ।
- तिम्रो मत मिल्यो भने उसैसित वीणाको बिहे गरिदिने मेरो मन छ ।
- स्वामी पुत्रको नाउँ पनि सुन्न चाहँदैनन्, औ छोरीभन्दा पनि प्रिया वीणालाई अहिले स्वामीले अर्काको घरमा बिहे गरिदिने स्थिर गरिसकेका छन् ।
- माया लाजले भुतुक्क भई तर त्यसले वीणालाई केही भनिन ।
- अर्काको आचरणको विचार गर्ने न्यायधीश हुन खोज्नेले एकतर्फी विचार गऱ्यो भने त्यो अविचार हुन जान्छ ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत व्यतिरेकी तुलनाको सम्बन्धहरू जम्मा २१ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२.९ आर्थी पर्यायको सम्बन्ध

पाठमा विचार वा अभिव्यक्तिलाई पुष्टि गर्न विचारको समानता जनाउने अन्य कथनहरू आएमा त्यहाँ अर्थगत पर्यायता कायम हुन्छ । उक्त उपन्यासमा प्रयुक्त आर्थी पर्यायको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- गौरीको अकृत्रिम माधुरी र अपरिमार्जित अथच उदार प्रकृतिको शेखर कायल छ ।
- यसरी आँखा चिम्लेर हिंडिरहथें, एकदिन वीणा विवेक र बुद्धिको प्रदीप लिएर मेरो अघि आई ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत आर्थी पर्यायको सम्बन्धहरू जम्मा २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१० आर्थी विपर्यायको सम्बन्ध

सङ्कथनको संरचनामा प्रस्तुत वाक्यमध्ये अघिल्लो वाक्यको प्रतिकूल अर्थ दिने गरी पछिल्लो वाक्य आउनुलाई आर्थी विपर्याय र यी दुई बिचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त आर्थी विपर्यायको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- घाम सँधैभरि त लागिरहन्छ, तर खोइ, घामका ज्योतिमा यस्तो विपुल सौन्दर्य त्यसले कहिल्यै देखेकी थिइन ।
- तिमी दुबै स्त्रीहरूले आजदेखि शेखर मरेको छ कि बाँचेको छ, बिर्सिदेऊ ।
- पिताले त्याग गरे तापनि आमाले सन्तानलाई कहिल्यै बिर्सन सक्तिनन ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत आर्थी विपर्यायको सम्बन्धहरू जम्मा ३ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.११ स्मरणको सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुईवटा वाक्यमध्ये एउटा अतितसँग सम्बन्धित र अर्को अभूतसँग सम्बन्धित वाक्य भएमा यस्ता वाक्यका बिचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त स्मरणको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- कुबीरमान राई पहिले यो गोठको खोजीमा आउँदा लट्टे जेठालाई साथमा मुख्य सहचर लिएर आएथ्यो । लट्ट जेठा तिनताक ग्राममा तन्नेरी लाठे थियो । त्यसको शारीरिक शक्ति र शौर्य विख्यात थियो ।
- स्वभावमा स्वभाविक चञ्चल थियो अनुहारमा तृप्ति । नव यौवनको उष्ण रगत त्यसमा नसा नसामा बग्थ्यो । जीवन यात्रा त्यसका निमित्त एउटा समुधुर सङ्गीत थियो - एउटा सुललित छन्द, मोहमय सपना ।
- प्रवासमा सुदूरकाशीमा एउटा सुरम्य प्रासादमा भग्नावशेषमा बसेर यी तिन प्राणी कति दिनदेखि परिचित आत्मीयहरू जस्तै आपसमा वार्तालाप गरिरहेका छन् । कहीँ कतै सङ्कोच र आडम्बरको नाउँ गोट छैन ; तिनै जना एकछिन एकै घरको जहान जस्ता भएका छन् ।

- रघुवीर राईको जेठो बाबु कलकत्तामा वाच एण्ड वार्डको एउटा जमदार थियो । बूढाका सन्तानका नाउँमा उही भाइको छोरो रघुवीर मात्रै थियो । मुखेनी पनि वर्षनि अघि बूढाले अघि लाइसकेको थियो । अस्ति जेठ महिनामा तिनको मृत्युको खबर आएथ्यो । रघुवीर कलकत्ता गएर जेठो बाबुको श्राद्ध गरिदिएर बूढालाई पुनाम नरकबाट तारेर भएको धन सम्पत्ति सबै हात पारेर दार्जीलिङको मर्मा कमानमा बस्थ्ये ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत स्मरणको सम्बन्धहरू जम्मा ४ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१२ प्रयोजनको सम्बन्ध

घटना वा कार्य पहिले वा पछि प्रस्तुत गरेर मात्र पछि त्यसको प्रयोजन वा कार्य प्रस्तुत गर्दा सङ्कथनमा अन्तर्वाक्यीय संरचनागत सिलसिलाले विशिष्टता प्राप्त गर्दछ । उक्त उपन्यासमा प्रयुक्त प्रयोजनको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- अन्तमा चोकनिर आएर मोहन र बस्ढा चारैपट्टि दृष्टि घुमाउन थाले । यो बेलासम्म घुइँचो धेरै घटिसकेको थियो ।
- यसको वर्ण अति गोरो छ । सारै गोरो वर्ण लिएर जन्मेकी हुनाले आमा बाबुले प्यारो गरेर छोरीको नाउँ गौरी राखि दिएथ्ये ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत प्रयोजनको सम्बन्धहरू जम्मा २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१३ अनुमानको सम्बन्ध

विचार, घटना, प्रसङ्ग आदिसँग सम्बन्धित भएर प्रस्तोताले प्रस्तुत गरेको अनुमानका आधारमा पनि पाठमा प्रयुक्त अर्थ सम्बन्धलाई पत्ता लगाउन सकिन्छ । उक्त उपन्यासमा प्रयुक्त अनुमानको सम्बन्ध निम्नानुसार रहेको छ :

- मोहन नदीका अथाह जलमाथि धीर मन्थर गतिले चलिरहेका डुङ्गाहरू हेरेर कुरा गरिरहन्थ्यो । बूढाका मुखको भाव फेरिएको त्यसले लक्ष्य गरेको थिएन । सहसा बृद्धको किलिष्ट अनुहार औ सजल नेत्र देखेर त्यो सारै विस्मित भयो ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत अनुमानको सम्बन्धहरू जम्मा १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१४ परिचयात्मक सम्बन्ध

एउटा वाक्यले वस्तु, व्यक्ति वा स्थान र अर्को वाक्यले तिनै कुरासित सम्बन्धित गुण र विशेषता जनाएमा ती वाक्यहरूमा परिचयात्मक सम्बन्ध भएको मानिन्छ । उक्त उपन्यासमा प्रयुक्त परिचयात्मक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- इन्द्रशेखर रूपवान छ -निस्सन्देह । तर त्यसको रूपमा प्रलयाग्निको आभास पाइन्छ । त्यसका आँखामा व्याधाको हिंसा देखिन्छ ।
- इन्द्रशेखर प्रभातको उज्यालो औ आफ्नो सुन्दर अनुहारको कान्ति कोठाभरि विकीर्ण गर्दै भित्र पस्यो । कति सुन्दर शेखरको शरीर - कति स्वस्थ र सबल ।
- नदीको तीरमा एउटा पुरानो तिन तले घर । बाहिरबाट हेर्दा ता जरा जीर्ण मैलो परेको साधारण परिचय मात्रै पाइन्छ । एउटा फाटक छ फाटकदेखि तिन हात उता संगमर्मरको एउटा सिंढी । यही सिंढी चढेर सरासर माथि जाँदा दुई तलामा एउटा सानो बरण्डा भेटिन्छ । त्यहाँदेखि फेरि अर्को सिंढी औ अर्कै संसारको प्रारम्भ हुन्छ ।
- माया र वीणा एकै वृत्तका कली हुन् । दुबै शिक्षिता छन् । रूप दुबैको छ औ हृदय छ दुबैको विशाल, उदार । तर जहाँ वीणाको स्वभावमा चाहिँदो गाम्भीर्य र स्त्री सुलभ लज्जा छ । मायाको स्वभावमा मृगिणीको चाञ्चल्य औ वनकन्याको निर्भयता । वीणाको रूपमा अचल शान्ति छ, मायाको रूपमा उत्ताल तरङ्ग, वीणा सरल भए पनि चतुरी छ, आवेश र उमङ्गमा काम गर्ने । माया प्रकृतिकी उत्ताउली कन्या, वीणा प्रकृतिकी संयता कन्या ।
- डेकमा एउटा जवान रेलिङमा अडेस लागेर उभिरहेको छ । युवकको अनुहार सुन्दर औ रङ्ग गोरो छ । शरीरमा सेता जीनको अङ्ग्रजी सुट छ । त्यसको स्वभाविक सुन्दर अनुहार कति दिन नखौरेका काला दाडीले अल्लि म्लान देखिन्छ । त्यसका नकोरेका केश नदीका हावाले चारैपट्टि फिजिएका छन् ।
- तिनका आदर्शले समाजका अरु दसजना ठिटाहरूको चरित्र सङ्गठनमा प्रभाव पर्छ । यो पनि समाज, सङ्गठन र सुधारमा अल्प महत्त्वको कुरा होइन ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत परिचयात्मक सम्बन्धहरू जम्मा ६ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१५ स्पष्टोक्ति सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यको भनाइ स्पष्ट गर्न अर्को वाक्य आएमा त्यहाँ स्पष्टोक्ति सम्बन्ध हुन्छ । उक्त उपन्यासमा प्रयुक्त स्पष्टोक्ति सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- ललित म हिंडे । ऊ हेर ! ..... मेरी जीवन सङ्गीनी...... से..तो बस्त्र लाएकी ... मलाई हातका इशारा .... डाक्तै छिन ... म ।
- छोरीको नाउँ मायादेवी बूढाले माया भनी बोलाउँछन् । के यही सरल प्राण भएकी बालिका शिक्षित शेखरको कामना..... ।
- त्यसपछि एकदिन दिउँसो बाहिर बैठकमा बसेर गफ गर्दै गरेका अवसरमा शेखरले भन्यो राई साहब ! अब तपाईंले मलाई बिदा दिनुपर्छ । तपाइँहरूको गुण म कदापि .......।
- कालीघाटको मन्दिर । अभिमानिनी किशोरी । नासिका कुञ्चित पारेर ओठ फुलाएकी । अभिमान र गर्व ...... ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत स्पष्टोक्ति सम्बन्धहरू जम्मा ४ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१६ व्याख्यात्मक सम्बन्ध

पाठमा प्रयुक्त दुई वाक्यमध्ये पहिलो वाक्य परिचयका क्रममा र दोस्रो वा पछिल्लो वाक्य त्यसको पुष्टिका लागि आएमा ती वाक्यहरूबिचको अन्तर्सम्बन्धलाई व्याख्यात्मक सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त व्याख्यात्मक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- अनेक जातिका, नाना वर्णका, बूढा बूढी, तरुण तरुणी, केटाकेटी भेला भएका छन् । जाडो उत्कट छ । कोही काम्लो ओढेका छन् कोही ओभरकोटमा मुण्टो घुसारेर उभिरहेका छन् । सबै बिहानका जाडाले थरथर काम्दैछन् ।
- छोरोलाई शिक्षा दिएर ठूलो मानिस बनाउने त्यसको ठूलो अभिलाषा थियो ।

- तिनको आचार, व्यवहार, अभिलाषा, आकाङ्क्षा, तिनको मन, तिनको विचार के छ, कसो छ- यी कुरा जान्ने चेष्टा हामीले कहिल्यै गरेका छैनौँ ।
- गोठालाहरू के पौढ, के तरुण, सबै छोराछोरीसित अघेनाका चारैपट्टि बस्छन् ।

यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत व्याख्यात्मक सम्बन्धहरू जम्मा ४ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१७ समुच्चयबोधक सम्बन्ध

सङ्कथन वा पाठमा रहेका कुनै दुई वाक्यहरू एकआपसमा अन्तर्मिश्रित भई समानान्तर सम्बन्धमा उनीएको अवस्थामा समुच्चयबोधक सम्बन्ध स्थापित हुन्छ । उक्त उपन्यासमा प्रयुक्त समुच्चयबोधक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- जीवन स्रोतमा म बगेर जाँदै थिए जता स्रोतले बगायो उतै ।
- त्यहाँ न ता पानीको वर्षा छ न हिलो मैलो ।
- मोहनविक्रम पनि युवतीले आफूलाई अवाक् भएर हेरेको देख्ता पो झल्याँस भयो ।
- तिनकी स्त्री अशिक्षिता भए पनि गुणवती थिइन् ।
- शेखर त्यहाँ एउटा माटाको अन्धकपको अघि आएर उभियो, अनि ढोका ढक्ढकाएर एकछिन पर्ख्यो ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत समुच्चयबोधक सम्बन्धहरू ५ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१८ रीतिबोधक सम्बन्ध

पाठमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा अभिव्यक्तिगत घटना, कार्य वा विचार र अर्को वाक्य त्यसको शैली वा तरिका बुझाउन प्रयोग भएमा ती वाक्यबिचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त रीतिबोधक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- मैना देवी र वीणाको उमेरमा ठूलो अन्तर भए तापनि मन दुबैको एकै छ - निःस्वार्थ मायाको सुनौला डोरीले दुबैलाई बाँधेको छ ।
- वीणाका नरम हात त्यो प्रेममय स्पर्शले सहसा उष्ण भए-कम्पाएमान भए ।

- पानी, पानी, पानी चारैपट्टि सारा आसाम पानीको वर्षाले प्लावित भयो ।
- विद्या, बुद्धि औ रूपको गर्वमा फुलेको शेखरको सरल प्राण मायामाथि यस्तो अन्यास र अत्याचार । मोहनको उदार हृदय सहानुभूति र अनुकम्पाले पूर्ण भयो ।
- शब्दका जादुले तिमीलाई भुलाएर तिमीसित छलना गर्न म आएको होइन ।
- शेष वाक्य वृद्धले साह्रै ताच्छिल्यपूर्वक भने ।
- वीणाले सजल नेत्रले मैना देवीलाई प्रेमका दृष्टिले हेरी ।
- कल्पनाको एउटा रङ्गीन संसारमा त्यो निष्फिक्री डुलिरहेको छ ।
- सहसा एउटा तृतीय श्रेणीको डब्बाको भ्यालबाट गौरीले आफ्नो सुन्दर हँसिलो अनुहार देखाई ।
- एकचाटी गौरीका आँखासित आफ्ना अश्रुपूर्ण आँखा जुधाएर बाहिर निस्क्यो ।
- निमेष भरिमा यस्तो अद्भूत काण्ड सम्पादन भयो ।
- आनन्द र गर्वले तिनको मुख उदीप्त भयो ।
- काली घाटको मन्दिरमा देवीको प्रतिमाका अघि मैना देवी अनेक बेरसम्म नतमस्तक भएर उभिरहिन् । दुई हातमा राता राता फूल छन् औ तिनका मुद्रित आँखा पनि आँसुका दुई थोप्ला भल्किरहेका छन् । मातृ-हृदयको करुण अव्यक्त क्रन्दन देवीका अघि ती ज्ञापन गरिरहेकी छन् ।
- देसाईका आँखा सजल भए औ देसाईपत्नी धुरुधुरु रुन लागिन ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत रीतिबोधक सम्बन्धहरू १४ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.१९ अनुक्रमबोधक सम्बन्ध

पाठमा प्रयोग भएका वाक्यहरूका बिचमा रहेको स्थानिक, कालिक, तार्किक तथा विषयगत क्रमलाई अनुक्रमबोधक सम्बन्ध मान्न सकिन्छ । उक्त उपन्यासमा प्रयुक्त अनुक्रमबोधक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- विधिले जसरी वीणाको भाग्यमा विपद्माथि विपद् खन्याउन बाँकी राखेका थिएनन् त्यसरी नै फेरि वीणालाई रूप, सौन्दर्य, गुण र ज्ञान पनि दिन बिर्सेका थिएनन् । वीणाको रूप छ भर्खर फक्रेको गुलाफ जस्तो । यो रूप छ गम्भीर अथाह जलनिधी

जस्तो । रूपले मनमा श्रद्धा उत्पन्न गराउँदछ उन्मत्त पार्दैन । यो रूपले मानिसका पवित्र भावहरूलाई जगाइदिन्छ विह्वल गराउँदैन ।

- इन्द्रशेखर छ अद्‌भूत प्राणी ! समाज शेखर मान्दैन । तर फेरि समाजका माझमा बसेर अरु दसजनाका जीवनलाई भिन्न भिन्न प्रकारले प्रभाव पार्दछ । दसजनाका विचारलाई उल्टो पुल्टो गराइदिन्छ ।
- सानो कोठा सफा सुरम्य । पूर्व कुनामा एउटा सानो टेबल र तिनवटा कुर्सी । उत्तरपट्टिका ढोका, कोठाको दुईपट्टि फूलका गमला । अरु दुई कुनामा एकापट्टि हार्मोनियम बाजा औ अर्कापट्टि दुई आलमारीमा पुस्तक । कोठामा प्रवेश गनौ साथ गृह -स्वामीको सुरुचिको पत्ता पाइन्थ्यो ।
- हावामा कस्तो कमलो स्पर्श । घाममा कति सुखा हिँडनमा कति स्वस्ति । बाँच्नमा कति शान्ति । चराचुरुङगीका च्याउँ च्याउँमा कस्तो मिठो रागिनी, भँवराका गुञ्जनमा कति मधुर सुर ।
- एक्कासी अघिबाट एउटा मोटर कार धुलो उडाउँदै औ प्रचण्ड स्वरले पों पों गर्दै उडेर आयो । उनीहरूका अघि हिंडिरहेका तरुणीहरू आपसमा गफ गर्दै, हाँस्तै धीर मन्थर गतिले हिंडदै थिए । अघिल्तिर एक्कासी मोटर ठूलो वेगले उडेर आएको देख्दा तिनजना आत्तिएर जतातत‍ै दगुरे ।
- वीणाका जीवनमा एउटा नयाँ अध्याय प्रारम्भ भयो । वीणाले मन, प्राण सबै शेखरको प्रेम मन्दिरमा कुसुमाञ्जिलिस्वरूप चढाई । आफ्नो नवयौवन शेखरलाई उत्सर्ग गरी ।
- मैना देवी वीणालाई त्यसरी ल्याएको देख्दा सारै आत्तिइन् । वीणालाई भित्र लगेर पलङमा सुताई तिनले शेखरलाई डाक्टर बोलाउन पठाइन् ।
- वीणा म तिमीलाई संसारमा सबैभन्दा श्रेष्ठ ठान्छु । तिमीलाई भक्ति गर्छु । श्रद्धा गर्छु । तर प्रेम म गर्न सक्तिनँ ।
- शेखरका सहसा कोठामा यताउता हिंड्न थाल्यो । त्यसको मस्तिष्कले काम गर्न छोड्यो । सहस्र प्रकारका विचार र सम्झनाले त्यो बोलाहा जस्तो भयो ।
- माया फेरि खित्का छोडेर हाँस्न लागी । वृद्धले मोहनले गरेको सहाप्यको वर्णन गर्दै भने, आज बूढेसकालमा यस्तो विपद् आइलागेका बेलामा धन्य भाग्यले आफ्नो स्वजातिसित भेट भयो । माया यिनलाई नमस्कार गर् ।

त्यसपछि सघन वन । रुख, ढाल, जङ्गल पलाँड, बस्ती बसाउ, गाई गोठ तयार गर । जङ्गलको पशुको डर, औले जरो, कालाजार, औ बेलाबेलामा हैजा फेरि जङ्गली नागाहरूको उस्तै डर । ती लुटपिट पनि गर्छन् औ मान्छे पनि खान्छन् रे भन्ने हल्ला प्रत्येक नेपालीले सुनेको थियो । रातभरि गाई गोठको रक्षामा जागा बस्नुपर्छ । गोठ र गाउँका चारैपट्टि ठूला ठूला मूढाहरू बालिराख्नुपर्छ ।

प्रायः आठबजे राती मोहन त्यहाँबाट बिदा भएर विश्वविद्यालय फर्क्यो ।

मैले अघि जे गरें, राम्रै ठानेर गरें । त्यसपछि एकदिन मेरो जीवनमा वीणा देखा परी । वीणाका आचार व्यवहार वीणाका चरित्र गुणले औ वीणाका प्रेमले मैले सिद्धान्त, मत औ विचार सबैलाई एक पलमा परिवर्तन गरिदिए ।

वृद्धले फेरि त्यस्तै स्वरमा भने लौ त यो ता असल कुरा हो । अपराध स्वीकार गर्नु स्वभिमानी पुरुषको गुण हो । म के भन्छु र ? फेरि चर्को स्वरले भने रामे ! ए रामे ! ठूली मैँयालाई बोला बोला ।

शेखरले प्रस्थान गरेपछि मोहनले तीव्र स्वरले भन्यो बस्नेतजी तपाइँ म ज्ञानी औ उदार भनी श्रद्धा गथें । आजदेखि मेरो त्यो श्रद्धा हरायो । तपाइँ पनि अरु मानिस जस्तै हृदय शून्य औ विचारहीन हुनुहुँदो रहेछ । आजदेखि हामी अज्ञात अपरिचित ।

कलकत्तामा मेरो खोजी गर्नु व्यर्थ छ । कारण यो पत्र तपाइँका चरणमा पुग्दा नपुग्दा म कलकत्ता र नेपाली समाजदेखि धेरै टाढा हुनेछु ।

वीणाले एक्सप्रेस तार गरी मोहनले जवाफमा लेख्यो सम्पूर्ण हाल अवगत भयो । शेखर यहाँ फेरि आएन । म खोजी थर्न हिंडें । आमालाई शान्त गर्नु ।

भोलिपल्ट जहाज बङ्गोपसागरमा छ । शेखर डेकमा उभिएर घोरिरहेको छ । भविष्यमा कहाँ जाने, कसो गर्ने कही स्थिर छैन । अघिपछि चारैपट्टि अथाह जल समूह ।

त्यसको वर्ण अति गोरो छ । सारै गोरो वर्ण लिएर जन्मेकी हुनाले आमा बाबुले प्यारो गरेर छोरीको नाउँ गौरी राखि दिएथ्ये ।

कामकाज केही छैन । चिने जानेको कोही छैन । शेखरलाई समय बिताउन अति गाह्रो पऱ्यो । बेलुका त्यो खुबै ढाँचा पारेर लुगालाई बाइस्कोप हेर्न गयो । आठबजेतिर बाइस्कोप शेष भएर शेखर बाहिर निक्लन लागिरहेथ्यो, हठात् पछिबाट एउटा मानिसले त्यसको आङमा धाप माऱ्यो । शेखरले पछि फर्केर हेऱ्यो ।

) एउटा सानो डुङ्गा अघिल्तिर बसेको छ । माझि । पछिल्तिर माझी पुत्र बाँसको मुरली बजाउँदै छ माझी पुत्र । करुण जङ्गली सुर । वन वनान्तरसम्म सुनिन्छ त्यो सुर ।

) श्यामा लाजले संकुचित भएर नतदृष्टिसँग बिस्तार बिस्तार कोठामा प्रवेश गर्छे अनि मास्टरलाई नमस्ते गरेर मेचमा जड भएर बस्छे ।

) फेरि दार्जीलिङको सम्झना । शुक्लपक्षको एक जुनेली रात । वीणाको मधुर कण्ठा वीणाले गाएको गीत ।

) म आज बिहानको गर्हित कार्यको सम्झनाले अत्यन्त दुःखित भइरहेछु । तिमीलाई म आदर गर्छु-श्रद्धाका दृष्टिले हेर्छु । गौरी म तिमीलाई प्रेम गर्छु, जसरी भक्त देवीलाई प्रेम गर्छु ।

) लिलुवामा एउटा गुजराती परिवार बसेको थियो । परिवारमा तिन लडकाहरू थिए तिनको उमेर क्रमशः ९,७ र ५ वर्षको थियो । औ स्वामी, स्त्रीसमेत अनेक नोकरचाकर आदि थिए ।

) सुन्दरीको नाउँ विजया थियो । विजया चमनका  जनैक मगर सुवेदार मेजरकी एकमात्र कन्या थिई । अल्पशिक्षित थिई ।

) हवडा पुलमा दुई ट्याक्सीका बिचमा हात भरिको मात्र अन्तर रह्यो । पुल पार गरेर अघिल्लो ट्याक्सी बडाबजारका मुखमा पुग्नै आँटेको थियो, एक्कासी ड्राइभरले ट्याक्सी थामेर शेखरमाथि आक्रमण गऱ्यो ।

) दक्षिणपट्टिको मूल ढोकामा मोहन र मायाको भेट भयो । माया ढोकाको दाहिनेपट्टि अडेस लागेर उभिएकी थिई ।

) ९ बजे राती मोहन र माया अस्पतालबाट फर्के । देसाई र तिनकी पत्नीलाई देखेर ती दुई छक्क परे । परशुरामले सबै कुरा मोहन र मायालाई भनी सुनाए ।

) शेखरले विस्मित नेत्रले एकचोटि चारैपट्टि हेऱ्यो त्यसपछि झन् विस्मित भएर आफ्नो शरीर आफूले लाएका बस्त्र परीक्षा गर्न थाल्यो ।

) पत्नीले ठूला-ठूला काला आँखाले एकचोटि पतिका आँखामा हेरी त्यसपछि परम तृप्ती औ अशेष आनन्दसहित आँखा चिम्लेर स्वामीका हात सुमसुम्याउँदै पत्नीले भनी त्यही दिनको स्मृतिले मलाई अनेक दुःख, अनेक आपददेखि बचाएर हजूरकी दासी हुने शुभ दिन देखायो ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत अनुक्रमबोधक सम्बन्धहरू ३२ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२.२० प्रश्नोत्तर सम्बन्ध

सङ्कथनमा प्रयुक्त पहिलो वाक्यमा प्रश्न गरी दोस्रो वाक्यमा त्यसको उत्तरको क्रम भएमा यस्ता वाक्यहरूबिचको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त प्रश्नोत्तर सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- जीवनको लडाइँमा निर्धाहरूको क्षय अवश्यम्भावी छ औ समाज ? शेखर भन्छ अरे समाज ता एउटा विराट् कपट हो ।
- सारा शरीरमा निलो लुगा लाएकी -निलै चोलो औ निलै फरिया ।
- शेखरले मुसुक्क हाँसेर सोध्यो शरीरमा आरामै छ ?

  उत्तरमा वीणाले शसेखरलाई दुई हात उचालेर नमस्कार गर्दै, मुण्टो निहुराएर भनी ज्यू ।
- हालमा गर्नुहुन्छ के नि ?

  नसोध्नोस् मोहनजी के भनौ अब ।
- तपाइँ के यहाँ नौलो हुनुहुन्छ ?

  दार्जीलिङ निवासी नेपाली हुँ । मेरी कन्या मसित आएकी छ । अहिले यहाँ घुइँचोमा कता हराई म ता ठूलो विपद्मा परें ।
- तपाइँहरू कलकत्ता जानुहुन्छ ?

  यही पाच्च सात दिनभित्रै कलकत्ता गएर लेडी डाक्टरहरूसित परिचय गर्ने मेरो इच्छा छ ।
- तिम्रो अनाचार, अत्याचार कुकर्मको इतिहास तुलसी बाजेले मलाई दार्जीलिङमा सुनाउनुभएथ्यो । के त्यो साँचो हो ?

  मोहन तुलसी बाजेले जे कुरा तिमीलाई सुनाए त्यो कुरा साँचो हो ।
- शेखर बाबु अपराध स्वीकार गर्न र तँसँग दोबर त्रुठिको क्षमा माग्न आउनु भएको छ । तँ के भन्छेस ?

  बा यी भलादमीलाई केही भन्ने मेरो मन छैन ।
- वीणालाई मुसुक्क हाँसेर भनिन् आज कसरी बाटो बिरायौ नि ?

वीणाले हाँस्तै उत्तर दिई- पानी हेर्नोस् न

- यस्तो झरीमा अन्त कसरी जाने ?

हुन्छ बस बेलुका कतै उघ्रयो भने चौरस्तातिर डुल्न जाऔंला ।

- वीणालाई यो कुरा भन्यौ ?

गृहिणीले भनिन् भनें वीणा पनि त पल्लो कोठामा छे ।

- तपाईंको क्याबिन कति नम्बर ?

शेखरले हाँसेर उत्तर दियो -क्याबिन नम्बर शून्य । म डेक यात्री हुँ ।

- तपाईं क्या नाम डेक यात्री भएर किन यात्रा गर्नु हुँदैछ ?

पैसा नभएर ।

- के तपाईं नै दार्जीलिङ बस्ने नेपाली हुनुहुन्छ ?

अँ ।

- "आज बिहानै एक्कासि हजूरको कहाँबाट सवारी भयो ?"

दार्जीलिङबाट ।

- "मोहन मलाई कलकत्तामा छोडेर फेरि कहिले दार्जीलिङ जाने ?"

अबदेखि कहिल्यै तिमीलाई छोड्दिन लौ ।

- "यो निःशुल्क पाठशालामा के सिकाउने ?"

यसमा समाजका टुहुरा-टुहुरी केछाकेटीलाई पढ्न मात्रै होइन, नाना प्रकारका गृह शिल्प पनि सिकाउने ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत प्रश्नोत्तर सम्बन्धहरू १७ पटक प्रयोग भएको पाइन्छ ।

### ४.२.२१ प्रश्नार्थगत सम्बन्ध

पाठमा प्रश्नोत्तर सँगसँगै प्रश्न मात्र सोध्ने क्रममा पनि पाठमा निहित वैचारिकताको सम्प्रेषण हुनसक्छ । पाठको मूल आशय, विचार, कथन, घटना, सन्दर्भ आदिसँग सम्बन्धित भएर प्रश्नहरू एकपछि अर्को गर्दै सोधिएमा त्यसमा प्रश्नार्थगत सम्बन्ध रहन्छ । उक्त उपन्यासमा प्रयुक्त पश्नार्थगत सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- सुनेर को यस्तो पिता होला जो गर्वले नफुल्ला ? जसले आफूलाई धन्य नठान्ला ?

- माया यो तिमीले के गरेकी ? बिहा ? बौलाही भन्यौ -बिहे पनि कोही अभागीले गर्छ ?
- यतिका दिनपछि पनि तिमीले मेरो मन चिन्न सकिनौ माया ? मेरो मन बुझिनौ ? समाज र संसारले के मेरा माना भरिदिन्छन् ?
- मोहन, आज एक्कासी कसैलाई खबरै नगरी तिमी झुल्क्यौ हँ ? हामीले ता ठानेका थियौँ, अब ता तिमी उतै काशीवासी भएर विश्वेश्वर मन्दिरमा पण्डा भई बस्यौ होला-होइन ता आमा ?
- यो जङ्गली बाटो के साँच्चै यति सुरम्य थियो ? बाटाका दुईपट्टि उम्रेका उनीहरू के सँधै यसरी नै टाउका हल्लाई त्यसलाई स्वागत गर्थे ? औ त्यो निर्मल पानीको छाँया के सँधै त्यही सुरमा अविराम छर् छर् गर्दै त्यसको आत्मकथा वीणालाई सुनाउँथ्यो ?
- के वीणा अरु दसजना समाजका नारीहरूभन्दा भिन्दै छे ? के प्रकृतिको नियमदेखि बाहिर छे ?
- यो मुखेनीले पनि कस्तो कुरा गरेको नि ? रातबिरात डाँडा काँडामा केटाकेटी लिएर कहाँ घाम झुल्केको हेर्न जाने ?
- वृद्धका ओठमा किलष्ट हाँसोको क्षीण रेखा देखियो । तिनले तमाखु तान्दै भने इन्द्रशेखर बाबु अझैँ केही भन्नु छ ?
- वीणाले ललितसिंहलाई प्रणाम गरेर भनी, तपाइँ आफैँ नि ता कान्छा बा ? बूढेसकालमा इन्फ्लुएन्जाले पर्‍यो भने ? एकदिन अफिसमा नगए के जम्मै व्यापार नाश हुन्छ ?
- महाशयजी, एकछिन हाम्रो डेरामा जानुभन्दा किन त्यसरी टार्न खोज्नु भएको ? बाबुको गानु सम्झेर ?
- शेखरलाई के खुवाउने हो ? कहाँ कसरी बसाउने हो ? कसरी कृतज्ञता प्रकाश गर्ने हो ?
- राई मुखेनीले हतत्तपत्त भनिन् दुर बौलाही के संसारका जम्मै मानिस समाजका हुन र ? तँ कहिनी जस्तीलाई नाम कारेर ता बोलाउनु पर्छ ।
- प्रोम तपाइँ कहिल्यै जानु भएको छैन ? हामीसित सँगै हिड्नोस न ?
- छिः छिः गौरीले के ठानि होली मनमा ? म कस्तो लाजहिन ?

- अब तिनका जहान बालबच्चाको के हुने हो ?
- बूढेसकालमा कुजातहरूदेखि धर्मको रक्षा कसरी गर्ने ?
- त्यहाँ शीतल शान्त समीरको स्पर्श कहाँ ? औ तरुणी प्रेमिकाको संतप्त छातीमा छ प्रेमिकाको असह्य विरहवेदना त्यहाँ पूजा-पर्व मनाउने उत्साह छ ।
- शेखर यहा कताबाट आइपुग्यौ ? माया ! भन माया, भन शेखरलाई के भयो ?
- के भन्यौ ? तिमी माया ? माया मेडिकल कलेज अस्पतालबाट ? शेखर ? हँ हँ ? हँ ? शेखर मर्माहत भएको छ ?

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत प्रश्नार्थगत सम्बन्धहरू २७ पटक प्रयोग भएको पाइन्छ ।

## ४.२.२२ पुनरुक्तिको सम्बन्ध

सङ्कथनमा प्रयुक्त भाषिक एकाइहरूमा एउटै भाषिक घटना, सन्दर्भ आदिको अनेक पटक पुनरावृत्ति भएर अर्थ स्पष्ट पार्ने भूमिका खेलेको खण्डमा त्यहाँ पुनरुक्तिको सम्बन्ध रहन्छ । उक्त उपन्यासमा प्रयुक्त पुनरुक्तिको सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- विदेशमा केही अमङ्गल पो भयो कि -बिरामी पो भयो कि भन्ने अनेक प्रकारका दुश्चिन्तामा वीणा परेकी छ ।
- सारा शरीरमा निलो लुगा लाएकी -निलै चोलो औ निलै फरिया ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत पुनरुक्तिको सम्बन्धहरू २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.२.२३ युगपदबोधक सम्बन्ध

पाठमा प्रयुक्त भएका अनेक वाक्यहरूमा यस्ता घटना सन्दर्भहरू एकै पटक भएको देखिएमा ती वाक्यबिचको सम्बन्धलाई युगपदबोधक सम्बन्ध भनिन्छ । उक्त उपन्यासमा प्रयुक्त युगपदबोधक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- बनारसका घाटमा अनेक यात्रीहरूको घुइँचो छ । आज चन्द्रग्रहणको उपलक्ष्यमा अनेक हिन्दु नरनारी गङ्गा नुहाउन आएका छन । असङख्य मानिसहरूको माझमा मोहनविक्रम पनि घाटमा बसिरहेको छ ।

- जति दिन संसारमा म रहँला - जहाँ गए पनि, कुनै अवस्थामा पनि, म तिम्रो स्नेह औ प्रीति बिर्सने छैन ।
- तर अपराधी शरणापन्न भयो भने अपराधीलाई क्षमा गर्नु प्रत्येक शिक्षित नरनारीको कर्तव्य हो ।
- म देवता पनि होइन, पशु पनि होइन ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत युगपदबोधक सम्बन्धहरू जम्मा ४ पटक मात्र प्रयोग भएको पाइन्छ ।

### ४.२.२४ शीघ्रताबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यका बिचमा घटना वा कार्य सँगसँगै तत्काल सम्पन्न भएमा ती वाक्यका बिचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भन्निछ । उक्त उपन्यासमा प्रयुक्त शीघ्रताबोधक सम्बन्ध निम्नानुसार रहेको छ :

- साँझ पऱ्यो कि गोठमा एउटा बेग्लै दृश्य देखिन्थ्यो ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत शीघ्रताबोधक सम्बन्धहरू जम्मा १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

### ४.२.२५ आज्ञार्थक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा आधारित भई पछिल्लो वाक्यले आज्ञा, परामर्श वा अनुरोध बुझाएमा ती वाक्यका बिचको सम्बन्धलाई आज्ञार्थक सम्बन्ध मान्न सकिन्छ । उक्त उपन्यासमा प्रयुक्त आज्ञार्थक सम्बन्धहरू निम्नानुसार रहेका छन् :

- यसर्थ आमा म बिदा पाऊँ । तपाईं मेरो निम्ति शोक सुर्ता नगर्नु होला ।
- तँ पनि हिड् हामीसित ।
- तिमीले अखबारहरूमा एउटा सूचना शेखरलाई घर फर्किने अनुरोध गरी प्रकाशन गरिदेऊ ।

यसरी उक्त उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनअन्तर्गत आज्ञार्थक सम्बन्धहरू जम्मा ३ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ४.३ 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण

'भ्रमर' (१९९३) उपन्यास उपन्यासकार रूपनारायण सिंहको नेपाली उपन्यासको क्षेत्रमा पहिलो स्वच्छन्दतावादी धाराको सुरुवात गर्ने उपन्यास हो । उक्त उपन्यासमा भएका सङ्कथनका युक्ति सम्बद्धक र सम्बद्धनको पहिचान गरी त्यसमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । यस उपन्यासको सङ्कथन विश्लेषण गर्ने क्रममा सङ्कथनका युक्ति सम्बद्धक र सम्बद्धनको उपन्यासमा प्रयोग भएका वाक्यमा आधारित भएर अध्ययन गरी त्यसको विश्लेषण गरिएको छ ।

### ४.३.१ 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धकको विश्लेषण

प्रस्तुत उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको अध्ययन गरी विश्लेषण गरिएको छ । यस उपन्यासमा प्रयोग भएका सम्बद्धकमध्ये व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक, कालिक सम्बद्धक, स्थानिक सम्बद्धक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक र निपात सम्बद्धकको प्रयोग भएको छ भने शाब्दिक वा कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धक, विपरीतार्थी सम्बद्धक र पर्यायवाची सम्बद्धकको प्रयोग गरिएको छ । उक्त उपन्यासमा व्याकरणिक सम्बद्धक ३३८ पटक र शाब्दिक वा कोशीय सम्बद्धक ४३ पटक प्रयोग भएका छन् । शाब्दिक वा कोशीय सम्बद्धकभन्दा व्याकरणिक सम्बद्धकको बढी प्रयोग भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा व्याकरणिक सम्बद्धकअन्तर्गत सबैभन्दा बढी सार्वनामिक सम्बद्धक ११४ पटक प्रयोग भएको छ । जसमा पुरुषवाचक सार्वनामिक सम्बद्धक ४० पटक, आत्मवाचक सार्वनामिक सम्बद्धक २२ पटक, दर्शकवाचक सार्वनामिक सम्बद्धक २५ पटक, सम्बन्धवाचक सार्वनामिक सम्बद्धक ३ पटक र प्रश्नवाचक सार्वनामिक सम्बद्धक २४ पटक प्रयोग भएको पाइन्छ । त्यसैगरी सबैभन्दा कम प्रतिस्थापन सम्बद्धक १ पटक प्रयोग भएको छ । अन्य सम्बद्धकहरू क्रमशः स्थानिक तथा कालिक सम्बद्धक ९६ पटक, संयोजक सम्बद्धक ६२ पटक, निपात सम्बद्धक ६२ पटक, लोप सम्बद्धक ३ पटक प्रयोग भएको पाइन्छ । यसमा संयोजक सम्बद्धक र निपात सम्बद्धकको समान रूपले प्रयोग भएको पाइन्छ । यसैगरी शाब्दिक वा कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धक २५ पटक, विपरीतार्थी सम्बद्धक ८ पटक र पर्यायवाची सम्बद्धक १० पटक प्रयोग भएको पाइन्छ ।

शाब्दिक तथा कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धकको बढी प्रयोग भएको छ भने त्यसपछि क्रमशः पर्यायवाची सम्बद्धक र विपरीतार्थी सम्बद्धकको प्रयोग भएको पाइन्छ ।

## ४.३.२ 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धनको विश्लेषण

प्रस्तुत उपन्यासमा प्रयोग भएका सम्बद्धनहरूको अध्ययन गरी विश्लेषण गरिएको छ । उक्त उपन्यासमा २५ प्रकारका सम्बद्धनको प्रयोग भएको पाइन्छ । यसमा अप्रत्यक्ष, निहितार्थ, इन्द्रीय मस्तिष्क सम्बद्धनको बाहेक अरु सबै सम्बद्धनहरूको प्रयोग भएको पाइन्छ । उक्त उपन्यासमा कार्य कारण सम्बन्ध, कारण कार्य सम्बन्ध, परिणामबोधक सम्बन्ध, सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, परिवेश घटना सम्बन्ध, घटना परिवेशको सम्बन्ध, व्यतिरेकी सम्बन्ध, प्रयोजनको सम्बन्ध, स्मरणको सम्बन्ध, आर्थी पर्याय सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, अनुमान सम्बन्ध, परिचयात्मक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, पुनरुक्ति सम्बन्ध, युगपदबोधक सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध र आज्ञार्थक सम्बन्धको प्रयोग भएको छ ।

माथि उल्लेखित २५ प्रकारमा विभाजन गरी सङ्कथन विश्लेषणको युक्ति सम्बद्धनको अध्ययन गरिएको छ । यसरी 'भ्रमर' उपन्यासको विश्लेषण गर्ने क्रममा सङ्कथनको युक्ति सम्बद्धनको पहिचान गरी विश्लेषण गर्दा १९३ पटक सम्बद्धनको प्रयोग भएको छ । यी सम्बद्धनमध्ये सबैभन्दा बढी अनुक्रबोधक सम्बन्धको ३२ पटक प्रयोग भएको छ भने सबैभन्दा कम परिणामबोधक सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, घटना परिवेश सम्बन्ध, अनुमानको सम्बन्ध र शीघ्रताबोधक सम्बन्ध १ पटक मात्र प्रयोग भएको पाइन्छ । यसैगरी अन्य सम्बद्धनहरूमा प्रश्नार्थगत सम्बन्ध २७ पटक, व्यतिरेकी सम्बन्ध २१ पटक, प्रश्नोत्तर सम्बन्ध १७ पटक, कारण कार्य सम्बन्ध १७ पटक, रीतिबोधक सम्बन्ध १४ पटक, कार्य कारण सम्बन्ध ११ पटक, परिचयात्मक सम्बन्ध ६ पटक, सामान्य विशिष्ट सम्बन्ध ७ पटक, व्याख्यात्मक सम्बन्ध र स्पष्टोक्ति सम्बन्ध ४ पटक, समुच्चयबोधक सम्बन्ध ५ पटक, स्मरण सम्बन्ध र युगपदबोधक सम्बन्ध ४ पटक, परिवेश घटना सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध र आज्ञार्थक सम्बन्ध ३ पटक प्रयोग भएको पाइन्छ भने आर्थी पर्याय सम्बन्ध र पुनरुक्ति सम्बन्ध २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

यसरी समग्रमा ‘भ्रमर’ उपान्यासको सङ्कथन विश्लेषण गर्दा उक्त उपन्यासका केही वाक्यको विश्लेषणको आधारमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरूको अध्ययन गरिएको छ । उक्त उपन्यासको सङकथन विश्लेषण गर्दा १० प्रकारका सम्बद्धक र २५ प्रकारका सम्बद्धनहरूको प्रयोग भएको पाइन्छ । यसमा सम्बद्धक ३८१ पटक प्रयोग भएको छ । यसअन्तर्गत व्याकरणिक सम्बद्धक ३३८ पटक र शाब्दिक वा कोशीय सम्बद्धक ४३ पटक प्रयोग भएको छ । यसैगरी सम्बद्धनअन्तर्गत १९३ पटक प्रयोग भएको छ । त्यसैले ‘भ्रमर’ उपन्यासमा रहेका केही वाक्यहरूको आधारमा अध्ययन गर्दा पनि यसले विषयवस्तुलाई जोड्ने कार्य र वाक्यहरूलाई वैचारिक अन्तः सूत्रमा जोड्ने कार्य गरेकाले उक्त उपन्यास सम्बद्धक र सम्बद्धन प्रयोगका दृष्टिले उपयुक्त र अर्थपूर्ण रहेको छ ।

अध्याय : पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

सङ्कथन विश्लेषण भाषाविज्ञानको एउटा विकसित नवीन सिद्धान्त हो । कुनै पनि भाषिक अभिव्यक्तिमा के कसरी अन्विति कायम भएको हुन्छ भन्ने कुराको खोजी गर्ने क्रममा सङ्कथन विश्लेषणको विकास भएको मान्न सकिन्छ । यसको विकास हुनु पूर्व विभिन्न विद्वान्हरूले अगाडि सारेको भाषा वैज्ञानिक मान्यताले पनि उत्तिकै भूमिका खेलेको पाइन्छ । खासगरी सन् १९६० को दशकमा विद्वान्हरूमा वाक्यभन्दा माथिल्लो भाषिक एकाइको अध्ययनप्रति रुचि जाग्नु, चक्स्कीले रूपान्तरण व्याकरणको विकास गर्दा भाषिक सम्पादनलाई वेवास्ता गर्नु र वाक्यलाई खाली भाषिक वर्ण र रूपको विश्लेषणमा मात्र केन्द्रित बनाउनु, फर्थले स्थितिको प्रसङ्गमा भाषाको अध्ययन हुनुपर्दछ भन्ने मान्यता अगाडि सार्नु जस्ता कारणहरूबाट सङ्कथन विश्लेषणको जन्म हुन पुगेको देखिन्छ । 'सङ्कथन' शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति पाश्चात्य भाषाविद् जेलिङ् एस. ह्यारिसले सन् १९५२ मा एउटा लेख लेखेर विस्तारित पाठहरूमा भाषा तत्त्वहरूको एकीकृत वितरणसम्बन्धी चर्चा गर्ने क्रममा सङ्कथन शब्दको प्रयोग गरेका थिए । यसपछि विभिन्न विद्वान्हरूले खोज अनुसन्धानमा चासो बढाउँदै गएको पाइन्छ । यस धारणाको विकासमा प्रतीकविज्ञान र आख्यानको अध्ययन गर्ने डेल हाइम्स (१९६४) को भाषामा सामाजिक सन्दर्भ तथा जोन आस्टिन (१९६२), सर्ल (१९६९) र ग्राइस (१९७५) को भाषालाई सामाजिक कार्यका रूपमा व्याख्या गर्ने सिद्धान्त र प्रकरणार्थ विज्ञानसम्बन्धी धारणाको विशेष भूमिका रहेको देखिन्छ ।

सङ्कथन विश्लेषणमा अनुच्छेद र परिच्छेदलाई सङ्कथनको एकाइ मानिन्छ । एउटा सङ्कथनभित्र एक वा अनेक परिच्छेद हुन्छन् भने त्यस्ता परिच्छेदमा एक वा एकभन्दा बढी अनुच्छेद हुन्छन् । त्यसैले रूप, पद, पदावली, उपवाक्य र वाक्य व्याकरणका पक्ष हुन् भने अनुच्छेद, परिच्छेद र समग्रकथन सङ्कथनका पक्ष हुन् । सङ्कथन विश्लेषण भाषाको पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । त्यसैले प्रायोगिक भाषाविज्ञानको नवीनतम् शााखाको रूपमा यसको विकास हुँदै आएको छ । यसले भाषाविज्ञानका क्षेत्रमा सामाजिक भाषाविज्ञान र

मनोभाषाविज्ञानको अध्ययनले यसको सैद्धान्तिक आधार र अध्ययन पद्धतिको विकासलाई प्रभावित पारेको छ । त्यसैले सङ्कथन विश्लेषण भाषाविज्ञानको विकासशील विधा हो ।

सङ्कथन विश्लेषण भाषाको माथिल्लो एकाइ हो । यसले कुनै पनि घटनाको सम्पूर्ण पक्षको संरचनागत अध्ययन गर्दछ । त्यसैले सङ्कथनलाई पूर्ण एवम् सिङ्गो एकाइ मानिन्छ । सङ्कथन विश्लेषणमा गफ, कुराकानी, संवाद, विवाद, अन्तर्वार्ता आदि कथ्य रूप हुन् भने कथा, उपन्यास, नाटक, निबन्ध, महाकाव्य आदि लेख्य रूप हुन् । यी कथ्य र लेख्य रूपको विश्लेषण सङ्कथनमा गरिन्छ । सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धन दुईवटा युक्तिको प्रयोग गरेर कुनै पनि भनाइ वा घटनाको विश्लेषण गरिन्छ । यसरी विश्लेषण गर्ने क्रममा पहिले संवाद विश्लेषणको रूपमा सङ्कथनलाई चिनिन्थ्यो भने अहिले पाठ विश्लेषण र आख्यान विश्लेषणको रूपमा सङ्कथन विश्लेषणलाई चिनिन्छ । यसरी अध्ययन गर्ने क्रममा नेपाली साहित्यमा उदाएको उपन्यासहरूमध्ये 'भ्रमर' उपन्यासमा पनि एउटा वास्तविक रूप देख्न सकिन्छ । त्यसैले उक्त उपन्यासमा प्रयोग भएका युक्तिहरू सम्बद्धक र सम्बद्धनको अध्ययन सङ्कथन विश्लेषणमा गरिएको छ ।

नेपाली साहित्यमा रहेका विभिन्न विधाहरूमध्ये आख्यान विधाका रूपमा रहेको उपन्यास पनि महत्त्वपूर्ण विधा हो । अहिलेको समयमा नेपाली साहित्य जगत्मा उपन्यासको बिगबिगी हुन थालेको अवस्थामा पहिले नै एउटा प्रवासमा बसेर नेपाली साहित्यमा 'भ्रमर' जस्तो उपन्यास रचना गरेर उपन्यासको क्षेत्रमा स्वच्छन्दतावादी धाराको जग बसाल्ने उपन्यासकार रूपनारायण सिंहको 'भ्रमर' उपन्यास एउटा उत्कृष्ट उपन्यास मानिन्छ । उक्त उपन्यासमा सङ्कथनका युक्तिहरू व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक, कालिक सम्बद्धक, स्थानिक सम्बद्धक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक र निपात सम्बद्धकको प्रयोग भएको छ भने शाब्दिक तथा कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धक, पर्यायवाची सम्बद्धक र विपरीतार्थी सम्बद्धकको प्रयोग भएको छ । यसैगरी सम्बद्धनअन्तर्गत कार्य कारण सम्बन्ध, परिणामबोधक सम्बन्ध, सामान्य र विशिष्ट सम्बन्ध, परिवेश र घटना सम्बन्ध, व्यतिरेकी सम्बन्ध, आर्थी पर्याय सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध, स्मरणको सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, अनुमान सम्बन्ध, परिचयात्मक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, पुनरूक्ति सम्बन्ध, युगपदबोधक सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध र आज्ञार्थक सम्बन्धको प्रयोग भएको छ ।

प्रस्तुत शोधकार्य उपन्यासकार रूपनाराण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरिएको छ । कुनै पनि साहित्यिक रचनाको सङ्कथन विश्लेषण सैद्धान्तिक आधारसँग सम्बन्धित हुनु आवश्यक छ । प्रस्तुत अध्ययनमा भ्रमर उपन्यासमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोग र सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्नुलाई प्रमुख समस्याको रूपमा उठाइएको छ । यस समस्याको समाधानका लागि सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार अवलम्बन गर्दै उक्त उपन्यासमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनीहरूको विश्लेषण गर्ने उद्देश्यहरू प्रस्तुत शोधले लिएको छ । यी उद्देश्य र समस्याको समाधानका लागि प्रस्तुत शोधमा पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । अध्याय चारमा व्याख्या तथा विश्लेषण गरिएको छ भने अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

उपन्यासको जगत्मा स्वच्छन्दतावादी धाराको सुरुवात गर्ने रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरी यो शोधपत्र तयार पारिएको छ । नेपाली भाषामा उपन्यासको सङ्कथन विश्लेषण कम मात्रामा भएको हुनाले सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा प्रस्तुत गरी सङ्कथन विश्लेषणको क्षेत्रलाई फराकिलो पार्नाको लागि यस शोध सामग्रीले केही मात्रामा भए पनि सहयोग प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत शोध 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा उक्त उपन्यासमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी गरिएको शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसारका बुँदामा प्रस्तुत गरिएको छ :

- प्रस्तुत शोधमा रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरिएको छ ।
- यस शोधमा सम्बद्धक र सम्बद्धनको पहिचान गरी विश्लेषण गरिएको छ ।
- प्रस्तुत शोधपत्रमा 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गर्ने क्रममा सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक, कालिक सम्बद्धक,

संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, पर्यायवाची सम्बद्धक र विपरीतार्थी सम्बद्धकको प्रयोग भएको पाइन्छ ।

- यस्तै 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गर्ने क्रममा सम्बद्धनअन्तर्गत कारण कार्य सम्बन्ध, कार्य कारण सम्बन्ध, परिणामबोधक सम्बन्ध, सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, परिवेश घटना सम्बन्ध, घटना परिवेशको सम्बन्ध, व्यतिरेकी सम्बन्ध, प्रयोजनको सम्बन्ध, स्मरणको सम्बन्ध, आर्थी पर्याय सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, अनुमान सम्बन्ध, परिचयात्मक सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, पुनरुक्ति सम्बन्ध, युगपदबोधक सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध र आज्ञार्थक सम्बन्ध गरी २५ वटा सम्बद्धनको प्रयोग भएको पाइन्छ ।

- प्रस्तुत शोधमा सम्बद्धकको विश्लेषण गर्दा जम्मा ३३८ सम्बद्धकको प्रयोग भएको पाइन्छ भने व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक २०९ पटक प्रयोग भएको पाइन्छ । जसमा पुरुषवाचक सार्वनामिक सम्बद्धक ४० पटक, आत्मवाचक सार्वनामिक सम्बद्धक २२ पटक, दर्शकवाचक सार्वनामिक सम्बद्धक २५ पटक, सम्बन्धवाचक सार्वनामिक सम्बद्धक ३ पटक र प्रश्नवाचक सार्वनामिक सम्बद्धक २४ पटक प्रयोग भएको पाइन्छ । त्यसैगरी सबैभन्दा कम प्रतिस्थापन सम्बद्धक १ पटक मात्र प्रयोग भएको पाइन्छ । यसैगरी अन्य सम्बद्धकमा क्रमशः स्थानिक तथा कालिक सम्बद्धक ९६ पटक, संयोजक र निपात सम्बद्धक ६२ पटक, लोप सम्बद्धक ३ पटक प्रयोग भएको पाइन्छ । यसैगरी शाब्दिक वा कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धक २५ पटक, विपरीतर्थी सम्बद्धक ८ पटक र पर्यायवाची सम्बद्धक १० पटक प्रयोग भएको पाइन्छ ।

- प्रस्तुत शोधमा सम्बद्धनको विश्लेषण गर्दा जम्मा १९३ सम्बद्धनको प्रयोग भएको पाइन्छ । यसमा सबैभन्दा बढी अनुक्रबोधक सम्बन्धको ३२ पटक प्रयोग भएको पाइन्छ भने सबैभन्दा कम परिणामबोधक सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, घटना परिवेश सम्बन्ध, अनुमानको सम्बन्ध र शीघ्रताबोधक सम्बन्ध १ पटक मात्र प्रयोग भएको पाइन्छ । यसैगरी अन्य सम्बद्धनहरूमा प्रश्नार्थगत सम्बन्ध २७ पटक, व्यतिरेकी सम्बन्ध २१ पटक, प्रश्नोत्तर सम्बन्ध १७ पटक, कारण कार्य सम्बन्ध १७ पटक, रीतिबोधक सम्बन्ध १४ पटक, कार्य कारण सम्बन्ध ११ पटक, परिचयात्मक

सम्बन्ध ६ पटक, सामान्य विशिष्ट सम्बन्ध ७ पटक, समुच्चयबोधक सम्बन्ध ५ पटक, स्पष्टोक्ति सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, स्मरण सम्बन्ध र युगपदबोधक सम्बन्ध ४ पटक, परिवेश घटना सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध र आज्ञार्थक सम्बन्ध ३ पटक प्रयोग भएको पाइन्छ भने आर्थी पर्याय सम्बन्ध र पुनरुक्ति सम्बन्ध २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

- प्रस्तुत शोधलाई पाँच अध्यायमा विभाजन गरिएको छ ।
- प्रस्तुत शोधको पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया, चौथो अध्यायमा व्याख्या तथा विश्लेषण र पाँचौं अध्यायमा सारांश, निष्कर्ष र उपयोगिताको अध्ययन गरिएको छ ।
- कतिपय अवस्थामा दुई वाक्यका बिचमा एकभन्दा बढी सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ ।
- 'भ्रमर' उपन्यास सङ्कथनका दृष्टिले उपयुक्त देखिएको छ ।
- यस अध्ययनको प्रस्तुत उपन्यासमा ९३ पृष्ठ रहेको छ । यसमा सम्बद्धक र सम्बद्धनको प्रयोगको स्थिति पहिचान गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ५.३ उपयोगिता

प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखाको रूपमा परिचित सङ्कथन विश्लेषणले भाषिक संरचना र अर्थ दुबैको विश्लेषण गर्ने भएकाले यसलाई पूर्ण एवम् सिङ्गो भाषिक विश्लेषणमा आधारित भएको मानिन्छ । प्रस्तुत शोधले सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन गर्न चाहने सबैलाई मार्गनिर्देशन प्रदान गर्दछ । यस शोधबाट भाषाशिक्षण, पाठ्यक्रम निर्माता, शिक्षण विधि निर्माण लगायतका भाषिक योजनामा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । प्रस्तुत शोधपत्रका उपयोगितालाई नीतिगत र प्रयोगगत दुई भागमा विभाजन गरी प्रस्तुत गर्न सकिन्छ :

### ५.३.१ नीतिगत उपयोगिता

- उपन्यास विधामा एकदुई वटा मात्रै सङ्कथन विश्लेषण गरिएको हुनाले अबका दिनमा यस विधामा सङ्कथन विश्लेषण गर्न चाहने जो कोहीलाई पनि 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषणले सहयोग पुऱ्याउने छ ।

- सङ्कथन विश्लेषण तल्ला भाषिक एकाइबाट माथिल्ला भाषिक एकाइतर्फ पूर्ण पाठको विश्लेषण गरिने हुँदा संरचनागत र अर्थगत पूर्णता प्राप्त गर्न यसले सहयोग प्रदान गर्नेछ ।
- सङ्कथन विश्लेषणका क्रममा कथ्य र लेख्य सङ्कथनको अभिव्यक्तिगत समग्रता पहिचान गर्न यसले सहयोग गर्नेछ ।
- सङ्कथन विश्लेषणले विषयको वैयक्तिक र वैचारिक भावको मिश्रणलाई विश्लेषण गर्ने आधार प्रदान गर्ने हुँदा त्यस्ता कार्यमा यो शोध उपयोगी हुनेछ ।
- सङ्कथन विश्लेषणसँग रुचि राख्ने तथा यस क्षेत्रमा अध्ययन गर्न चाहने जो कसैलाई पनि प्रस्तुत अध्ययन सहयोगी हुनेछ ।
- यसले लेखकहरूलाई सरल र सम्प्रेष्य पाठको रचना गर्न सहयोग गर्नेछ ।

### ५.३.२ प्रयोगगत तह

- सङ्कथन विश्लेषणले विषयवस्तुको बोध र अभिव्यक्ति क्षमताको उजागर गराउन ध्यान राख्ने भएकाले महत्त्वपूर्ण मानिन्छ ।
- भाषाका वाक्यभन्दा ठुला एकाइहरूको विश्लेषण गर्ने कार्यमा यस शोधपत्रले सहयोग पुऱ्याउने देखिन्छ ।
- सङ्कथन विश्लेषणले वक्ता, श्रोता र विषयका वैयक्तिक र वैचारिक मिश्रणलाई नियाल्ने आधार प्रदान गर्ने भएकाले प्रस्तुत शोध महत्त्वपूर्ण मानिन्छ ।
- भाषा सम्प्रेषणमा आवश्यक सम्बद्धक र सम्बद्धनको चर्चा यस शोधमा गरिएकाले भाषाशिक्षणका लागि यसले निकै सहयोग पुऱ्याउने देखिन्छ ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको निर्माणमा यसलाई उपयोग गर्न सकिन्छ ।
- समालोचकहरूलाई पाठ तथा कृत्रिम प्रयुक्त सङ्कथनगत युक्ति ठम्याई समालोचना गर्ने कार्यमा यसले सहयोग गर्दछ ।
- नेपाली विषयका अनुसन्धानकर्तालाई यस अध्ययनले थप सहयोग गर्नेछ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६५), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

केसी, मनिषा (२०७२), **दोषी चस्मा कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०६८), **सङ्कथन विश्लेषण**, रत्न बृहत् समालोचना (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम) काठमाडौं : रत्न पुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०६९), **सङ्कथन विश्लेषण परिचय र पद्धति**, काठमाडौं : इन्टेलेक्चुअल बुक प्यालेस ।

चालिसे, मेघराज (२०७१), **सडकमा गान्धीहरु कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जोशी, ईश्वरी कुमारी (२०७२), **दाडिमको रुखनेर निबन्धको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : शुभकामना बुक एण्ड स्टेस्नरी ।

ढाँट, चक्रबहादुर (२०७२), **भोको घर एकाङ्कीको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढुङ्गेल, मायादेवी (२०७२), **थैले खत्रीको इतिहास कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पण्डित, किरण हरि (२०७१), **मैयाँ साहेब कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, नमराज (२०७२), **थ्रीपिस सुट कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौं :

विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद र गोकुल पोखरेल (२०७१), **सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०७०), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, कमला (२०७१), **लाहुरी भैँसी कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्ट, दीपकराज (२०७२), **कुकर्मले सीमा नाघेपछि कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, निरोज (२०७२), **मैले नजनमाएको छोरो कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग**, काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७१), **भाषिक अनुसन्धान विधि** (चौथो संस्क.) काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भुसाल, केशव (२०६९), **सङ्कथन विश्लेषणको परिचय**, सम्प्रेषण, अङ्क ७, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

रेग्मी, गीता (२०७२), **श्वेतभैरवी कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

वि.क, देवी (२०७१), **सिंगारी बाखी कथाको सङ्कथन विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

# व्यक्तिवृत्त

**नाम** : टेकबहादुर चन्द

**जन्म मिति** : २०४७/११/२९

**स्थायी ठेगाना** : कालागाउँ २, वाल्ले, सल्यान

**पिता** : दुर्गा चन्द

**माता** : प्रेमकुमारी चन्द

**लिङ्ग** : पुरुष

**धर्म** : हिन्दु

**भाषा** : नेपाली, हिन्दी र अङ्ग्रेजी

**सम्पर्क नम्बर** : ९८६०२०५८२०

## शैक्षिक विवरण

| क्र.सं. | तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | प्रवेशिका | श्री शीतल उ.मा.वि. चौरजहारी, रुकुम | २०६४ |
| २ | प्रविणता प्रमाणपत्र | श्री शीतल उ.मा.वि. चौरजहारी, रुकुम | २०६६ |
| ३ | स्नातक | शीतल क्याम्पस चौरजहारी, रुकुम | २०७० |
| ४ | स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं | २०७३ |